काठमाडौं, नेपालगञ्ज, विराटनगर, पोखरा र बुटवलबाट एकसाथ प्रकाशित

# नागरिक

दैनिक

**आर्थिक**

महिना दिनमा बिक्री हुने ग्यास तीन सातामा वितरण भइसक्यो तर अभाव घटेन ।

**समाचार**

नेपाली संसद्का प्रवृत्ति अन्तर्राष्ट्रिय मापदण्डभन्दा बाहिर गएको हो ?



**विश्वकपले बदलेको भविष्य**

हालै केप भर्डेका अनुभवी गोलरक्षक भोजिन्हाले विश्वकपमा उत्कृष्ट प्रदर्शन गरेपछि चिलीको प्रतिष्ठित क्लब कोलो-कोलोमा स्थान बनाए ।

वर्ष १८, अंक ९१, पृष्ठ ८, शुक्रबार, २२ साउन २०८३, श्रावण कृष्णपक्ष नवमी, Friday, 7 August 2026, नेपाल संवत् ११४६, मूल्य- १०/- nagariknews.com

### कोसी बाढीपीडित

## १८ वर्ष बित्दा पनि मिलेन क्षतिपूर्ति

**अमर खड्का**

*इटहरी, साउन २१*



१८ वर्षअघि सप्तकोसी नदीको बाढी पसेर तहसनहस बनाएको क्षेत्रमा बनाइएका घरटहरा । *तस्बिर : अमर/नागरिक*

सप्तकोसी नदीको कटान र बाढीबाट पीडित धर्मेन्द्रकुमार कर्णले १८ वर्ष बित्दा पनि क्षतिपूर्ति पाएका छैनन् । सुनसरीको कोसी गाउँपालिकाको बस्तीमा १८ वर्षअघि सप्तकोसीको बाढी पसेर क्षति पुर्‍याएको थियो । 'नदीले जग्गामा पुर्‍याएको क्षतिको शोधभर्ना अहिलेसम्म पाएको छैन । क्षतिपूर्ति पाइन्छ भन्ने आशामा बसेको छु', कर्णले भने ।

बढीले क्षति पुर्‍याएको जग्गा उनकी आमा चन्द्रकलादेवी कायस्थको नाममा छ । बेलाबखत प्रशासन कार्यालयमा क्षतिपूर्तिका लागि सम्पर्क गरे पनि विश्वासिलो जवाफ नपाएको उनको गुनासो छ । बाढीले उनको खेतीयोग्य जग्गामा गेगर थुपारेर क्षति पुर्‍याएको थियो । उनले अरू जग्गाको क्षतिपूर्ति पाए पनि आमाका नाममा रहेको उक्त जग्गाको क्षतिपूर्ति पाउन नसकेको बताए । त्यतिबेला जग्गाको क्षतिपूर्ति सीमा विवादका कारण रोकिएको थियो । विवाद टुंगिएको निकै भइसक्यो तर क्षतिपूर्ति पाउन नसकेको कर्णले बताए ।

बाढीपीडित कोसी गाउँपालिका-६ का ६० वर्षीय सुकदेव यादवले भने दुई बिघा जग्गाको क्षतिपूर्ति पाएका छन् । उनले प्रतिबिघा दुई लाखका दरले क्षतिपूर्ति पाएका हुन् । उनको दुई बिघामा अहिले दस कट्ठा मात्र खेतीयोग्य बनेको छ, बाँकी ३० कट्ठामा गेगर र बालुवा थुप्रिएकाले खेती हुँदैन । उनले पाउनुपर्ने काठ भने अहिलेसम्म पाएका छैनन् । बाढीपीडितलाई ३० क्युबिक फिट काठ दिने निर्णय भएको थियो । उनी थुप्रै पटक काठ पाउने आशामा जिल्ला प्रशासन कार्यालय धाए तर नपाएपछि अहिले जानै छोडेका बताउँछन् । 'काठ पाइन्छ भनेर धेरै पर्खिएँ, नपाएपछि सानोतिनो फुसको घर बनाएको छु', उनले भने, 'काठ पाए राम्रो घर बनाउने सोच छ ।'

कोसी-६ कै अमोदकुमार यादवले पनि जग्गा क्षतिपूर्ति पाए तर काठ पाएनन् । 'धेरैले त काठ पाए, हामीले त पछि पाँचपाँच हजार रुपैयाँ पैसा उठाएर पनि दियौं तर पनि पाएनौं । त्यतिबेला त्यो पैसा तत्कालीन श्रीपुर गाउँ विकास समितिले लिएको थियो । १५ जनाको एउटा समूह बनाएर घरपिच्छेबाट उठाएर पैसा दिए पनि काठ पाएनौं,' उनले भने । सोही ठाउँकी ७० वर्षीया तिलेश्वरीदेवी साहले पनि काठ पाउन नसकेको बताइन् । 'खै अब त दिन्छ कि दिँदैन,' उनले भनिन्, 'पाए त राम्रै हुन्थ्यो, एउटा राम्रो घर बनाउथें ।'

कोसीपीडितमध्ये क्षतिपूर्ति नपाउनेहरू अझै पनि पाइन्छ भन्ने आशामा छन् । २०६५ भदौ २ गते सप्तकोसी नदीको बाढी पूर्वी तटबन्ध भत्काएर बस्तीमा पसेको थियो । त्यतिबेला बाढीपीडितलाई 'प्याकेजमा' १ अर्ब ६० करोड रुपैयाँ क्षतिपूर्ति दिने निर्णय सरकारले गरेको थियो । त्यतिबेला सप्तकोसीको बाढी पस्दा हरिपुर, श्रीपुर, पश्चिम कुशाहा र लौकही गाउँ विकास समिति डुबानमा परेपछि सात हजार ५६३ परिवार विस्थापित भएका थिए । साबिकका यी गाविस अहिले कोसी गाउँपालिकामा समेटिएका छन् ।

> २०६५ सालमा सप्तकोसी बाढीपीडित संघर्ष समितिको नेतृत्व गरेका पञ्चनारायण मण्डलले पीडितका लागि माथिबाट आएको थुप्रै पैसा प्रशासन कार्यालयमा थन्किएको दाबी गरे । उनले धेरै परिवारले जग्गाको क्षतिपूर्ति र घर बनाउन काठ पनि पाउन नसकेको बताए ।

सप्तकोसी बाढीपीडित सुकुम्बासीका लागि पनि हरिपुरमा २९ बिघा जग्गा किनेर नौ सय हाराहारी परिवारका लागि बस्ने व्यवस्था मिलाइएको थियो । अझै ५२२ सुकुम्बासी परिवारका लागि घरटहरा निर्माण गर्न बाँकी छ । सरकारले एक हजार ४२२ परिवार सुकुम्बासीका लागि प्रतिपरिवार २५ हजार रुपैयाँसम्ममा दुई कट्ठा जग्गा किनेर राख्ने निर्णय गरे पनि अहिलेसम्म सबैले त्यो सुविधा पाउन सकेका छैनन् । कुल सुकुम्बासीमध्ये नौं सय हाराहारी परिवारले मात्र घरजग्गा पाएको कोसी गाउँपालिकको रेकर्डमा छ । कोसी गाउँपालिका अध्यक्ष ऐयुब अन्सारीका अनुसार पीडित आधाजसोले काठ पाएनन्, सबै सुकुम्बासीले जग्गा र घर पनि पाएनन् ।

२०६५ सालमा सप्तकोसीले तटबन्ध भत्काएर बदलेको धारलाई तीन महिनाको निरन्तर प्रयासपछि पुरानै स्थानमा फर्काइएको थियो । बाढीले लौकही भान्टाबारी क्षेत्रको झन्डै १४ किलोमिटर सडकखण्ड पनि ठाउँठाउँमा भत्काएको थियो । बाढीका कारण पूर्वपश्चिम राजमार्ग अवरुद्ध बनेपछि यात्रुले डुंगामा जोखिमपूर्ण यात्रा गर्नुपरेको थियो । सप्तकोसीको कटान र बाढीबाट २०२२ देखि २०४५ सालसम्म विस्थापित भएका तत्कालीन तीन गाविस प्रकाशपुर, बक्लौरी र महेन्द्रनगरका बासिन्दालाई अस्थायी रूपमा सरकारले वन क्षेत्रको जग्गामा राखेको थियो ।

बाँकी पृष्ठ २

## निगमसँग ग्यास भण्डारण नहुँदा सधैं अभाव



एलपिजीको दीर्घकालीन आपूर्ति व्यवस्थापन गर्न आफ्नै भण्डारणस्थल आवश्यक छ । पर्याप्त मौज्दात भए अतिरिक्त आपूर्ति गरेर अभाव हटाउन सकिन्छ ।
**– उमेशप्रसाद थानी**
पूर्वकार्यकारी निर्देशक, एनओसी



ग्यास भण्डारणस्थल निर्माण गर्न नेपाल आयल निगमलाई पटकपटक आग्रह गरेका छौं । निगमसँग सहकार्य गरेर निजी क्षेत्र लगानी गर्न पनि तत्पर छ ।
**–दिवान चन्द**
अध्यक्ष, नेपाल एलपिजी ग्यास उद्योग संघ



ग्यास भण्डारण स्थलको अभाव महसुस गरेका छौं । ग्यास भण्डारणस्थल निर्माण र पाइपलाइनको विषयमा आइओसीसँग छलफल अघि बढेको छ ।
**–विनीतमणि उपाध्याय**
विभागीय प्रमुख, एनओसी

**दिलीप पौडेल**

*काठमाडौं, साउन २१*

भारतको नाकाबन्दी होस् या पश्चिम एसियाको द्वन्द्व । भारतबाट एलपिजी ग्यास बोकेर आउने ट्यांकरमा अवरोध हुनासाथ नेपालमा ग्यासको अभाव हुने गरेको छ । नेपालमा आयल निगम (एनओसी) सँग भण्डारणस्थल नहुँदा सामान्य अवरोध हुनासाथ बजारमा उपभोक्ताले ग्यासमा सास्ती भोग्दै आएका छन् ।

आयल निगमसँग हवाई इन्धन, पेट्रोल, डिजेल, मट्टीतेलको भण्डारण भए पनि खाना पकाउने ग्यास (एलपिजी) को भण्डारण छैन । निगमले पिडिओ (प्रोडक्ट डेलिभरी अर्डर) जारी गरेपछि ग्यास उद्योगीले इन्डियन आयल कर्पोरेसन (आइओसी) बाट एलपिजीको लिक्विड ल्याएर सिलिन्डरमा रिफिलिङ गरेर बिक्री गर्दै आएका छन् ।

निगमसँग एलपिजीको भण्डारण नहुँदा बजारमा माग बढेका बेला आवश्यकताअनुसार आपूर्ति गर्न नसकिएको सम्बन्धित अधिकारीहरू स्वीकार गर्छन् । अहिले उद्योगीले आइओसीबाट ल्याएको ग्यास आफ्नै उद्योगमा सीमित परिमाणमा भण्डारण गरी बजारमा पठाउने व्यवस्था रहेकाले आपूर्तिमा सामान्य अवरोध आउँदा पनि उपभोक्ताले अभावको सामना गर्नुपरेको छ । निगमसँग पर्याप्त भण्डारण क्षमता भएको भए मागअनुसार ग्यास उपलब्ध गराएर बजारलाई सहज बनाउन सकिन्थ्यो ।

एलपिजीको दीर्घकालीन आपूर्ति व्यवस्थापनका लागि निगमसँग आफ्नै भण्डारणस्थल आवश्यक रहेको नेपाल आयल निगमका पूर्वकार्यकारी निर्देशक ई. उमेशप्रसाद थानी बताउँछन् । 'निगमसँग पर्याप्त मौज्दात ग्यास हुने हो भने बजारमा माग बढेका बेला अतिरिक्त आपूर्ति गरेर अभाव हटाउन सकिन्छ,' थानीले भने, 'त्यसका लागि निगमले आधुनिक भण्डारणस्थल निर्माण गर्नुपर्छ ।'

अहिले मुलुकमा ५९ ग्यास उद्योग छन् । नेपाल एलपिजी ग्यास उद्योग संघका अनुसार ती उद्योगसँग ११ हजार मेट्रिन टन भण्डारण क्षमता छ तर उद्योगीहरूले लगानी गरेर ग्यास भण्डारण गरेर राख्दैनन् । ग्यास भण्डारणस्थल निर्माण गर्न निगमलाई पटकपटक आग्रह गरेको नेपाल एलपिजी ग्यास उद्योग संघका अध्यक्ष दिवान चन्दले बताए । 'निगमसँग सहकार्य गरेर निजी क्षेत्र लगानी गर्न पनि तयार छ,' चन्दले भने, 'भण्डारण स्थल नहुँदा आपूर्तिमा कठिनाइ भएको छ ।' संघका अनुसार बजारमा करिब एक करोड ५५ लाख एलपिजी सिलिन्डर दर्ता भएका छन् ।

बाँकी पृष्ठ २

## 'उद्यमबाटै समृद्धि र रूपान्तरण सम्भव'



'राष्ट्रनिर्माणमा स्टार्टअपहरूको भूमिका' कार्यक्रममा त्रिवि उपकुलपति भोला थापालाई पुष्पगुच्छासहित स्वागत गर्दै स्टार्टअप समिट नेपालकी अध्यक्ष शोभा ज्ञवाली । *तस्बिर : नागरिक*

**रूबी रौनियार**

*काठमाडौं, साउन २१*

मुलुकको आर्थिक विकास र समृद्धिका लागि दक्ष युवा जनशक्तिलाई स्वदेशमै टिकाइराख्न साना लगानीमा आधारित स्टार्टअप व्यवसायको प्रवर्द्धन गर्नुपर्नेमा सरोकारवालाले जोड दिएका छन् । त्रिभुवन विश्वविद्यालय (त्रिवि) व्यवस्थापन संकायको सहकार्यमा स्टार्टअप समिट नेपालले बिहीबार काठमाडौंमा आयोजना गरेको 'राष्ट्र निर्माणमा स्टार्टअपसहरूको भूमिका' विषयक कार्यक्रमका वक्ताले दक्ष युवा जनशक्तिका लागि स्वदेशमै उद्यमशीलताको वातावरण निर्माण गर्नु आजको आवश्यकता भएको बताए ।

त्रिवि केन्द्रीय पुस्तकालय सभाहलमा आयोजित कार्यक्रममा स्टार्टअप (नवउद्यम) को सम्भावना, नवप्रवर्तन (इनोभेसन), लगानी नीति र युवा उद्यमशीलता प्रवर्द्धनमा बृहत् छलफल गरियो । सहभागीले युवालाई नवीन सोचसहित आवश्यक नीति, वित्तीय पहुँच, प्राविधिक सहयोग र परामर्श उपलब्ध गराउन सके स्वदेशमै रोजगारी र उद्यमका नयाँ अवसर सिर्जना हुने धारणा व्यक्त गरे ।

कार्यक्रममा त्रिविका उपकुलपति प्राध्यापक डा. भोला थापाले उच्च शिक्षा केवल कक्षाकोठामा किताबको ज्ञान हस्तान्तरण गर्ने माध्यममा सीमित हुन नहुनेमा जोड दिए । उनले नवीन सोच, अनुसन्धान र उद्यमशीलतालाई विश्वविद्यालय तथा राज्यले प्राथमिकताका साथ प्रवर्द्धन गर्नुपर्ने बताए । थापाले काठमाडौं विश्वविद्यालय (केयु) लाई नेपालको सफल स्टार्टअप सोच र नवप्रवर्तनको उत्कृष्ट उदाहरणका रूपमा प्रस्तुत गरे । उनले केयु त्रिविका प्राध्यापकहरूको नयाँ सोच र नवप्रवर्तनको परिणामस्वरूप स्थापना भएको बताउँदै आफू पनि त्यही विश्वविद्यालयको उत्पादन भएको स्मरण गरे ।

> स्टार्टअपमा ठुलो लगानी चाहिँदैन । राम्रो आइडिया भए स्वदेशमै उद्यम र रोजगारी अवसर सिर्जना गर्न सकिन्छ । युवा सिर्जनशील सोचबाटै रुपान्तरण र समृद्धि सम्भव छ ।
> **–भोला थापा**
> उपकुलपति त्रिवि

बाँकी पृष्ठ २

## कांग्रेस विवाद अब पूर्ण इजलासमा

### २६ गते आउँदै देउवा



काठमाडौं, साउन २१ (नागरिक)- नेपाली कांग्रेसको आधिकारिकता विवाद फेरि सर्वोच्च अदालतमा बल्झेको छ । गत पुसमा भएको पार्टी विशेष महाधिवेशनबाट निर्वाचित नेतृत्वलाई मान्यता दिने सर्वोच्च अदालतको वैशाख ४ गतेको निर्णयमाथि पुनरवलोकन माग गर्दै तत्कालीन संस्थापन (शेरबहादुर देउवा र पूर्णबहादुर खड्का) पक्षले दिएको निवेदन सुनुवाइका लागि बिहीबार प्रधानन्यायाधीश मनोजकुमार शर्मा, न्यायाधीश नित्यानन्द पाण्डेय र श्रीकान्त पौडेलको इजलासले अनुमति दिएपछि कांग्रेस आधिकारिकता विवाद फेरि बल्झेको हो ।

न्यायाधीशद्वय शारंगा सुवेदी र नृपध्वज निरौलाको इजलासले वैशाखमा विशेष महाधिवेशनबाट चुनिएको गगनकुमार थापा नेतृत्वको कार्यसमिति नै आधिकारिक कांग्रेस भएको निर्वाचन अयोगको निर्णयलाई सदर गरेको थियो । सोही निर्णयमाथि पुनरवलोकन मागसहित निवेदन परेको हो । विशेष महाधिवेशनलाई लिएर औपचारिक विभाजनको संघारमा कांग्रेस पुगेका बेला सर्वोच्चले आधिकारिकता विवादसम्बन्धी निर्णयमा पुनरवलोकन गर्न अनुमति (निस्सा) दिएको हो ।

सर्वोच्च अदालतको वैशाखको निर्णयपछि देउवा पक्षका नेताहरूले पार्टीको विधान, विशेष महाधिवेशनको तथ्य र आधारलाई निर्वाचन आयोगले मात्र होइन, अदालतले पनि नजाँचेको प्रतिक्रियमा दिएका थिए । सोहीअनुसार विशेष महाधिवेशनमा सहभागी नभएका तत्कालीन सभापति देउवा, कार्यवाहक सभापति खड्कासहितका नेताले निर्णय पुनरवलोकन मागसहित निवेदन दिएका थिए । निवेदनमा यसअघिको फैसलामा प्रमाणको वस्तुनिष्ठ मूल्यांकन नभएको, केन्द्रीय कार्यसमितिबाहेक अन्य तवरबाट महाधिवेशन डाक्ने गरी भएको निर्णय कानुनी रूपमा शून्य हुने जिकिर गर्दै २०५९ मा कांग्रेस विभाजन हुँदा निर्वाचन आयोगले लिएको निर्णयको दृष्टान्तसमेत पेस गरिएको छ ।

पार्टीविहीन अवस्थामा पुगेका तत्कालीन संस्थापन पक्षको पुनरवलोकन निवेदनलाई सुनुवाइका लागि निस्सा प्रदान गर्ने बिहीबारको आदेशले केही राहत प्रदान गरेको छ । कांग्रेस विवादको यो नै अन्तिम कानुनी लडाइँ हुने छ । पुनरवलोकनका लागि निस्सा प्रदान गर्ने निर्णयमा संलग्न तीन र यसअघिको निर्णय सुनाउन इजलासमा संलग्न दुई न्यायाधीश आगामी इजलासमा बस्न पाउने छैनन् । अब तीनजना न्यायाधीशको पूर्ण इजलासमा पुनरवलोकन निवेदनमा सुनुवाइ हुने छ ।

> प्रधानन्यायाधीश मनोजकुमार शर्मा, न्यायाधीश नित्यानन्द पाण्डेय र श्रीकान्त पौडेलको इजलासले विशेष महाधिवेशनबाट निर्वाचित नेतृत्व आधिकारिक कांग्रेस भएको सर्वोच्च अदालतको यसअघिको फैसलामाथि पुनरवलोकन मागसहित परेको निवेदन सुनुवाइका लागि अनुमति दिएको छ ।

बाँकी पृष्ठ २

## मृत्युदण्ड सुनाइएकी हसिना स्वदेश फर्किने



काठमाडौं, साउन २१ (नागरिक)- बंगलादेशकी पूर्वप्रधानमन्त्री सेख हसिनाले आफूविरुद्ध मानवताविरुद्धको अपराधमा मृत्युदण्डको फैसला भए पनि आगामी डिसेम्बरमा स्वदेश फर्किने प्रतिबद्धता जनाएकी छन् । हसिनाले आफूमाथि लगाइएका आरोप अस्वीकार गर्दै आएकी छन् । सन् २०२४ मा सरकारविरोधी जनआन्दोलनपछि भारत पलायन भएकी हसिनाको अनुपस्थितिमै उनीविरुद्ध मुद्दा चलाइएको थियो ।

सत्ताबाट हटाइएको दुई वर्षको अन्तरालपछि दिल्लीस्थित एक प्रेस क्लबमा आयोजित कार्यक्रममा अडियोमार्फत सम्बोधन गर्दै हसिनाले आफू 'फर्किनैपर्ने' बताइन् तर उनले फर्किने निश्चित मिति वा योजना भने सार्वजनिक गरिनन् । उनको पार्टी अवामी लिग कमजोर बन्दै गएको छ भने बंगलादेशको विशेष अदालतले गत वर्ष प्रदर्शनकारीमाथि घातक बल प्रयोग गर्न आदेश दिएको आरोपमा उनलाई मृत्युदण्डको सजाय सुनाएपछि भारतमाथि उनलाई सुपुर्दगी गर्न दबाब बढिरहेको छ । दिल्लीस्थित फरेन करेस्पोन्डेन्ट्स क्लबमा पत्रकारहरूसँग हसिनाको भर्चुअल भेट सत्ताबाट हटाइएपछि सञ्चारमाध्यमसँगको उनको पहिलो प्रत्यक्ष संवाद थियो । उनले अडियो लिंकमार्फत भाषण गरिन् र त्यसपछि केही प्रश्नको जवाफ दिइन् ।

बाँकी पृष्ठ ५

## आफन्त नजिक नहुँदा 'कुरुवा संकट'

**पवित्रा सुनार**

*काठमाडौं, साउन २१*

वीर अस्पतालको न्युरो वार्डमा भर्ना भई उपचाररत छन् रोल्पाका बुद्धिराम परियार । बाटोमै बेहोस भएपछि उनलाई वीर अस्पताल पुर्‍याइएको हो । उपचारमा संलग्न चिकित्सक डा. सुनिल कोइरालाका अनुसार उनमा मस्तिष्क ज्वरो (मेनेन्जाइटिस) को संक्रमण छ । भक्तपुरमा अस्थायी बसोबास गरी मजदुरी गर्दै आएका उनलाई साथीभाइले अस्पताल पुर्‍याएका हुन् ।

सानैमा पिताको मृत्यु भएको र आमा पनि वृद्धा भइसकेको हुँदा परियारको हेरचाहमा खटिने कोही छैनन् । भारतमा रोजगारीका क्रममा दाजुको मृत्यु भइसकेको छ भने पत्नीले पनि छाडेर विदेश गएपछि उनी एक्ला भएका हुन् । सुरुमा साथीभाइ बसे पनि अहिले बहिनीज्वाइँ कुरुवा बसेका छन् । ज्वाइँ गनबहादुर परियार पनि धेरै दिन बस्न सक्ने अवस्थामा छैनन् । ज्यामी काम गर्दै आएका परियारको आर्थिक अवस्था कमजोर छ । त्यसैले उपचारका लागि आवश्यक औषधि किन्न र परीक्षण गर्न उनले नसकेको वार्डका नर्सहरूले बताए । 'अस्पतालको क्रिस्टिना (विपन्नलाई औषधि वितरण गर्ने संस्था) बाट औषधि दियौं, अरू किन्नलाई पैसा छैन । पूरा डोज औषधि नभए मेनेन्जाइटिस निको हुन्न,' वार्डकी नर्स सम्झना श्रेष्ठले भनिन् ।

पैसाको अभाव र कुरुवाको कमीको पीडा परियारका लागि थप समस्या बनेको छ । 'यहाँ हेरचाह गर्ने कोही छैन, अब घरमै लगेर राख्नुपर्छ,' ज्वाइँ गनबहादुरले भने । आर्थिक संकटपछि गनबहादुर अपुरो उपचारमै उनलाई घर लैजाने तयारीमा छन् । 'पैसा नभएपछि के गर्नु ?' उनले भने, 'अब घरमै लगेर राख्नुबाहेक उपाय छैन ।'

सोही वार्डको अर्को शय्यामा उपचाररत सिरहाका ९० वर्षीय रामसेवक यादवकी कुरुवा उनकै जेठी बुहारी रिंकु यादव छिन् । रामसेवकलाई मस्तिष्कघात भएपछि १२ दिनअघि रामसेवकलाई उपचारका लागि वीर अस्पताल लगिएको हो । मस्तिष्कघातपछि रामसेवक हिँडडुल गर्न सक्दैनन् । उनका दुवै छोरा विदेशमा भएकाले घरमा रहेका दुई बुहारी पालैपालो कुरुवा बस्दै आएका छन् । सुरुमा कान्छी बुहारी हिरादेवी यादव र त्यसपछि जेठी बुहारी रिंकु कुरुवा बनेका हुन् । उठबस गर्न नसक्ने यादव ओछ्यानमै दिसापिसाब गर्छन् । ससुराको 'डाइपर' फेर्नेदेखि शौच सफा गर्नेसम्म र राति कुर्नेसम्मको काम रिंकुले नै गर्दै आएकी छन् । 'छोराहरू विदेशमा भएकाले यो सबै काम मैले नै गरें,' उनले भनिन् ।

रामसेवक बिरामी भएर तीन पटक अस्पताल भर्ना भइसकेका छन् । डेंगी लाग्दा र अघिल्लो पटक मस्तिष्कघात हुँदा पनि हेरचाहको जिम्मेवारी बुहारीकै भागमा परेको थियो । डेंगी लाग्दा आफ्नो रगत दिएर ससुरालाई बचाएको रिंकु सुनाउँछिन् । बिरामी पुरुष मान्छे मात्र नभएर नाताले ससुरासमेत भएकाले रिंकुका लागि कुरुवा बस्नु सजिलो काम भने छैन । परिवारमा सासूससुराको हेरचाह गर्दा त्यही संस्कार अर्को पुस्ताले सिक्ने भएकाले आफूले खुसीपूर्वक यी सबै काम गरेको रिंकु बताउँछिन् । 'ससुराले हामीलाई भएको धनसम्पत्ति जोडिदिनुभएको यही बुढेसकालका लागि त हो,' उनले भनिन् ।

सोही वार्डमा भर्ना भई एक महिनाअघि डिस्चार्ज भएका कीर्तिपुरका ८० वर्षीय एक बिरामीका लागि उनकी वृद्धा पत्नी लामो समय कुरुवा बनेकी थिइन् । घरका दुवै छोराछोरी विदेशमा भएपछि वृद्धा पत्नी आफैं कुरुवा बनेको वार्डका नर्सहरूले सुनाए ।

> एकल परिवार र वैदेशिक रोजगारीले अस्पतालमा बिरामीको उपचारसँगै 'कुरुवा'को संकट पनि बढ्दै गएको छ । कुरुवा अभावको सबैभन्दा ठुलो भार वृद्धा र महिलामाथि पर्दा राज्यले नै कुरुवा व्यवस्थापनको नीति बनाउनुपर्ने आवाज उठ्न थालेको छ ।

बाँकी पृष्ठ २

# उद्यमबाटै समृद्धि

**पृष्ठ १ बाट**

'आजको स्टार्टअपको गतिलो उदाहरण काठमाडौं विश्वविद्यालय हो। कक्षाकोठामा किताबमा भएको ज्ञान शिक्षकमार्फत विद्यार्थीमा बाँडेर मात्र उच्चशिक्षाको उद्देश्य पूरा हुँदैन,' उपकुलपति थापाले भने, 'युवा नयाँ सोचलाई विश्वविद्यालय र राज्यले समर्थन गर्नुपर्छ। त्यसबाट सुख, सुस्वास्थ्य र समृद्धिको आधार निर्माण हुन्छ।'

थापाले विश्वका धेरै मुलुकले सन् २००० देखि नै नगरपालिका तहमा नवप्रवर्तन केन्द्र स्थापनासँगै विश्वविद्यालयसँग सहकार्य गरी दक्ष जनशक्ति उत्पादन गर्ने अभ्यास सुरु गरेको स्मरण गरे। आफू पनि त्यही वातावरणबाट अघि बढेको बताउँदै उनले विद्यार्थीलाई नवीन सोचका साथ उद्यमशीलतामा लाग्न आग्रह गरे। 'स्टार्टअप सुरु गर्न ठुलो लगानी आवश्यक पर्दैन। राम्रो आइडिया भए स्वदेशमै थोरै लगानीबाट पनि सफल उद्यमी बन्न सकिन्छ,' उनले भने।

मेकानिकल इन्जिनियर थापा नर्वेबाट जलविद्युत्मा विद्यावारिधि हुन्। उनले आफूले काठमाडौं विश्वविद्यालयमा कार्यरत रहँदा पाँचवटा स्टार्टअप कम्पनीमा लगानी गरेको अनुभव सुनाए। तीमध्ये एक कम्पनी अहिले सफल र स्थापित व्यवसायमा रूपान्तरण भएको उनले सुनाए। उनले विश्वविद्यालयका प्राध्यापकले विद्यार्थीलाई नवप्रवर्तन र स्टार्टअपतर्फ प्रेरित गर्दै शिक्षण, अनुसन्धान र मार्गदर्शनलाई प्राथमिकता दिनुपर्ने धारणा राखे।

उनले यो कार्यक्रमले आफूलाई थप उत्साहित बनाएको बताए। 'विद्यार्थीसँग साक्षात्कार गर्न पाउँदा खुसी लागेको छ,' थापाले भने, 'युवाको सिर्जनशील सोचलाई विश्वविद्यालय, सरकार र निजी क्षेत्रले प्रोत्साहन गर्न सके देशको आर्थिक तथा सामाजिक रूपान्तरण सम्भव छ।'

कार्यक्रममा स्टार्टअप समिट नेपालकी अध्यक्ष शोभा ज्ञवालीले राज्यले आवश्यक लगानी बढाउन नसकेका कारण युवा 'ब्रेनड्रेन' भइरहेको तथ्य उजागर गरिन्। उनले ठुलो लगानीभन्दा पनि सोच ठुलो भए प्रत्येक व्यक्ति सफल उद्यमी बन्न सक्ने विश्वास व्यक्त गरिन्। राज्यले हालसम्म स्टार्टअपका लागि करिब २ अर्ब रुपैयाँ लगानी गरेको छ। जसबाट १७ सयले लाभ लिएको सरकारी तथ्यांक छ। 'आजको विश्वमा प्रतिस्पर्धा प्रकृतिक स्रोतको मात्र होइन ज्ञान, प्रविधि, नवप्रवर्तन र उद्यमशीलताको हो,' ज्ञवालीले भनिन्, 'हिजोका दिनमा ठुलो उद्योग भएका राष्ट्रहरू शक्तिशाली मानिन्थे। आज ठुलो सोच, नवीन विचार र प्रविधिमा आधारित राष्ट्रले विश्वको नेतृत्व गरेका छन्।' उनले थपिन्, 'नेपाल पनि युवा भएको देश हो। विडम्बना बर्सेनी ठुलो संख्यामा नेपाली युवा अध्ययन र रोजगारीको सिलसिलामा विदेश पसिरहेका छन्। हामीले यस्तो नेपाल निर्माण गर्नुपर्छ, जहाँ विदेश जानु एउटा विकल्प होस् बाध्यता होइन। यसका लागि सरकारले समयमै स्टार्टपमा लगानी वृद्धि गरी ब्रेनड्रेन रोक्नुपर्छ।'

व्यवस्थापनसहित अन्य संकायका विद्यार्थीको सहभागिता रहेको कार्यक्रममा ज्ञवालीले यस्तो कार्यक्रम देशका सातै प्रदेशमा आयोजना गरी युवालाई स्वदेशमै उद्यमी बन्ने वातावरण सिर्जना गर्ने लक्ष्य रहेको जानकारी गराइन्।

कार्यक्रमा सफल उद्यमीहरूको वृत्तचित्र प्रस्तुतिबाट युवा विद्यार्थी उत्साहित भए। त्यस्तै इन्जिनियर उमेशकुमार गुप्ताले युवाको स्वदेशमै उद्यमप्रति बढ्दै गएको स्टार्टअपको सम्भावनाबारे कार्यपत्र प्रस्तुत गरे।

**'कार्यक्रम उपलब्धिमूलक रह्यो'**

कार्यक्रममा सहभागी विद्यार्थीले यसले आफूहरूको उद्यमशील सोचलाई थप स्पष्ट र सशक्त बनाएको बताएका छन्। उनीहरूका अनुसार कार्यक्रम उपलब्धिमूलक रह्यो। स्टार्टअप स्थापना, कानुनी प्रक्रिया, नवप्रवर्तन र व्यवसाय सञ्चालनबारे व्यावहारिक ज्ञान मिलेको उनीहरूले बताए।

> ठुलो लगानीभन्दा पनि सोच ठुलो भए स्वदेशमै सफल उद्यमी बन्न सकिन्छ। यसका लागि सरकारले समयमै स्टार्टपमा लगानी बढाएर ब्रेनड्रेन रोक्नुपर्छ।
> **- शोभा ज्ञवाली,**
> अध्यक्ष, स्टार्टअप समिट नेपाल

एमबिए दोस्रो सेमेस्टरकी विद्यार्थी मनिषा गिरीले कार्यक्रममा सहभागी भएपछि भविष्यमा कुन क्षेत्रमा र कसरी स्टार्टअप सुरु गर्ने भन्ने विषयमा आफ्नो सोच थप स्पष्ट भएको बताइन्। उनले भनिन्, 'स्टार्टअप समिटमा उद्यम दर्ताको कानुनी प्रक्रिया र व्यवसाय सुरु गर्ने आधारभूत विषयमा स्पष्ट जानकारी पाएँ।' उनले विश्वविद्यालयको पाठ्यक्रममा समावेश स्टार्टअपसम्बन्धी विषयलाई अझ व्यावहारिक बनाउनुपर्ने सुझाव दिँदै नवीन सोच र योजना भए ठुलो लगानीबिनै सफल उद्यमी बन्न सकिने बताइन्। त्यस्तै एमबिए विद्यार्थी सुवेक्षा दासले भविष्यमा सफल उद्यमी बन्ने लक्ष्यसहित समिटमा सहभागी भएको बताइन्। सूचना प्रविधि उद्यम गर्ने योजना रहेको सुनाउँदै उनले समिटबाट नवप्रवर्तन, स्टार्टअप र उद्यमशीलतासम्बन्धी जानकारी प्राप्त गरेको बताइन्।

व्यवस्थापन संकायकी विद्यार्थी सुस्मिता अधिकारीले कृषि क्षेत्रमा आफ्नो नवीन सोचलाई व्यवसायमा कसरी रूपान्तरण गर्ने भन्ने उद्देश्यले समिटमा सहभागी भएको बताइन्। उनले सानैदेखि कृषि कार्य नजिकबाट हेर्दै आएको सुनाउँदै किसानका उत्पादनले उचित बजार मूल्य नपाउँदा पीडा हुने बताइन्। 'त्यही समस्यालाई समाधान गर्ने उद्देश्यले डिहाइड्रेटेड फलफूल र तरकारीसम्बन्धी व्यावसायिक अवधारणामा काम गर्ने सोच बनाएकी छु,' उनले भनिन्।

# आफन्त नजिक नहुँदा 'कुरुवा संकट'

**पृष्ठ १ बाट**

घरमा धेरै हेरचाह गर्ने मान्छे नभएपछि क्याबिनमा भर्ना भएका दीर्घरोगीका कुरुवा आफैं पीडित बन्ने गरेको नयाँ क्याबिनकी नर्सिङ इन्चार्ज सविता कार्कीले बताइन्। वीर अस्पतालको क्याबिनमा भर्ना भएका ६४ वर्षीय मन्जिर चित्रकारको केही दिनअघि मृत्यु भयो। उनी दुई वर्षदेखि क्यान्सरबाट पीडित थिए। यति लामो अवधिसम्म कुरुवा भने उनकी पत्नी मात्र बनिन्। भएका दुवै छोराछोरी विदेशमा भएकाले पत्नी मात्र एक्ली कुरुवा बन्न विवश थिइन्। छोराछोरी छोटो अवधिका लागि आएर फर्किन्थे। मृत्युको एक साताअघि छोरा आए र अन्तिम समयमा बिरामी बुवालाई साथ दिए। बाँकी समय पत्नी एक्लै खटिएको क्याबिनकी नर्सिङ इन्चार्ज सविता कार्कीले जानकारी दिइन्।

क्याबिनमा कुरुवा अभावमा एक्लै खटिने धेरै कुरुवा छन्। हुनेले केयरगिभर पनि पठाउँछन्, नहुने आफैं खट्छन्। बिरामीको हेरचाह गर्दागर्दै आफैं बिरामी पर्ने गरेको नर्सहरू सुनाउँछन्। कुरुवा नभएपछि क्याबिनमा भर्ना भएका कतिपय बिरामीका लागि केयरगिभरलाई कुरुवाको जिम्मा दिने चलन पनि बढेको नर्स कार्कीले बताइन्। उनले भनिन्, 'कोही नाता पर्ने हुन्छन्, कोही पैसा तिरेर लिएका कुरुवा पनि हुन्छन्।' पैसा तिरेर राखिएका कुरुवा सरकारी अस्पतालको तुलनामा निजी अस्पतालमा बढी भेटिने गरेको जनस्वास्थ्यविद् डा. लक्ष्मी तामाङ बताउँछिन्। 'आमा बिरामी हुँदा मेडिसिटीमा थुप्रै केयर गिभरले बिरामी हेरेको देखें,' सदस्य कम भएका परिवारतर्फ संकेत गर्दै उनले भनिन्।

**वृद्धा तथा महिला कुरुवा बढी मारमा**

परिवारमा सदस्य कम भएपछि पछिल्लो समय वृद्धाको कुरुवा वृद्धा पत्नी बन्ने गरेको वीर अस्पताल न्युरोलोजी विभागका प्रमुख डा. सुनिल कोइराला बताउँछन्। 'पक्षाघात, क्यान्सरजस्ता बिरामीको कुरुवा एउटै व्यक्ति, त्यो पनि वृद्धा उमेरकै हुन्छन्,' उनले भने। परिवारका सदस्य पैसा आर्जन गर्न घरबाहिर जाने क्रममा घरमा सक्रिय जनसंख्या नहुँदा पाका उमेरका व्यक्ति मर्कामा परेको डा. कोइरालाले बताए। घरमा कुरुवाको पालो दिने मान्छे नपाएपछि एक वर्षअघि बुवाको कुरुवा बनेकी एक छोरीले कुनै उपाय नलागेपछि पत्र लेखेर बुवालाई अस्पतालमै एक्लै छाडेको दृश्य डा. कोइरालाको मनमा ताजै छ। उनका अनुसार भएका दुवै छोरा विदेशमा रहेका एक बुवाको कुरुवा नभएपछि उनी अस्पतालमा एक्लै बनेका थिए। 'विवाह गरेकी छोरी थिइन्, उनको घरमा सानो बच्चा थियो। कुनै उपाय नभएपछि मलाई पत्र लेखेर बुवा अस्पतालमै छोडेर गएकी थिइन्,' उनले घटना स्मरण गर्दै भने।

डा. कोइरालाका अनुसार सक्रिय उमेर समूह कुरुवा बन्नुपर्नेमा पाका उमेरका महिला तथा वृद्ध पुरुषसमेत कुरुवा बन्नुपर्ने अवस्थाले परिवारको संरचना परिवर्तन भइरहेको अनुभूति भएको छ। उनी भन्छन्, 'दश-पन्ध्र वर्षदेखि यता कुरुवाको समस्या बढ्दै गएको देखिन्छ।' डेढ दशकअघिसम्म परिवारभित्रकै सदस्य कुरुवा बन्ने चलन रहेको नेपालमा पछिल्लो समय कम हुँदै गएको छ। न्युरोलोजी तथा इन्डोक्राइन वार्डमा भर्ना भएका बिरामीमध्ये ३० प्रतिशत कुरुवा नहुने, कुरुवाको अभावमा बेवारिसे हुने र भइहाले एकल कुरुवा हुने गरेको नर्स सम्झना श्रेष्ठ बताउँछिन्। क्याबिनमा भर्ना भएकामध्ये चार जना द्वितीय कुरुवाको भरमा भर्ना हुने गरेको क्याबिनका नर्सहरूले बताए। 'मन्दिरबाट ल्याएको भनेर आफन्त पर्नेले छोडेर जान्छन्,' नर्स श्रेष्ठले भनिन्।

घरमा सक्रिय जनशक्ति नभएपछि महिला तथा वृद्धाहरू बिरामीको हेरचाहमा खटिने गरेको डा. तामाङ बताउँछिन्। '९० प्रतिशत हेरचाहमा खटिने महिलाहरू हुन्,' उनले भनिन्।

## कुरुवा व्यवस्थापन राज्यको दायित्व

बिरामी कुरुवाको बोझ व्यक्तिगत रूपमा पर्दै गएको स्थिति रहेकाले यसको व्यवस्थापनबारे राज्यले सोच्ने र बहस गर्ने समय आएको डा. सुनिल कोइराला बताउँछन्। विशेषगरी गम्भीर तथा दीर्घरोगी र वृद्ध बिरामीको हकमा राज्यले केयर होम तथा अस्पतालभित्रै कुरुवा व्यवस्थापन गर्ने नीति अवलम्बन गरेर समाधान गर्न सकिने उनको सुझाव छ। यसका लागि व्यापारिक वर्गले सामाजिक उत्तरदायित्वस्वरूप यस्ता होमहरू स्थापना गर्न सकिने उनी सुझाउँछन्। बिरामी भएपछि लगानी गर्नुभन्दा बिरामी हुन नदिन राज्यले लगानी गर्नुपर्ने उनको सुझाव छ।

डा. लक्ष्मी तामाङले कुरुवा नभएका र भएका दुवै बिरामीका हकमा कुरुवाबिना नै सेवा दिने व्यवस्था गर्नुपर्ने भएकाले अब नेपालले त्यस्तो सेवाको नीति तथा कार्यक्रम बनाएरै अघि बढ्नुपर्ने सुझाइन्। नागरिकले जम्मा गरेको आयकर स्वास्थ्य तथा सामाजिक सुरक्षामा लगानी गरेर नागरिकलाई सुरक्षा प्रदान गर्नुपर्ने र राज्यले चाहेको खण्डमा यो सम्भव रहेको तामाङको भनाइ छ। समाजशास्त्री विश्वकर्माको विचारमा बदलिँदो समस्याको समाधानका लागि परिवार र राज्य दुवैले जिम्मेवारीका साथ नीति तथा उपाय खोज्न सक्नुपर्छ। विदेशमा आर्जन गरेकाहरूले वृद्ध बुवाआमा तथा बिरामीका लागि निश्चित रकम देशमा संकलन गरी राज्यलाई जिम्मेवार बनाउने र राज्यले नीति बनाएरै लागु नगरी नहुने स्थिति आइसकेको विश्वकर्माले बताए। उनले भने, 'केयर होम, वृद्धाश्रमको खाका बनाएरै अघि बढ्नुपर्छ।'

**एकल परिवार र वैदेशिक रोजगारीले संकट**

स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालयका सहप्रवक्ता डा. समीरकुमार अधिकारीले पछिल्लो समय समाजमा कुरुवाको अभाव हुँदै गएको महसुस भएको बताए तर कुरुवाको कमीबारे मन्त्रालयसँग कुनै तथ्यांक तथा अध्ययन भइनसकेको उनको भनाइ छ।

जनस्वास्थ्यविद् लक्ष्मी तामाङ नेपालमा जनसंख्याको आकारमा आएको परिवर्तनको प्रभाव बिरामीका कुरुवादेखि अन्य संरचनामा पर्न थालेको बताउँछिन्। 'नेपालमा जनसांख्यिक लाभांश घटेको छ,' उनले भनिन्। उनको विचारमा नेपालमा सन् २००२ देखि सुरु भएको सुरक्षित गर्भपतन सेवाको परिणाम जनसंख्यामा परेको छ। सेवा सुरु भएयताको २० वर्षको अवधिमा अर्को पुस्ताको निर्माण भइसक्दा बुढ्यौली जनसंख्याको आकार बढी, सक्रिय जनसंख्याको आकार कम हुनु, एकल परिवारको संख्या बढ्दै जानु र भएका युवाशक्ति पनि विदेश जाने क्रमले सक्रिय जनसंख्या घटेको छ। 'सुरक्षित गर्भपतनका कारण भ्रूणको छनोट गरी बच्चा जन्माउने प्रवृत्तिले जन्मदर घटेको छ,' उनले भनिन्, 'घरको एउटा बच्चासमेत विदेश जान्छन्, घरमा बिरामी कुर्ने युवा छैनन्।' काठमाडौंकै हकमा हेर्ने हो भने आमाबुवालाई केयर होममा पठाउने चलन बढ्दै गएको तामाङ बताउँछिन्।

तामाङका अनुसार अस्पतालमा पुगेका थुप्रै कुरुवा निश्चित अवधिका लागि पैसा तिरेर राखिए पनि उनीहरूका बारेमा अध्ययन नभएको स्थिति छ। पैसा नहुने परिवारका हकमा घरमा रहेकी महिलामाथि परिवार व्यवस्थापनदेखि बिरामीको हेरचाहसम्मको भार पर्ने गरेको उनको विश्लेषण छ।

## १८ वर्ष बित्दा...

यी तीनवटै गाविस मिलेर यतिबेला बराहक्षेत्र नगरपालिका बनेको छ। बाढीबाट विस्थापित १८ परिवारलाई २०३९ सालमा डेढ कट्ठाका दरले र तत्कालीन अञ्चालधीश ललितबहादुर बमको निर्णयअनुसार ८४ घरधुरीलाई आठ धुरका दरले जग्गा दिने निर्णय भएको थियो। यसैगरी २०४३ सालमा तत्कालीन अञ्चलाधीश सूर्यबहादुर सेन ओलीले बाढीपीडितलाई बढीमा एक कट्ठासम्म जग्गा दिने निर्णय गरेका थिए।

अहिले त्यही वन क्षेत्रको जग्गामा कोसीको बाढीपीडित मात्र होइन, पूर्वी पहाडी जिल्लाबाट बसाइँ सरेर आएका मानिस पनि बसेका छन्। जिल्ला वन कार्यालय सुनसरीको तथ्यांक अनुसार कोसीको बाढीबाट विस्थापितले महेन्द्रनगरमा चार सय ६१, बराह क्षेत्रमा तीन सय ५१ र भरौलमा दुई सय ९९ हेक्टर वन क्षेत्रको जग्गा ओगटेर बसेका छन्। विस्थापित परिवारलाई जग्गा दिने निर्णय गरिए पनि त्यसको कुनै नक्सा र सीमांकन छैन्। जसले गर्दा कसले कति जग्गा ओगटेर बसेका छन, टुंगो छैन्।

२०२२ सालयता प्रकाशपुर, महेन्द्रनगर र बराहक्षेत्रको १ लाख ६० हजार कठ्ठा बढी खेतीयोग्य उर्वर भूमिलाई कोसीको बाढीले कटान गरेको तथ्यांक २०६४ सालमा रामप्रसाद खतिवडाको संयोजकत्वमा गठित उच्चस्तरीय समितिले सार्वजनिक गरेको थियो।

२०६५ सालमा सप्तकोसी बाढीपीडित संघर्ष समितिको नेतृत्व गरेका पञ्चनारायण मण्डलले पीडितका लागि माथिबाट आएको थुप्रै पैसा प्रशासन कार्यालयमा थन्किएको दाबी गरे। उनले धेरै परिवारले जग्गाको क्षतिपूर्ति नपाएको बताए। पाउनुपर्ने काठ पनि धेरैले नपाएको उनले बताए।

जिल्ला प्रशासन कार्यालय सुनसरीका अनुसार क्षतिपूर्ति रेकर्ड पत्ता लगाउन गाह्रो छ। लेखाअधिकृत चक्र खड्काका अनुसार पहिला ढड्डा सिस्टम थियो, ढड्डाका कागजात गोदामघरमा लगेर राखिएकाले रेकर्ड पत्ता लगाउन गाह्रो हुन्छ।

## निगमसँग...

सामान्य अवस्थामा दैनिक ८० देखि ९० बुलेट ग्यासले बजारको माग धान्ने गरे पनि अहिले खपत बढेसँगै दैनिक करिब एक सय २० बुलेटसम्म आवश्यक पर्ने अवस्था छ। अहिले उद्योगीले करिब दैनिक ४० हजार सिलिन्डर बजारमा पठाए पनि माग धान्न सकेको छैन। मासिक रूपमा ४५ हजारदेखि ४८ हजार मेट्रिक टन एलपिजी खपत हुने

**पृष्ठ १ बाट**

गरेकोमा यो महिना करिब ५५ हजार मेट्रिक टनको कोटा निर्धारण गरिएको चन्दले बताए। तर उद्योगहरूको आफ्नै सीमित भण्डारण क्षमता भएकाले आपूर्ति शृंखला सामान्य समस्या आउँदा पनि बजार प्रभावित हुने गरेको छ। मागअनुसार पिडिओ नपाउँदा उद्योगहरूको भण्डारण क्षमता पूर्ण रूपमा उपयोग हुन सकेको छैन। 'आयल निगमले आफ्नै स्टोरेज निर्माण गर्नुपर्छ भन्ने माग हामीले वर्षौंदेखि गर्दै आएका छौं,' उनले भने, 'भारतबाट पाइपलाइनमार्फत ग्यास ल्याउन सके ढुवानी लागत घट्छ, आपूर्ति सुरक्षित हुन्छ र बजारमा देखिने अभाव पनि धेरै हदसम्म समाधान हुन्छ।' निगमले लगानी गर्न नसक्ने अवस्था भए निजी क्षेत्र समेत भण्डारण पूर्वाधार निर्माणमा लगानी गर्न तयार रहेको उनले बताए।

बजारमा सधैं ग्यासको अभाव हुँदा एलपिजी भण्डारण पूर्वाधारको आवश्यकता रहेको नेपाल आयल निगमका अधिकारीले पनि स्वीकार गरेको छ। खाना पकाउने ग्यास भण्डारणस्थल निर्माण र पाइपलाइनको विषयमा छलफल अघि बढेको नेपाल आयल निगम एलपिजी विभागका प्रमुख विनीतमणि उपाध्यायले बताए। 'भारतबाट पाइपलाइनमार्फत एलपिजी ल्याउने र त्यसका लागि आवश्यक भण्डारण संरचना निर्माण गर्ने विषयमा आइओसीसँग छलफल अघि बढाएका छौं,' उपाध्यायले भने। आयल निगमले सर्लाहीमा एलपिजी भण्डारण स्थल निर्माणका लागि करिब एक दशक अघि जग्गा किनेको भए पनि काम भने अघि बढ्न सकेको छैन। बढ्दो खपत, आपूर्ति व्यवस्थापन र ऊर्जा सुरक्षालाई ध्यानमा राखेर परियोजनालाई पुनः प्राथमिकतामा राखेर अघि बढाउन लागेको निगमले जनाएको छ। निगमले आवश्यक प्राविधिक अध्ययन, भण्डारण क्षमता निर्धारण तथा पाइपलाइनको सम्भाव्यता अध्ययनका लागि समिति गठन गरी काम अघि बढाएको जनाएको छ। आयल निगमका अनुसार अहिले दैनिक करिब एक सय १५ देखि एक सय २० बुलेट एलपिजी नेपाल भित्रिने गरेको छ। दैनिक करिब दुई हजार मेट्रिक टन ग्यास आयात भएको छ।

बजारमा माग आकस्मिक रूपमा बढ्दा उद्योगीले तत्काल पर्याप्त सिलिन्डर पठाउन नसक्दा अभाव देखिने गरेको छ। एलपिजी नेपालको सबैभन्दा संवेदनशील आयातित ऊर्जामध्ये एक भएकाले यसको पर्याप्त भण्डारण क्षमता विकास गर्नु आवश्यक छ। भारतसँगको सीमा क्षेत्रमा हुने अवरोध, अन्तर्राष्ट्रिय बजारमा देखिने उतारचढाव वा कुनै पनि आकस्मिक परिस्थितिमा कम्तीमा केही दिनदेखि केही सातासम्मको माग धान्न सक्ने मौज्दात रहने व्यवस्था गर्न सके बजारमा पटकपटक देखिने अभाव हट्न सक्छ।

## कांग्रेस...

सर्वोच्च अदालत नियमावली, २०७४ ले निर्णयमा पुनरवलोकन गर्न सर्वोच्च अदालतलाई असाधारण अधिकार दिएको छ भने न्याय प्रशासन ऐन, २०७३ अनुसार नयाँ प्रमाण भेटिएमा मुद्दाको फैसला हुनुअघि जानकारीमा नआएको, खोजी गर्दा फेला पार्न नसकिएको कुनै महत्त्वपूर्ण प्रमाण फैसला भएपछि फेला परेमा पनि पुनरवलोकनको निस्सा दिन सकिन्छ। साथै फैसलामा स्थापित नजिर वा कानुनी सिद्धान्त प्रतिकूल हुने गरी गम्भीर त्रुटि देखिएमा पनि पुनरवलोकनको सुनुवाइ अघि बढाउन सक्छ। सर्वोच्च अदालतको बृहत् पूर्ण इजलासबाट भएको फैसलामा र मुद्दा दोहोर्‍याई हेरिएको मुद्दामा भने पुनरवलोकन लाग्दैन। अब पुनरवलोकन निवेदनमाथिको सुनुवाइ र फैसलापछि कांग्रेस आधिकारिकता विवाद छिनोफानो हुनेछ। त्यसअघि दुवै पक्षले आआफ्ना गतिविधिलाई तीव्र बनाउन सक्ने छन्।

अदालतले फैसला दिन समय लगायो भने १४औं महाधिवेशन र विशेष महाधिवेशनबाट निर्वाचित दुवै पक्षले १५औं महाधिवेशनसम्म गर्न सक्ने नेताहरूको दाबी छ।

यसैबिच फागुन २१ को निर्वाचनअघि बिदेसिएका देउवा साउन २६ गते स्वदेश फर्कने भएका छन्। विशेष महाधिवेशनको विपक्षमा रहेका नेताहरूले साउन २९ देखि ३१ गतेसम्म काठमाडौंमा राष्ट्रिय भेला आयोजना गरेका छन्। सोही भेलालाई सम्बोधन गर्नेगरी देउवा स्वदेश फर्कन लागेका हुन्।

**स्वर्णिम भबिष्य बचत तथा ऋण सहकारी संस्था लिमिटेड**
टोखा न.पा-७, काठमाडौं फोन नं.०१-४९७०१७०

**ऋण कर्जा चुक्ता/भुक्तान गर्न आउने बारेको ३५ दिने सूचना**

**तेश्रो पटक प्रकाशित मितिः २०८३।०४।२२**

यस सस्थांबाट ऋण कर्जा लिने तपाई ऋणीले ऋण/कर्जा लिंदा गरिदिएको लिखत र ऋण/कर्जा सुबिधा स्वीकृति शर्तमा तोकिए बमोजिम यस संस्थालाई बुझाउनुपर्ने ऋण/कर्जा रकमको मासिक ब्याज तथा म्याद भित्र ऋण कर्जा रकम चुक्ता भुक्तान नगरेको साथै संस्थाबाट लिखित तथा मौखिक रुपमा बारम्बार तर/ताकेता गर्दा समेत लिएको ऋण/कर्जा चुक्ता गर्न तर्फ तत्परता नदेखाएको हुनाले यो ३५ दिनको सूचना प्रकाशित गरिएको छ। यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र संस्थालाई बुझाउनुपर्ने सावाँ, ब्याज, हर्जाना ब्याज तथा अन्य दै-दस्तुरहरु समेत चुक्ता भुक्तान गर्न ल्याउनुहोला। उक्त म्याद भित्र ऋण कर्जा चुक्ता भुक्तान नगरी बसेमा, ऋण/कर्जा लिंदा लेखिदिएको धितो (दृष्टिबन्धक गरी दिएको जग्गा) सहकारी ऐन २०७४ र सहकारी नियमावली २०७५ (शंसोधन सहित) को तथा अन्य प्रचलित नेपालको कानून बमोजिम लिलाम बिक्री वा अन्य ब्यबस्था गरी ऋण/कर्जा असुल उपर गरी लिने ब्यहोरा जानकारी गराइन्छ। साथै यस संस्थांलाई लेखी दिएको धितो (जग्गा) बाट यस संस्थांको सम्पूर्ण लेना रकम असुलउपर नभएमा ऋणी तथा जमानीकर्ताको अन्य चल-अचल सम्पतिबाट बाँकी लेना रकम असुलउपर गरीलिने ब्यहोरा समेत जानकारी गराईन्छ।

तपसिल

| ऋणीको नाम तथा ठेगाना | ऋणी तथा जमानीकर्ता | धितोको विवरण |
|---|---|---|
| **ऋणीको नाम** :- वीरकृष्ण श्रेष्ठ<br>**बाबु** :- कशीनारायण श्रेष्ठ<br>**बाजे** :- हेरालाल श्रेष्ठ<br>**साविकः**- काठमाडौ जिल्ला, चण्डेश्वरी गा.पा वडा न.०८<br>**हाल** :- टोखा न.पा, गोगंबु वडा नं ६ ना.प्र.न ७८४०<br>**जारी मिति** :- २०५३/१०/२४ जि.प्र.का काठमाडौं |  | निज ऋणी वीरकृष्ण श्रेष्ठकै नाममा दर्ता रहेको जिल्ला काठमाडौं मालपोत कार्यालय टोखा कार्यालयमा दर्ता कायम रहेको का.जि. गा.बि.स/न.पा चण्डेश्वरी वडा-८, नक्सा सिट नं ८, कित्ता नं १५६ को क्षेत्रफल (७-९-०-०) ३८४७/३५ ब. मि. र सो जग्गाले चर्चेको लिग लगापात समेत। |

धितोपत्र सम्बन्धी ऐन, २०६३ र सामूहिक लगानी कोष नियमावली, २०६७ (संशोधन सहित) बमोजिम नेपाल धितोपत्र बोर्डमा दर्ता भएको

कोष प्रवर्द्धकः कुमारी बैंक लिमिटेड KUMARI BANK LIMITED सबैका लागि, सधैंका लागि

योजना व्यवस्थापक तथा तथा डिपोजिटरीः कुमारी क्यापिटल लिमिटेड KUMARI CAPITAL LIMITED Invest for your future

**कुमारी सामूहिक लगानी कोष अन्तर्गत सञ्चालित योजनाहरु**

**कुमारी ईक्वीटी फण्ड, कुमारी धनवृद्धि योजना तथा कुमारी सवल योजना को**

**प्रतिफल वितरण तथा इकाईधनी दर्ता किताब बन्द हुने बारेको सूचना**

कुमारी बैंक लिमिटेडद्धारा कोष प्रवर्द्धन गरिएको तथा कुमारी क्यापिटल लिमिटेड योजना व्यवस्थापक तथा डिपोजिटरी रहेको कुमारी सामूहिक लगानी कोष अन्तर्गत सञ्चालित तपशिल बमोजिमका योजनाहरुको योजना व्यवस्थापकको मिति २०८३/०४/२१ गते बिहीबार दिउँसो ०४:०० बजे बसेको सञ्चालक समितिको ८५ औं बैंठकको निर्णयानुसार आर्थिक वर्ष २०८२/८३ को लागि घोषणा गरेको प्रतिफल रकम सम्बन्धित योजनाहरुको इकाईधनीहरुलाई वितरण गर्ने प्रयोजनका लागि इकाईधनी दर्ता किताब (Book Close) मिति २०८३ भाद्र ०४ गते बिहीबार एक दिनका लागि बन्द हुने व्यहोरा सबैको जानकारीको लागि सूचित गरिन्छ। तोकिएको दर्ता किताब बन्द हुने मिति भन्दा अघिल्लो दिनसम्म नेप्सेको प्रणालीमा कारोबार भई प्रचलित कानून बमोजिम तोकिएको समयावधि भित्र रितपूर्वक नामसारी भई आएका इकाईधनीहरु मात्र नगद प्रतिफलको हकदार हुने व्यहोरा समेत यसै सूचनाद्धारा सूचित गराईन्छ।

**तपसिलः**

| क्र.सं. | योजनाको नाम | योजनाको किसिम | प्रतिफल दर (%) (कर सहित) | जम्मा प्रतिफल रकम (रु.) (कर सहित) |
|---|---|---|---|---|
| १ | कुमारी ईक्वीटी फण्ड | बन्दमुखी योजना | १०.०० प्रतिशत | १००,०००,०००.०० |
| २ | कुमारी धनवृद्धि योजना | बन्दमुखी योजना | १०.०० प्रतिशत | १२२,५०७,२५९.०० |
| ३ | कुमारी सवल योजना | बन्दमुखी योजना | २.९० प्रतिशत | २१,५९७,७७०.३० |

साथै, आफ्नो इकाई धितो राखेका इकाईधनी महानुभावहरुको हकमा प्रतिफल प्राप्त गर्नका लागि सम्बन्धित बैंक तथा वित्तीय संस्थाबाट No Objection Letter वा फुकुवा-पत्र (Release Letter) अनिवार्य पेश गरे पश्चात् मात्र उक्त नगद प्रतिफल रकम सम्बन्धित इकाईधनीहरुको हितग्राही खातामा उल्लेखित बैंक खातामा जम्मा गरिने व्यहोरा समेत यसै सूचनामार्फत जानकारी गराउँदछौं।

योजना व्यवस्थापक तथा डिपोजिटरीः
कुमारी क्यापिटल लिमिटेड KUMARI CAPITAL LIMITED Invest for your future
दुर्गा भवन, नागपोखरी-१, नक्साल, काठमाडौं
फोनः ०१-५९७००८२
Email: info@kumaricapital.com
Website: www.kumaricapital.com

**नबिल बैंक लिमिटेडको तपसिलमा उल्लेखित ऋणीलाई कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना**

**(प्रकाशित मितिः २०८३/०४/२२)**

यस बैंकबाट ऋण लिएका तपसिल बमोजिमका ऋणीले ऋण लिदाँ गरिदिएको लिखत र ऋण स्वीकृति पत्रको शर्तमा तोकिए अनुसार बुझाउनु पर्ने साँवा, ब्याज समेतको बैंकको सम्पूर्ण लेना रकम नबुझाई ऋण लिदाँ गरेको शर्त कबुलियतको उल्लङ्घन गरेको र बैंकबाट मौखिक एवम् लिखित रुपमा पटक पटक तरताकेता गर्दा समेत सोको कुनै वास्ता नगरी चासो नदेखाई ऋण दायित्व फर्छ्यौट गर्ने तर्फ कुनै तदारुकता नदेखाएको हुनाले सो ऋण कर्जा चुक्ता भुक्तान गर्ने सम्बन्धी यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ।

अतः यस बैंकमा सम्पर्क गरी यो सूचना प्रकाशित भएको मितिले **३५ (पैंतीस)** दिनभित्र बैंकलाई बुझाउन बाँकी रहेको सम्पूर्ण साँवा, ब्याज, हर्जाना ब्याज तथा अन्य दैदस्तुर चुक्ता भुक्तान गरी बैंकको कर्जा फरफारक फछ्र्यौट गर्न गराउनका लागि सम्बन्धित ऋणी, धितो जमानतकर्ता सहितका अन्य जमानतकर्ता एवं सम्बद्ध सबैलाई यसै सूचनाद्वारा जानकारी गराईन्छ। सो म्याद भित्र बक्यौता रहेको सम्पूर्ण रकम चुक्ता भुक्तान नगरेमा ऋणी एवं धितो जमानतकर्ताले बैंकलाई लेखिदिएको तपसिल बमोजिमको धितो लिलाम बिक्री गर्ने वा अन्य व्यवस्था गरी बैंकको आफ्नो लेना असुल उपर गरिनेछ। कथंमकदाचित सो धितोबाट असुल उपर हुन नसके वा आंशिक रकम मात्र असुल उपर भई कर्जा बाँकी रहन गएमा उक्त बाँकी रकम ऋणी, धितो जमानत दिने एवं अन्य जमानतकर्ता व्यक्ति तथा निजको हकको अन्य चल अचल सम्पत्ति समेतबाट बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित कानून बमोजिम लिलाम बिक्री गरी वा अन्य कुनै व्यवस्था गरी बैंकको लेना रकम असुल उपर गरिलिनुका साथै कर्जा असुलीको लागि ऋण असुली न्यायधिकरण एवं अन्य सक्षम न्यायिक निकायमा दावी उजुरी गरिने तथा ऋणी र धितो जमानत दिने एवं अन्य जमानतकर्ताहरुलाई समेत कर्जा सूचना केन्द्रको **कालो सूची**मा समावेश गर्ने प्रक्रिया अघि बढाइने व्यहोरा समेत ऋणी, धितो जमानत दिने एवं अन्य जमानतकर्ताहरु लगायत सम्बद्ध सबैलाई यसै सूचनाबाट जानकारी गराईन्छ।

धितो जमानत गरिदिने जमानतकर्ता एवं अन्य जमानतकर्ताहरुले माथि उल्लेखित समयअवधी भित्र आफुले जमानत लेखिदिएको कर्जा एवं सोको ब्याज दैदस्तुर चुक्ता भुक्तान गरी आफ्नो धितो एवं जमानत फुकुवा गरी लिन सक्नु हुनेछ सो को लागि समेत यसै सूचना द्वारा सूचित गराईन्छ, अन्यथा माथि उल्लेख गरिए बमोजिम धितो एवं जमानत लेखिएको सम्पत्ति लिलाम बिक्री वा अन्य व्यवस्था गरी बैंकले आफ्नो लेना असुल उपर गर्नुका साथै कर्जा सूचना केन्द्रको कालो सूचीमा समावेश गर्ने प्रक्रिया अघि बढाईने व्यहोरा जमानतकर्ताहरुलाई समेत जानकारी गराईन्छ।

तपसिल

**१**

**ऋणी फर्म र ऋणी फर्मको प्रोपाइटरको नाम र ठेगानाको विवरण (न्युरोड शाखा, काठमाडौं)**

प्राइभेट फर्म रजिष्ट्रेशन ऐन २०१४ बमोजिम नेपाल सरकार, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य आपूर्ति तथा उपभोक्ता सरंक्षण विभागमा मिति २०७६/०२/२४ मा प्रा.फ.र.नं १४८०३२/०७५/७६ अन्तर्गत दर्ता भएको **सनिम ट्रेडर्स**।
ठेगाना : काठमाडौं जिल्ला काठमाडौं म.न.पा. वडा नं. २२, महाबौद्ध।
ऋणी फर्मका प्रोप्राइटरः
कृष्ण प्रसाद श्रेष्ठकी बुहारी श्याम सुन्दर श्रेष्ठकी पत्नि सोलुखुम्बु जिल्ला सल्लेरी गा.वि.स वडा नं.०७ स्थायी ठेगाना भई हाल काठमाडौ जिल्ला मातातिर्थ वडा नं.०४ बस्ने, ना.प्र.नं.२७३०७०/१४८/४३८३ (जारी मिति २०५१/०४/२६, स्थान काठमाडौं) भएकी **अनिता श्रेष्ठ**।

**व्यक्तिगत जमानतकर्ताको विवरण**

ज्ञान बहादुर श्रेष्ठको नाती, कृष्ण प्रसाद श्रेष्ठको छोरा, काठमाडौं जिल्ला मातातिर्थ वडा नं.०५ बस्ने, ना.प्र.न. ४६८/२२२ (जारी मितिः २०४६/०२/२२ स्थान काठमाडौं), भएको **श्याम सुन्दर श्रेष्ठ**।

**२**

**ऋणीको नाम र ठेगानाको विवरण (भेडासिंङ शाखा, काठमाडौं)**

कृष्ण प्रसाद श्रेष्ठकी बुहारी श्याम सुन्दर श्रेष्ठकी पत्नि सोलुखुम्बु जिल्ला सल्लेरी गा.वि.स वडा नं.०७ स्थायी ठेगाना भई हाल काठमाडौ जिल्ला मातातिर्थ वडा नं.०४ बस्ने, ना.प्र.नं.२७३०७०/१४८/४३८३ (जारी मिति २०५१/०४/२६, स्थान काठमाडौं) भएकी **अनिता श्रेष्ठ**।

**व्यक्तिगत जमानतकर्ताको विवरण**

१. ज्ञान बहादुर श्रेष्ठको नाती, कृष्ण प्रसाद श्रेष्ठको छोरा, काठमाडौं जिल्ला मातातिर्थ वडा नं.०५ बस्ने, ना.प्र.न. ४६८/२२२ (जारी मितिः २०४६/०२/२२ स्थान काठमाडौं), भएको **श्याम सुन्दर श्रेष्ठ**।
२. कृष्ण प्रसाद श्रेष्ठकी नातिनी श्याम सुन्दर श्रेष्ठकी छोरी काठमाडौं जिल्ला मातातिर्थ वडा नं.०५ स्थायी घर भई हाल काठमाडौं जिल्ला चन्द्रागिरी न.पा.वडा नं.०८ बस्ने, ना.प्र.नं.१०४७/७१८११/६३१३ (जारी मिति २०६७/१०/२७, स्थान काठमाडौं) भएकी **समिक्षा श्रेष्ठ**।

**सनिम ट्रेडर्स र अनिता श्रेष्ठमा रहेको संयुक्त धितोको विवरण**

धितोमा रहेको घर/जग्गाको विवरणः
काठमाडौं जिल्ला मातातिर्थ वडा नं.०५ बस्ने **श्याम सुन्दर श्रेष्ठ**को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको काठमाडौं जिल्ला मातातिर्थ वडा नं.०४ मा अवस्थित कि.नं. ७९१ क्षेत्रफल १-४-२-० रोपनी जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापांत समेत।

**३**

**ऋणी कम्पनीको नाम र ठेगानाको विवरण (न्युरोड शाखा, काठमाडौं)**

ऋणी कम्पनीः कम्पनी ऐन २०६३ को दफा ५ को उपदफा (१) बमोजिम नेपाल सरकार उद्योग मन्त्रालय, कम्पनी र जिष्ट्रारको कार्यालयमा मिति २०७३/०९/२५ मा दर्ता नं. १६१५३९/०७३/०७४ अन्तर्गत दर्ता भएको **एन.पि.एल.मार्ट प्रा.लि**।
ठेगानाः काठमाडौं जिल्ला काठमाडौं म.न.पा.वडा नं.२२।

**ऋणी कम्पनीको सञ्चालक तथा व्यक्तिगत जमानतकर्ताहरुको विवरण**

१. सत्य नारायण चौधरीकी बुहारी, सागर कुमार चौधरीकी पत्नि, सप्तरी जिल्ला राजबिराज न.पा. वडा नं.०४ बस्ने, नागरिकता ना.प्र.न २५०८ नागरिकता प्रदान गर्ने कार्यालय जि.प्र.का. सप्तरी, (जारी मितिः बि.सं. २०६२/०३/२१), भएका अनिता दास।
२. परमानन्द चौधरीको नाति, सत्य नारायण चौधरीको छोरा, सप्तरी जिल्ला राजबिराज न.पा. वडा नं.०४ बस्ने, नागरिकता ना.प्र.न २८९४४/२५०५ नागरिकता प्रदान गर्ने कार्यालय जि.प्र.का. सप्तरी (जारी मितिः बि.सं. २०६२/०३/१३), भएको **सागर कुमार चौधरी**।

NABIL BANK
प्रधान कार्यालय, दरबारमार्ग, काठमाडौं फोन नं. ०१-४९७२४५२, ९८०५६७३४७४

# नेपाली संसद्का प्रवृत्ति अन्तर्राष्ट्रिय मापदण्डभन्दा बाहिर गएको हो ?

**ईश्वरी सुवेदी**
*काठमाडौं, साउन २१*

संसद्मा पछिल्लो समय प्रधानमन्त्री बालेन्द्र शाहलाई लक्षित गरेर कालो चस्माको चर्चा भइरहेको हुन्छ। यसबिचमा कार्यव्यवस्था परामर्श समितिको बुधबारको बैठकले संसद् बैठकभित्र कसैले पनि कालो चस्मा लगाउन नपाउने विषयमा सहमति जुटेको छ। प्रत्येक दलका प्रमुख सचेतकले आफ्ना पार्टीका सांसदलाई यसबारेमा ध्यानाकर्षण गर्नुपर्ने सहमति बनेपछि अब संसद्भित्र कालो चस्मा, रातो कपाल, कोट काँधमा राख्ने कार्य गर्न सांसदलाई बन्देज गरिएको छ।

विज्ञहरू संसद्भित्र हुने यस्ता गतिविधि निषेध गर्नु उचित ठान्छन्। उनीहरूका अनुसार संसद् भनेको छलफल, तर्क-वितर्क र जबाफदेहिताको थलो हो। आँखा मानवीय संवादको सबैभन्दा महत्त्वपूर्ण माध्यम मानिन्छ। बैठक कक्षभित्र सांसदका आँखा नदेखिँदा जनताले यी सांसद गम्भीर छन् कि छैनन् ? ध्यान दिइरहेका छन् कि निदाइरहेका छन् भन्ने पढ्नै सक्दैनन्। यसैले चस्मा लगाएर बस्नु प्रायः उदासीनता वा गैर-गम्भीरताको संकेतका रूपमा बुझिन्छ।

कालो चस्मा आफैंमा नराम्रो वस्तु होइन। घाममा, गाडी चलाउँदा वा समुद्री किनारमा यो पूर्णतः स्वाभाविक हो। तर बन्द हल र संसद् बैठकहरूमा यसको प्रयोग गर्दा 'फेसन स्टेटमेन्ट' वा 'देखावटी' व्यवहारका रूपमा हेरिन्छ। जुन ठाउँमा उपयोगिताभन्दा शैली मात्र देखिन्छ, त्यहाँ आलोचना बढी हुन्छ भन्ने विश्लेषण छ।

सांसद जनताका प्रत्यक्ष प्रतिनिधि हुन्। कालो चस्मा प्रायः 'सेलिब्रिटी', 'हिरो' वा 'पावर फुल' व्यक्तित्वसँग जोडिने प्रतीक भएकाले यसले सांसद र सर्वसाधारणबिच एक किसिमको 'हामी र तिमी' खालको दूरी वा अहंकार भाव उत्पन्न गर्छ भन्ने विज्ञहरूको तर्क छ। संसारभरका लोकतान्त्रिक संसद् (बेलायत, भारत, अमेरिका) मा औपचारिक ड्रेस कोडको लामो परम्परा छ, जसमा कालो चस्मा आदि एक्सेसरीलाई सामान्यतः निषेध गरिएको हुन्छ। यो अन्तर्राष्ट्रिय मापदण्डसँग तुलना गर्दा नेपाली संसद्मा देखिएका प्रवृत्ति मापदण्डभन्दा बाहिर जस्तो देखिन्छ, जसले आलोचनालाई थप बल दिन्छ।

'जब यो व्यवहार एउटै समूह राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का नेतासँग बारम्बार जोडिन्छ, तब यो व्यक्तिगत रुचिभन्दा माथि गएर त्यो पार्टीको शैली, अहंकार वा जबाफदेहिताको अभाव भनेर सामान्यीकरण गर्न थालिन्छ, जुन प्रतिपक्षका लागि सजिलो राजनीतिक आलोचनाको विषय बन्न पुग्छ, चाहे मूल कारण जे भए पनि', एक विश्लेषकले भने।

खासमा समस्या चस्मा आफैंमा होइन, समस्या त त्यो चस्मा संसद्को गम्भीर, पारदर्शी र जनताप्रति उत्तरदायी भन्ने अपेक्षित छविसँग नमिल्नु र यसलाई राजनीतिक प्रतीकका रूपमा व्याख्या गरिनु रहेको उनको भनाइ छ।

पछिल्लोपटक प्रतिनिधिसभा बैठकमा विभिन्न किसिमले सांसदका शैली र बोलीमा तीव्र अनुशासन उल्लंघन भइरहेको विषय उठेपछि सभामुख डोलप्रसाद अर्याल यसको सुधारमा सक्रिय रूपमा लागेका छन्। संसद्मा अमर्यादित व्यवहार बढाएको विषयलाई गम्भीर रूपमा लिँदै सभामुख अर्यालले प्रतिनिधिसभा नियमावली २०८३ को नियम २०, २१ र २२ लाई पूर्णरूपमा पालना गराउने निर्णय गराएका थिए।

कार्यव्यवस्था परामर्श समितिका एक सदस्यका अनुसार सांसदहरूका पोसाक, तडकभडक र बैठक कक्षभित्रको मर्यादालाई लिएर गम्भीर छलफल भयो। संसद् बैठकमा सांसदहरूले जिन्स पाइन्ट, चप्पल, रातो कपाल, कोट काँधमा हालेर हिँड्ने, सोफाको डिलमा बस्ने जस्ता विषय उठिरहेका बेला सभामुखले कालो चस्मा लगाउने कार्य पनि बन्द गर्नुपर्ने प्रस्ताव राखेको उनको भनाइ छ। त्यसपछि बैठक चलिरहँदा आँखा वा टाउकोमा कालो चस्मा लगाउने कार्यलाई पनि निषेध गर्ने मौखिक सहमति भएको छ, यसमा लिखित निर्णय भने गरिएको छैन।

रास्वपाका प्रमुख सचेतक कवीन्द्र बुर्लाकोटीले सांसदहरूको तडकभडकपूर्ण उपस्थिति नियन्त्रण गर्न सभामुखबाटै रुलिङमार्फत ड्रेस कोड तय हुनुपर्ने सुझाव दिएका थिए। सोही सुझावका आधारमा सभामुख अर्यालले संसद् बैठकमा कालो चस्माको प्रयोग बन्द गराउने प्रस्ताव अघि सारे, जसलाई अधिकांश सचेतकहरूले समर्थन गरे। समिति बैठकमा सांसदहरूले बैठक चलिरहेका बेला मोबाइलमार्फत सेयर कारोबार नगर्नू भन्ने निर्देशन पनि दिइएको छ, जसले संसद् बैठकको समय र गम्भीरता दुवैलाई ध्यानमा राखेर व्यवहार सुधार्ने उद्देश्य राखेको देखिन्छ।

यो विवाद अकस्मात् उठेको होइन। प्रधानमन्त्री बालेन्द्र शाह, गृहमन्त्री सुदन गुरुङ, पूर्वाधारमन्त्री सुनिल लम्साल र सांसद खगेन्द्रसुनारलगायत रास्वपाबाट निर्वाचित नेताहरूबाट कालो चस्माको प्रयोग बढी भएको देखिन्छ, यही पहिरन र चस्मा प्रयोगले संसद्भित्र बारम्बार बहसको विषय बनाएको छ, तर प्रतिपक्षका सांसदले पनि विस्तारै कालो चस्मा लगाउन सुरु गरेका थिए। कांग्रेस सचेतक बासना थापाले भने उक्त प्रस्ताव नियम बनाउने हो भने माथिल्लो तहबाटै लागु हुनुपर्ने अडान राखेकी थिइन्। प्रधानमन्त्री बालेन्द्र शाह र मन्त्रीहरूतर्फ संकेत गर्दै उनले भनेकी थिइन्, 'प्रधानमन्त्री र मन्त्रीज्यूहरूले सदनमा आउँदा चस्मा र अनौपचारिक पोसाक त्याग्ने हो भने हामी पनि नलगाउँला। नियम सांसदलाई मात्र नभई प्रधानमन्त्री र मन्त्रीहरूलाई पनि समान हुनुपर्छ।'

थापाको यो अडान नयाँ होइन। यसअघि पनि प्रतिनिधिसभा बैठकमा बोल्दै उनले प्रधानमन्त्री शाहलाई राज्यको सफलतामाथि उठेका कठोर प्रश्नबाट किन टाढा हुनुभएको भनी प्रश्न गर्दै प्रधानमन्त्रीले कालो चस्मा खोल्ने बेला आयो भन्ने भावको आलोचना गरेकी थिइन्। अर्कातर्फ यही साउन ७ मा बिपी कोइरालाको ४४औं स्मृति दिवसका अवसरमा एक कार्यक्रममा कांग्रेस सभापति गगन थापाले प्रधानमन्त्रीप्रति कटाक्ष गर्दै भनेका थिए, 'प्रधानमन्त्रीलाई कालो चस्मा र कालो वस्त्र लगाउन छुट छ, तर काला कर्तुत गर्न छुट छैन। 'यो विषय हामीले संसद्मा पनि उठाउँदै आएका छौं', उनले भनेका थिए।

गत असार ५ को प्रतिनिधिसभा बैठकमा कांग्रेस सांसद खड्कबहादुर बुढाले प्रधानमन्त्री कार्यालयमा बसेर अख्तियारलाई थर्काउने र हुकुम चलाउनेहरू नेपालको संविधान र कानुन नचिनेर केवल कालो चस्मा लगाएर राज्यका संयन्त्रहरू कब्जा गर्न बसेका नयाँ गिरोहका सदस्य रहेको बताए। राप्रपाका संसदीय दलका नेता ज्ञानेन्द्र शाहीले गत वैशाख ३० मा प्रतिनिधिसभामा बोल्दै प्रधानमन्त्री कालो चस्मा लगाएर सिंहदरबारमै बसिरहेको उल्लेख गर्दै नीति तथा कार्यक्रममाथिको छलफलमा प्रधानमन्त्री अनिवार्य उपस्थित हुनुपर्ने बताएका थिए। उनले रुलिङ गरेर प्रधानमन्त्रीलाई संसद्मा बोलाउन सभामुख अर्यालसँग माग गरे। यसले देखाउँछ- कालो चस्माको विषय अब केवल पोसाकसम्बन्धी सामान्य विवाद नभई सरकार र प्रतिपक्षबिचको राजनीतिक तिक्ततासँग पनि जोडिइसकेको छ।

सभामुख अर्यालले नियम सबैका लागि बराबर हुने स्पष्ट पार्दै स्वास्थ्य समस्याबाहेक अन्य अवस्थामा कालो चस्मा प्रयोग नगर्न र संसद्को लोगो अनिवार्य लगाउन पनि भनेका छन्।

प्रतिनिधिसभा नियमावली २०८३ को नियम २०, २१ र २२ मा सांसदहरूले पालन गर्नुपर्ने स्पष्ट प्रावधानहरू छन्। सभामुखको आसनतर्फ पिठ्युँ फर्काएर बस्न वा उभिन नहुने र सभामुख बोलिरहेको समयमा सांसदले बिचबाट हिँड्न नहुने। बैठक कक्षमा फोन मौन राख्नुपर्ने तथा फोनमा कुरा गर्न, फोटो खिच्न र अडियो/भिडियो रेकर्ड गर्न पूर्ण बन्देज रहने, अशिष्ट, अश्लील, अपमानजनक, असंसदीय शब्द वा कुनै जाति, धर्म, लिंग वा भाषालाई होच्याउने गरी बोल्न नपाइने आदि नियम रहेका छन्।

> संसद् बैठकमा सांसदहरूले जिन्स पाइन्ट, चप्पल, रातो कपाल, कोट काँधमा हालेर हिँड्ने, सोफाको डिलमा बस्ने जस्ता विषय उठिरहेका बेला सभामुखले कालो चस्मा लगाउने कार्य पनि बन्द गर्नुपर्ने प्रस्ताव राखेका हुन्।

# कप्तानगन्ज प्रदर्शन : माग पूरा गर्न दबाब

**अमर खड्का**
*इटहरी, साउन २१*

सुनसरीको देवानगन्ज- ३ को कप्तानगन्जमा तीनजनाको मृत्यु भइसकेको घटनामा सरकारले सहमति गरेका माग पूरा नगरेसम्म निरन्तर आन्दोलन जारी राख्ने पीडितले घोषणा गरेका छन्। साउन १९ को देवानगन्ज- ३ का २२ वर्षीय रवीन्द्र मेहताको उपचारका क्रममा मृत्यु भएपछि सरकारले गरेको सहमति कार्यान्वयनसँगै दोषीलाई कारबाही माग राखेर निरन्तर आन्दोलन जारी राखेका हुन्।

काठमाडौंको त्रिवि शिक्षण अस्पतालमा उपचारका क्रममा मृत्यु भएका रवीन्द्रको शवसमेत आफन्तले बुझेका छैनन्। कप्तानगन्ज घटनामा साउन १० गते दुईपक्षीय झडप भएर हिंसात्मक रूप लिँदा सोही दिन २५ वर्षीय ओमप्रकाश मेहता, साउन १४ गते विराटनगरस्थित न्युरो अस्पतालमा उपचारका क्रममा २१ वर्षीय जयप्रकाश मेहता र साउन साउन १९ गते रवीन्द्रको मृत्यु भएको थियो।

गृहमन्त्री सुदन गुरुङले साउन १४ गते राति मृतक ओमप्रकाश र जयप्रकाशका अभिभावकसँग दुवैजनालाई सहिद घोषणा प्रक्रिया अघि बढाउने र दुवै परिवारलाई प्रतिपरिवार १० लाख रुपैयाँका दरले राहत उपलब्ध गराउने सहमति भएको थियो। साथै घटनाको निष्पक्ष छानबिन गरी दोषीमाथि कानुनी कारबाही गर्ने तथा परिवारका एक-एकजना सदस्यलाई रोजगारीको अवसर दिने पनि सहमति भएको थियो। सहमति भएको भोलिपल्ट परिवारले शव जिम्मा लिएर दाहसंस्कार गरिएको थियो। यही बिचमा साउन १९ गते अर्का घाइते रवीन्द्र मेहताको पनि मृत्यु भएको थियो। रवीन्द्रको मृत्युपछि कप्तानगन्जका स्थानीयबासीले निरन्तर आन्दोलन जारी राखेका हुन्।

मृतक ओमप्रकाशका बाबु कृष्णका अनुसार सरकारले सहमति गरे पनि पूरा नगरेकाले फेरि आन्दोलन गर्नुपरेको बताए। उनले माग पूरा नगरेसम्म आन्दोलन नरोकिने बताए। सरकारले बुधबार मात्रै सुनसरी र सिरहामा प्रदर्शनका क्रममा मृत्यु भएका व्यक्तिका परिवारलाई क्षतिपूर्ति र राहत उपलब्ध गराउने निर्णय गरे पनि सहिद घोषणा र दोषीलाई कारबाहीबारे मौन रहेको छ।

मृतक र घाइतेका आफन्तले दोषीलाई अविलम्ब कारबाही हुनुपर्ने मुख्य माग राखेका छन्। रवीन्द्रका आफन्तसँग साउन १९ गते राति गृहमन्त्री गुरुङले वार्ता गरे पनि टुंगोमा पुग्न सकेन।

# कोसीमा कार्कीकै निरन्तरता

**विनोद सुवेदी**
*विराटनगर, साउन २१*

कोसी प्रदेशको मुख्यमन्त्रीमा हालकै मुख्यमन्त्री हिक्मतकुमार कार्कीले निरन्तरता पाउने भएका छन्। एमाले अध्यक्ष केपी शर्मा ओली र मुख्यमन्त्री हिक्मतकुमार कार्कीबिच भएको छलफलपछि हाललाई कार्कीलाई नै मुख्यमन्त्रीमा निरन्तरता दिने सहमति भएको एमाले सांसद रेवतीरमण भण्डारीले जानकारी दिए।

पार्टी अध्यक्ष ओली अहिलेकै मुख्यमन्त्रीलाई निरन्तरता दिन सहमत भएकाले मुख्यमन्त्रीमा कार्कीले नै निरन्तरता पाउने भण्डारीले बताए। 'अध्यक्षज्यूले मुख्यमन्त्री कार्कीलाई नै हाललाई निरन्तरता दिने र कुनै बेला आवश्यकता परे नेतृत्व परिवर्तन गर्न पनि सकिने बताउनुभएको छ', भण्डारीले भने, 'भविष्यमा सहमति र आवश्यकताका आधारमा नेतृत्व परिवर्तन हुने कुरालाई अन्यथा लिनु पनि हुँदैन।'

कोसी प्रदेशको मुख्यमन्त्रीमा कार्कीलाई नै निरन्तरता दिन अध्यक्ष ओली सहमत भएसँगै कोसी प्रदेशमा एमालेभित्र देखिएको विवाद तत्कालका लागि हल भएको छ। बिहीबार नै



विराटनगर फर्किएका मुख्यमन्त्री कार्कीले विराटनगर विमानस्थलमा पत्रकारहरूसँग कुरा गर्दै नेकपासँग भएको सहमति कार्यान्वयन गर्ने प्रतिबद्धता जनाएका छन्। उनले केही दिनभित्रै नेकपासहितको सरकार गठन गर्ने बताए। यता कांग्रेससँग छलफल गरेर मन्त्रीहरू फिर्ता गर्नै विषयमा शुक्रबारदेखि नै कुराकानी गर्ने एमालेले तयारी गरेको छ। एमाले विवादलाई देखाउँदै केन्द्रमा नेकपा र एमालेबिच कोसी प्रदेशमा सरकार गठन गर्ने सहमति भइसक्दा पनि कोसी सरकारबाट कांग्रेसले मन्त्रीहरू फिर्ता गरेको छैन। कांग्रेससँगको सम्बन्ध सुमधुर बनाउँदै सल्लाह गरेरै कांग्रेसका मन्त्रीहरू फिर्ता हुने सांसद भण्डारीले बताए। उनले कांग्रेसका मन्त्रीहरूले राजीनामा दिएपछि नेकपासँग मन्त्रालयका विषयमा छलफल गरी मन्त्रीमण्डल पुनर्गठन गरिने जानकारी दिए।


**एन आई सी एशिया बैंक लिमिटेड**
NIC ASIA
एन आई सी एशिया बैंक लि.
रजिष्टर्ड कार्यालय: का.म.पा., वडा नं. २८, कमलादी, प्रज्ञा मार्ग
फोन नं.: +९७७-१-५९७१२९७/९८, फ्याक्स: +९७७-१-५१११९८०, टोल फ्री नं.: १६६०-०१-७७७७१
सुझावको लागि: FB टाईप गरी ३४४८८ मा SMS पठाउनुहोस, केन्द्रिय असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाण्डौं ।
सम्पर्क फोन.: +९७७-१-०-४२६६५२०/२२ (एक्सटेन्सन: २०८/२२५/२२६)

## ऋण कर्जा चुक्ता भुक्तान गर्ने सम्बन्धी ३५ (पैतीस) दिने सार्वजनिक सूचना

यस बैंकका तपसिलका ऋणीले लिनुभएको ऋण कर्जा सुविधाको साँवा, व्याज लगायतका अन्य रकम बैंकसँगको शर्त कबुलियत बमोजिम समय समयमा तिर्नु बुझाउनु पर्नेमा नतिरी नबुझाई ऋण कर्जा सम्बन्धी शर्त उल्लंघन गर्नुभएकोले कर्जा चुक्ता भुक्तानी गर्न पटक पटक मौखिक तथा लिखित तरताकेता गर्दा समेत कर्जा चुक्ता नगर्नुभएकोले यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिन भित्र यस बैंकमा सम्पर्क राखी ऋण कर्जाको सम्पूर्ण साँवा, व्याज र अन्य दैं-दस्तुर चुक्ता भुक्तान गर्नुहोला । अन्यथा प्रचलित ऐन कानून तथा बैंकसँग गरेको लिखत बमोजिम धितोमा रहेको चल अचल सम्पति लिलाम बिक्री वा अन्य कुनै व्यवस्था गरी बैंकको आफ्नो लेना रकम असुल उपर गरिनुका साथै नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम ऋणी लगायत सम्बद्ध सबैलाई कर्जा सूचना केन्द्र लि.को कालोसूचीमा नाम समावेश गर्न सिफारिस गरिने व्यहोरा यसै सूचनाद्वारा जानकारी गराईन्छ । साथै धितो सुरक्षणबाट समेत बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम जमानीकर्तालाई कर्जा चुक्ता गर्न समय प्रदान गर्दा समेत कर्जा चुक्ता भुक्तानी नगरेमा जमानतकर्तालाई समेत कालोसूचीमा समावेश गर्न सिफारिस गरि बाँकी रहेको कर्जा असूल उपर गर्न बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८ र सोको नियमावली, २०५९ तथा प्रचलित कानून अनुसार ऋणी तथा जमानीकर्ताको अन्य चल अचल जायजेथा श्रीसम्पत्तिबाट बाँकी लेना रकम असुल उपर गरिने व्यहोरा समेत ऋणी, जमानीकर्ता तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा सूचित गरिन्छ ।

**तपसिल**

| क्र.सं. | ऋणीको विवरण |
|---|---|
| १ | **ऋणी फर्म: शारदा कृषि फर्म, प्रोप्राईटर तथा जमानीकर्ता: शारदा आर्चाय**<br>**दर्ता नं.:** घरेलु तथा साना उद्योग कार्यालय, मोरङ, विराटनगरमा प्रा.फ.नं.घ.उ.मो. २३७१६/०७९/०८०, **दर्ता मिति:** २०७९/०६/२४, **ठेगाना:** जिल्ला मोरङ, पथरी शनिश्चरे न.पा. वडा नं. ४ |
| २ | **ऋणी: राम विनय गिरी**<br>स्थायी ठेगाना : पर्सा जिल्ला, हरिहरपुर विर्ता गा.वि.स. वडा नं. ३, हालको ठेगाना : पर्सा जिल्ला, कालीकामाई गा.पा. वडा नं. ३, बाबु : वावुलाल गिरी, बाजे : बिजाधर गिरी भन्ने लिलाधर गिरी |
| ३ | **ऋणी कम्पनी : एस.आर. हार्डवेयर प्रा.लि., संचालक तथा जमानीकर्ता : सुरज चौलागाई**<br>**दर्ता नं.:** कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर, काठमाडौंमा दर्ता नं. १७८३२६/०७४/०७५, **दर्ता मिति** २०७४/०७/३०, **ठेगाना:** सिन्धुपाल्चोक चितवन, मेलम्ची न.पा वडा नं. १ |
| ४ | **ऋणी फर्म : सुनिल किराना पसल, प्रोप्राईटर तथा जमानीकर्ता: गायत्री कुमारी यादव**<br>**दर्ता नं.:** घरेलु तथा साना उद्योग कार्यालय गौर, रौतहटमा प्रा.फ.र.नं. १३६७०/६५१, **दर्ता मिति** २०७९/११/०३, **ठेगाना:** जिल्ला रौतहट, सितलपुर वै. गा.वि.स. वडा नं ५ (हाल फतुवा विजयपुर न.पा. वडा नं. १) |
| ५ | **ऋणी : विनोद न्यौपाने**<br>**स्थायी ठेगाना :** मकवानपुर जिल्ला, मनहरी गा.वि.स वडा नं. ८, **हालको ठेगाना :** मकवानपुर जिल्ला, मनहरी गा.पा. वडा नं. ९, **बाबु :** नर बहादुर न्यौपाने, **बाजे :** गंगा बहादुर न्यौपाने |
| ६ | **१. ऋणी फर्म: सोनिया होटल एण्ड लज, प्रोप्राईटर तथा जमानतकर्ता: सागर मगर**<br>**दर्ता नं.:** घरेलु तथा साना उद्योग विकास समिति, सोलुखुम्बुमा प्रा.फ.प्र.प.नं. १७७५/०७५/०७६, **दर्ता मिति:** २०७५/१०/१३, **ठेगाना:** जिल्ला सोलुखुम्बु, सोलुदुधकुण्ड न.पा. वडा नं. ५<br>**२. कर्जाको किसिम: बिना धितो कर्जा**<br>**ऋणी: सागर मगर**<br>**स्थायी ठेगाना :** सोलुखुम्ब जिल्ला, वासा गा.वि.स. वडा नं. ९, **हालको ठेगाना :** सोलुखुम्ब जिल्ला, सोलुदुधकुण्ड न.पा. वडा नं. ५, **बाबु :** टिके थापा मगर, **बाजे :** विमान थापा मगर<br>**जमानीकर्ता: १. राज कुमारी राई (मगर) स्थायी ठेगाना :** सोलुखुम्ब जिल्ला, वासा गा.वि.स. वडा नं. ९, **हालको ठेगाना :** सोलुखुम्ब जिल्ला, सोलुदुधकुण्ड न.पा. वडा नं. ५, **बाबु :** बम बहादुर राई, **ससुरा :** टिके थापा मगर, **पति :** सागर मगर |
| ७ | **ऋणी: विनोद थापा (मगर)**<br>**स्थायी ठेगाना :** सुनसरी जिल्ला, इनरुवा न.पा. वडा नं. ७, **हालको ठेगाना :** सुनसरी जिल्ला, इनरुवा न.पा. वडा नं. २, **बाबु :** दिल बहादुर थापा मगर, **बाजे :** अमर बहादुर थापा |
| ८ | **सरोज कुमार माझी**<br>**स्थायी ठेगाना :** मोरङ्ग जिल्ला, केरौन गा.वि.स वडा नं. ४, **हालको ठेगाना :** सुनसरी जिल्ला, रामधुनी न.पा. वडा नं. ३, **बाबु :** नरेश माझी, **बाजे :** देव दास माझी |
| ९ | **ऋणी कम्पनी : जीवन निर्माण सेवा प्रा.लि., संचालक तथा जमानतकर्ता: १) सरोज अधिकारी २) श्रीकृष्ण डंगोल**<br>**दर्ता नं.:** कम्पनी रजिष्ट्रारको कार्यालयमा दर्ता नं. १६६३७२/०७३/०७४, **दर्ता मिति** २०७३/१२/१७, **ठेगाना:** जिल्ला काठमाडौं, का.म.न.पा. वडा नं. २९, सामाखुशी |
| १० | **१. ऋणी फर्म : अजए स्टोर, प्रोप्राईटर तथा जमानतकर्ता : अजय लामा**<br>**दर्ता नं.:** घरेलु तथा साना उद्योग कार्यालय, ललितपुरमा प्रा.फ.र.नं. : ३-३४-३७६-११४/२०८०/८१, **दर्ता मिति** २०८०/०८/१४, **ठेगाना:** जिल्ला ललितपुर, ललितपुर म.न.पा. वडा नं. १८, भैसीपाटी<br>**२. ऋणी : अजय लामा**<br>**स्थायी ठेगाना :** ललितपुर जिल्ला, ललितपुर उ.म.न.पा. वडा नं. १२, **हालको ठेगाना :** ललितपुर जिल्ला, ललितपुर म.न.पा. वडा नं. १२, **बाबु :** दान बहादुर लामा, **बाजे :** अलैंची लामा |
| ११ | **ऋणी : भरथी थरुनी**<br>**स्थायी ठेगाना :** चितवन जिल्ला, रत्ननगर गा.पं. वडा नं. ८, **हालको ठेगाना :** चितवन जिल्ला, रत्ननगर न.पा. वडा नं. १, **बाबु :** हथु महतो, **ससुरा :** रामलाल महतो, **पति :** पुर्ण कुमार चौधरी |
| १२ | **ऋणी : राजु राम चौधरी**<br>**स्थायी ठेगाना :** चितवन जिल्ला, बिछौली गा.वि.स. वडा नं. ४, **हालको ठेगाना :** चितवन जिल्ला, रत्ननगर न.पा. वडा नं. ७, **बाबु :** फिरल महतो, **बाजे :** सुखट महतो |
| १३ | **ऋणी : कमल चौधरी**<br>**स्थायी ठेगाना :** चितवन जिल्ला, कठार गा.वि.स. वडा नं. २, **हालको ठेगाना :** चितवन जिल्ला, खैरहनी न.पा. वडा नं. १०, **बाबु :** ठगन महतो, **बाजे :** फिरल महतो |
| १४ | **ऋणी: गौरी शंकर साह कानु**<br>स्थायी ठेगाना : पर्सा जिल्ला, सेढवा गा.वि.स. वडा नं. ६, हालको ठेगाना : पर्सा जिल्ला, जिराभवानी गा.पा. वडा नं. २, बाबु : धनई साह कानु, बाजे : तपेसर साह कानु |
| १५ | **ऋणी फर्म: सरल कृषि पशुपंक्षी एग्रो फर्म, प्रोप्राईटर तथा जमानीकर्ता: सरिता खत्री क्षेत्री**<br>**दर्ता नं. :** घरेलु तथा साना उद्योग कार्यालय, कास्कीमा, प्रा.फ.नं.घ.उ.वि. २०५२२/०७८/०७९, **दर्ता मिति:** २०७८/०४/१५, **ठेगाना:** जिल्ला कास्की, मादी गा.पा. वडा नं. ७, छाहाचोक |
| १६ | **ऋणी फर्म : रितिका किराना तथा गल्ला भण्डार, प्रोप्राईटर तथा जमानीकर्ता : पार्वती कुर्मी**<br>दर्ता नं.: घरेलु तथा साना उद्योग कार्यालय, कपिलवस्तुमा प्रा.फ.र.नं. ११९०६/०७८, दर्ता मिति : २०७८/०४/०८, ठेगाना : जिल्ला कपिलवस्तु, बुद्धभूमी न.पा. वडा नं. ८ |

नोट: ऋणी/सञ्चालक/प्रोपाईटर बाहेक सूचनामा उल्लेखित अन्य ब्यक्तिहरुको नाम ऋणी/सञ्चालक/प्रोपाईटरको परिचय खुलाउने प्रयोजनको लागि मात्र प्रयोग गरिएको ।


## करार कर्मचारी व्यवस्थापन अध्ययन समिति गठन

काठमाडौं, साउन २१ (नागरिक)- सरकारले करार कर्मचारी व्यवस्थापन गर्न पाँच सदस्यीय अध्ययन समिति गठन गरेको छ। भूमि व्यवस्था, सहकारी, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयका कर्मचारी प्रशासन महशाखाका प्रमुख सहसचिव धोलकराज ढकालको संयोजकत्वमा पाँचत सदस्यीय समिति गठन गरिएको हो।

समितिका अन्य सदस्यमा प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालयका उपसचिव, अर्थ मन्त्रालयका उपसचिव, मन्त्रालयका उपसचिव महेन्द्रप्रसाद साँखी सदस्य तथा उपसचिव देवेन्द्र सापकोटा सदस्य-सचिव तोकिएका छन्। उक्त समितिले करारमा कार्यरत कर्मचारीको व्यवस्थापन सम्बन्धमा अध्ययन गरी उपयुक्त विकल्पसहित १० दिनभित्र सुझाव पेस गर्ने भएको छ। मन्त्रालयले ढकाललाई बुझाएको चिठीमा करारका कर्मचारी व्यवस्थापन गर्ने सम्बन्धमा अध्ययन गरी १० दिनभित्र उपयुक्त विकल्पसहितको प्रतिवेदन तयार गर्न अराएको छ। हाल देशभर तीन तहको सरकारमा ६० हजार करारका कर्मचारी छन्।

## लालबकैयाको बाढीले हुलाकी सडक अवरुद्ध

रौतहट, साउन २१ (नागरिक)- रौतहटको राजपुर नगरपालिका- २ फतुवा महेशपुरस्थित हुलाकी सडकखण्डको पश्चिम लच्कामा लालबकैया नदीमा आएको बाढीले सडक अवरुद्ध भएको छ।

निरन्तर केही दिनदेखिको वर्षाका कारण लालबकैया नदीमा बाढी आएको र हुलाकी सडक भएर बाढी बग्न थालेपछि सवारी आवागमन प्रभावित भएको हो। झाझ, चादी तथा लालबकैया नदीमा आएको बाढीले गरुडा, माधवनारायण, राजपुर, इशनाथ र गौर नगरपालिकाका साथै यमुनामाई गाउँपालिका र दुर्गा भगवती गाउँपालिकाअन्तर्गत पर्ने अधिकांश खेतीयोग्य जमिन डुबानमा परेका छन्।

सडकमा बाढीको बहाव बढेपछि सशस्त्र प्रहरी बल, सुरक्षा बेस फतुवाबाट डिजास्टर म्यानेजमेन्ट (डिएम) टोली परिचालन गरिएको छ। टोलीले घटनास्थलमा पुगेर अवस्थाको निरन्तर निगरानी गर्नुका साथै स्थानीयवासीको सुरक्षा, सहजीकरण तथा आवश्यक व्यवस्थापन गरिरहेको सशस्त्र प्रहरी बलले जनाएको छ। यसैगरी चादी नदीमा आएको बाढीले गरुडा-समनपुर सडकखण्डअन्तर्गत मलाही गाउँनजिक सडक बगाएका कारण स्थानीय सास्ती खेपिरहेका छन्। बाढीले सडकभरि खाल्डाखुल्डी, हिलो पानी जम्ने समस्याले दुर्घटनाको जोखिम बढाएको छ। पानीको बहाब तीव्र बनेका कारण नगरपालिकाले बाटोमा अस्थायी डाइभर्सनसमेत नबनाएका कारण उक्त बाटो भएर यात्रा गर्ने विद्यार्थी, किसान, व्यापारी तथा सर्वसाधारण प्रभावित भएका छन्।

# अब प्रदेश सांसदका स्वकीयलाई पनि सुविधा

**देवेन्द्र बस्नेत**
*दाङ, साउन २१*

संघीय सांसदका स्वकीयहरूलाई सेवा-सुविधा दिने संघीय सरकारको निर्णयसँगै लुम्बिनी प्रदेश सरकारले पनि यो व्यवस्था कार्यान्वयन गर्ने भएको छ। यो व्यवस्था लागु भयो भने लुम्बिनी प्रदेशका सांसदहरूले समेत स्वकीय राख्न पाउने र स्वकीयहरूले सुविधा पाउनेछन्।

सरकारका प्रवक्ता तथा स्वास्थ्यमन्त्री रामजीप्रसाद घिमिरेका अनुसार प्रदेशका सांसदहरूले स्वकीय राख्न पाउने व्यवस्था चालु आर्थिक वर्षदेखि लागु हुने गरी कार्यान्वयन गरिने जानकारी दिए। सरकारले यसबारेमा निर्णय लिने र सांसदका स्वकीयहरूले यही साउनदेखि सेवा-सुविधा पाउने व्यवस्था गरिने मन्त्री घिमिरेले जानकारी दिए। 'प्रदेश सांसदका स्वकीयहरूले यसै साउनदेखि सेवा-सुविधा पाउने खालको व्यवस्था सरकारले गर्ने छ', सरकारका प्रवक्ता तथा स्वास्थ्यमन्त्री घिमिरेले भने, 'प्रदेशका सांसदहरूले स्वकीय राख्न पाउने र सांसदका स्वकीयहरूलाई सुविधाको व्यवस्था गर्ने स्पष्ट व्यवस्था प्रदेश कानुनमै छ। फलतः यो कानुन कार्यान्वयनमा ल्याइने छ।'

यसअघि पनि प्रदेशको कानुनी व्यवस्थाअन्तर्गत प्रदेश सांसदका स्वकीयहरूले सुविधा लिइरहेका थिए, तर जेनजी आन्दोलनपश्चात् बनेको सुशीला कार्की नेतृत्वको सरकारले सांसदका स्वकीयहरूको सेवासुविधा बन्द गर्ने निर्णय गरेको थियो। सोही निर्णयका आधारमा अर्थ मन्त्रालयले प्रदेश सरकारहरूलाई समेत परिपत्र गरेको थियो। अर्थमन्त्रालयको तत्कालीन परिपत्रका आधारमा प्रदेश सांसदका स्वकीयहरूको सेवा-सुविधा रोकिएको थियो। उक्त परिपत्रका कारण प्रदेश सांसदका स्वकीयहरूले गत आर्थिक वर्षमा सुविधा पाएका थिएनन्। 'अन्तरिम सरकारले गरेको निर्णयका आधारमा यहाँका सांसदका स्वकीयहरूको पनि सेवा-सुविधा रोकिएको थियो', सरकारका प्रवक्ता तथा स्वास्थ्यमन्त्री घिमिरेले भने, 'गत आर्थिक वर्षमा स्वकीयहरूले सेवा-सुविधा नपाएको अवस्था रह्यो।'

उनका अनुसार सेवा-सुविधा नलिएरै सांसदको स्वकीयको जिम्मेवारी बहन गरिरहेका स्वकीयहरूलाई यसै आर्थिक वर्षको प्रारम्भ अर्थात् साउनदेखि लागु हुने गरी सेवा-सुविधा उपलब्ध गराइने भएको छ। यसैगरी स्वकीय नियुक्त नगरेका प्रदेशसभा सदस्यहरूले संसद् सचिवालयमार्फत स्वकीय नियुक्ति प्रक्रिया थाल्न सक्नेछन्। 'सुविधा नपाएर पनि सांसदहरूको स्वकीयको भूमिका निर्वाह गरिरहेका स्वकीयहरूले अब यो साउनदेखि सुविधा पाउने व्यवस्था हुने छ', प्रवक्ता घिमिरेले भने, 'स्वकीय नियुक्त नगरेका सांसदहरूले पनि प्रदेशसभा सचिवालयमार्फत नियुक्ति प्रक्रिया अगाडि बढाउन सक्नेछन्, उनीहरूले पनि नियुक्ति भएको मितिदेखि सुविधा पाउने छन्।' उनले यो व्यवस्था लागु गर्ने गरी मन्त्रीपरिषद्बाट निर्णय हुनेसमेत जानकारी दिए।

यता प्रदेशसभा सचिवालयले पनि प्रदेशको कानुनअनुसार सांसदहरूले स्वकीय नियुक्त गर्न पाउने बताउँछ। प्रदेशको कानुनमै सांसदका

**लुम्बिनी प्रदेश**




स्वकीयहरूले समेत सेवा-सुविधा पाउने स्पष्ट व्यवस्था भएको र तत्कालीन अन्तरिम सरकारको निर्णय तथा परिपत्रका आधारमा यो सेवा-सुविधा रोकिएको प्रदेशसभा सचिव दुर्लभकुमार पुनले जानकारी दिए।

प्रदेश सरकार मन्त्रीपरिषद् बैठकबाट निर्णय भएपश्चात् यो व्यवस्था पुनः सुरु हुने उनले बताए। 'प्रदेश सांसदका स्वकीयहरूले पनि सेवा-सुविधा पाउने व्यवस्था प्रदेश कानुनमा छ', पुनले भने, 'अन्तरिम संघीय सरकारको परिपत्रका कारण यो व्यवस्था बन्द भएको थियो, तर प्रदेश सरकार मन्त्रीपरिषद्बाट निर्णय भयो भने यो व्यवस्था पुनः सुरु हुन्छ।' लुम्बिनी प्रदेशमा कुल ८३ सांसद छन्। यीमध्ये मुख्यमन्त्री, आठ मन्त्री, प्रदेशसभाका सभामुख र उपसभामुख छन्। उनीहरूको स्वकीयको सुविधा भने खोसिएको छैन। यीबाहेकका बाँकी सांसदले समेत अब स्वकीयको सुविधा पाउने छन्।

तिमीले सबै फूललाई काटेर फाल्न सक्छौ तर वसन्तलाई रोक्न सक्दैनौ ।
– पाब्लो नेरुदा

# विपद्‌मा बिमा

युरोपमा यस वर्ष फैलिएको भीषण डढेलोले जलवायु परिवर्तनजन्य विपद्को क्षतिपूर्ति कसले बेहोर्ने भन्ने प्रश्नलाई सतहमा ल्याएको छ। हुन पनि केही दशकअघिसम्म असामान्य मानिने अत्यधिक गर्मी, लामो खडेरी र विनाशकारी डढेलो अहिले विश्वका कैयन् क्षेत्रमा नियमितजस्तै बन्न थालेका छन्। वैज्ञानिकहरूले भविष्यमा यस्ता घटना अझ बढी आवृत्तिमा र अझ तीव्र रूपमा दोहोरिने चेतावनी दिइरहेका छन्। यस्तो अवस्थामा जलवायु बिमा केवल निजी सम्पत्ति जोगाउने माध्यम मात्र होइन, जलवायु जोखिम व्यवस्थापनको महत्त्वपूर्ण आधार बन्न पुगेको छ।

फ्रान्स, स्पेन र ग्रिसमा फैलिएको पछिल्लो डढेलोले हजारौं मानिसलाई विस्थापित गरेको छ। फ्रान्समा मात्रै करिब दुई लाख २० हजार मानिसलाई सुरक्षित स्थानमा सार्नुपरेको छ। प्रारम्भिक अनुमानअनुसार फ्रान्समा यस पटकको डढेलोबाट १० अर्बदेखि १५ अर्ब युरोसम्मको क्षति हुन सक्छ। घर, व्यवसाय, पूर्वाधार र आपूर्ति प्रणालीमा परेको प्रत्यक्ष तथा अप्रत्यक्ष असरले बिमा उद्योगमाथि ठुलो दायित्व थपिएको छ तर युरोपकै अनुभवले एउटा महत्त्वपूर्ण कमजोरी देखाएको छ। जलवायु जोखिम र बिमा सुरक्षाबिच निकै ठुलो खाडल छ। युरोपेली केन्द्रीय बैंक र बिमा नियामक निकायका अनुसार सन् १९८० देखि २०२४ सम्म युरोपमा जलवायुजन्य विपद्बाट भएको कुल क्षतिको करिब एकचौथाइ मात्र बिमाबाट सुरक्षित थियो। यसको अर्थ ठुलो हिस्सा क्षति व्यक्ति, समुदाय र सरकारकै काँधमा परेको छ।

यो समस्या केवल युरोपको मात्र होइन। जलवायु परिवर्तनका असर तीव्र रूपमा भोगिरहेको नेपालजस्ता विकासोन्मुख देशका लागि यो अझ गम्भीर चुनौती हो। नेपालमा बाढी, पहिरो, हिमताल विस्फोट, सुक्खा, अत्यधिक गर्मी र असामान्य वर्षाका घटना बढिरहेका छन्। यी घटनाले मानिसको ज्यान मात्र लिएका छैनन्, कृषि, पूर्वाधार, पर्यटन, ऊर्जा उत्पादन र स्थानीय अर्थतन्त्रमा दीर्घकालीन क्षति पुर्‍याइरहेका छन्।

केही साता अघि मात्र प्रकाशित एक वैज्ञानिक अध्ययनले नेपालमा जलवायु परिवर्तनका कारण अत्यधिक गर्मी र भारी वर्षाका घटना बढेको प्रमाण प्रस्तुत गरेको थियो। नेपाली तथा अन्तर्राष्ट्रिय वैज्ञानिक सम्मिलित उक्त अध्ययनले जलवायु परिवर्तनका कारण भएको हानि-नोक्सानीलाई वैज्ञानिक रूपमा प्रमाणित गर्दै त्यस आधारमा अन्तर्राष्ट्रिय सहयोग लिन नेपालले आफ्नो तयारी बलियो बनाउनुपर्ने सुझाव दिएको छ। अध्ययनले जलवायु तथा मौसमसम्बन्धी तथ्यांक प्रणाली, वैज्ञानिक अनुसन्धान, संस्थागत क्षमता र समन्वय सुधार गर्नुपर्ने आवश्यकता औंल्याएको छ।

> जलवायु परिवर्तन अब वातावरणीय समस्या मात्र होइन, आर्थिक सुरक्षा र वित्तीय स्थायित्वको प्रश्न पनि हो। नेपालले पनि भविष्यका विपद्लाई आकस्मिक घटनाका रूपमा होइन, बढ्दो जलवायु जोखिमका रूपमा बुझ्नुपर्छ।

यस सन्दर्भमा जलवायु बिमा र जलवायुजन्य हानि-नोक्सानीको विषयलाई अलग-अलग रूपमा हेर्न मिल्दैन। व्यक्तिगत स्तरमा बिमाले घर, कृषि, व्यवसाय र जीविकोपार्जनमा परेको क्षति व्यवस्थापन गर्न सहयोग पुर्‍याउन सक्छ तर विपद्को आकार अत्यन्त ठुलो हुँदा निजी बिमाले मात्र समाधान दिन सक्दैन। त्यस्तो अवस्थामा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय वित्तीय संयन्त्र आवश्यक हुन्छन्।

नेपालले जलवायु परिवर्तनबाट हुने क्षतिलाई प्रमाणसहित अन्तर्राष्ट्रिय मञ्चमा प्रस्तुत गर्न सक्नुपर्छ। जलवायु परिवर्तनमा नेपालको योगदान नगण्य भए पनि यसको असर भने गम्भीर रूपमा भोगिरहेको छ। त्यसैले विकसित देशहरूले जलवायु वित्त, अनुकूलन सहयोग र हानि-नोक्सानीसम्बन्धी कोषमार्फत सहयोग उपलब्ध गराउने अन्तर्राष्ट्रिय प्रतिबद्धताको प्रभावकारी कार्यान्वयन आवश्यक छ।

सहयोग माग्नका लागि केवल नैतिक दाबी पर्याप्त हुँदैन। वैज्ञानिक प्रमाण, विश्वसनीय तथ्यांक र क्षतिको व्यवस्थित अभिलेख आवश्यक हुन्छ। कुन क्षेत्रमा कति क्षति भयो, जलवायु परिवर्तनले त्यसमा कस्तो भूमिका खेलेको छ र पुनःस्थापनाका लागि कति स्रोत आवश्यक छ भन्ने स्पष्ट आधार नेपालसँग हुनुपर्छ। यसले अन्तर्राष्ट्रिय जलवायु कोषमा पहुँच बढाउन मद्दत गर्छ।

नेपालले अब जलवायु बिमालाई पनि दीर्घकालीन नीतिगत प्राथमिकतामा राख्नुपर्छ। कृषि बिमा, विपद् बिमा र जलवायु जोखिममा आधारित बिमा कार्यक्रमलाई विस्तार गर्नुपर्छ। सरकारले निजी बिमा प्रदायकसँग सहकार्य गर्दै उच्च जोखिम भएका क्षेत्रका लागि उपयुक्त बिमा मोडल विकास गर्न सक्छ, साथै पुनर्बिमा प्रणालीमार्फत ठुलो विपद्को आर्थिक जोखिम व्यवस्थापन गर्न सकिन्छ। यद्यपि बिमा मात्रै पर्याप्त हुँदैन। जोखिम घटाउने पूर्वतयारी, जलवायु अनुकूल पूर्वाधार, सुरक्षित बस्ती विकास, वन व्यवस्थापन र समयमै चेतावनी प्रणाली पनि उत्तिकै आवश्यक छन्। विपद् आएपछि क्षतिपूर्ति दिनेभन्दा पहिले नै जोखिम घटाउनु सस्तो र प्रभावकारी उपाय हो। युरोपको भीषण डढेलोले दिएको सन्देश स्पष्ट छ- जलवायु परिवर्तन अब वातावरणीय समस्या मात्र होइन, आर्थिक सुरक्षा र वित्तीय स्थायित्वको प्रश्न पनि हो। नेपालले पनि भविष्यका विपद्लाई आकस्मिक घटनाका रूपमा होइन, बढ्दो जलवायु जोखिमका रूपमा बुझ्नुपर्छ। वैज्ञानिक प्रमाणमा आधारित नीति, प्रभावकारी बिमा प्रणाली र अन्तर्राष्ट्रिय जलवायु वित्तमा पहुँच विस्तार गरेर मात्र नेपालले जलवायु परिवर्तनबाट हुने बढ्दो क्षतिको सामना गर्न सक्छ।



चरण प्रसाई

# टिक्दैन नियन्त्रित लोकतन्त्र

**मधेसीमूलका बालेन्द्र शाह प्रधानमन्त्री भएको चार महिना पुग्दा नपुग्दै मधेसमै हिंसा भड्कियो। सदियौंदेखि मिलिजुली बसेका समुदायबिच घृणा फैलाइयो । भ्रामक सूचनासँगै मानसिक तनावले बढावा पायो । विडम्बना, यस्तो बेलामा पनि प्रधानमन्त्री बालेन्द्र शाह लोकतन्त्रका पहरेदार देखिएनन् ।**




सुनसरी-सिरहाका घटना अत्यन्तै दुःखद हुन्। सुरक्षाकर्मीका असावधानीका नतिजा थिए ती। मृत्युसंख्या र परिस्थिति फरक थिए तर चैत्र १५ को तीनकुने र भदौ २३-२४ का हत्या, आगजनी र लुटपाटका प्रकृति उस्तै हुन्। सरकार, व्यापारी प्रतिष्ठान र निजी सम्पत्ति तारो बने। कम्मरमाथि गोली चले। राहत र दोषीलाई उन्मुक्ति दिएर दिगो शान्ति हुँदैन। 'संक्रमणकालीन न्याय'लाई सम्बोधन नगरेबाट देश 'दण्डहीनताको स्वर्गभूमि' बनेको नकार्न पनि मिल्दैन।

असन्तुष्टि चुलिएपछि पटक-पटक मुलुकमा क्रान्ति र आन्दोलन भए। राज्यको अकर्मण्यताले नागरिकले ज्यान गुमाए। सहिद र क्षतिपूर्ति घोषणा, उपचार र रोजगारीका आश्वासन बाँडिए। छानबिन आयोग बन्ने, प्रतिवेदन बुझाउने तर सार्वजनिक नहुने रोग लागिरह्यो। भइहाले पनि सिफारिस लागु हुँदैनन्। यो कुचक्र तीन दशकदेखि चलेको छ। सम्भवतः कप्तानगन्ज घटनाले पनि यही नियति भोग्ला। दोषी व्यक्ति प्रधानमन्त्री, मन्त्री, सुरक्षा निकायका प्रमुख र उच्च सरकारी ओहदामा पुगे। पीडितलाई गिज्याइरहे।

साउन १० गते सुनसरीको कप्तानगन्जबाट सल्किएको हिंसा विभिन्न जिल्लामा फैलियो। प्रत्यक्षदर्शीअनुसार मुस्लिम र हिन्दुबिच केही विवाद भयो तर मुठभेड भएको थिएन। यस क्षेत्रमा हिन्दु र मुसलमानबिच कहिल्यै दंगा भएको थिएन।

प्रहरी र बोलबम पक्षबिच झडप भयो। सुरक्षाकर्मीको असावधानीबाट अवस्था भयावह बन्यो। चार निर्दोष नागरिकले ज्यान गुमाए। एक दर्जनभन्दा बढी घाइते भए तर यस घटनालाई हिन्दु-मुस्लिमबिचको दंगा भनी दुष्प्रचार गरियो। सेनासमेत परिचालित भए।

गृहमन्त्रालयले छानबिन समिति बनायो। हुलदंगा नरोकिएपछि 'मौन प्रधानमन्त्री'ले राष्ट्रका नाममा सम्बोधन गरे। राष्ट्रपतिलाई भेटेर घटनाको जानकारी दिए। चार दिनदेखि बेखबर गृहमन्त्रीलाई संवादबाट निकास खोज्न तराई झारे। दल, नागरिक समाज, धार्मिक गुरु तथा अन्य संघ-संस्थासित सहयोगको अपिल गरे। दमनको बाटो छाडी संवाद र सद्भावको मार्ग रोजे। सरकार एक्लिएर समाधान ननिस्कने देखे। बल प्रयोगबाट राजनीति नचल्ने बुझे।

२०६४ भदौ ३० गते कपिलवस्तुको चन्द्रौटामा मुस्लिमका अगुवा अब्दुल मोइद खाँको अज्ञात समूहबाट हत्या भएको थियो। साम्प्रदायिक हिंसा भड्कियो र १४ जनाले ज्यान गुमाए। आगजनी, लुटपाट र बलात्कारजस्ता जघन्य अपराध भए। न्यायाधीश लोकेन्द्र मल्लिकको संयोजनमा न्यायिक छानबिन समिति बन्यो, प्रतिवेदन पनि बुझायो तर त्यो न सार्वजनिक भयो, न त लागु।

यसको करिब नौ महिनाअघि (२०६३ पुस ८-१२) नेपालगन्जमा सद्भावना पार्टीको 'बन्द' साम्प्रदायिक दंगामा बदलियो। मधेसी-पहाडे झडपमा परिणत भयो। त्यसबेला पनि प्रहरी प्रशासनका लापरबाहीबाट एक युवाको हत्या भएपछि सहर हिंसाको चपेटामा पर्‍यो। आगजनी, लुटपाटसहित कैयौं व्यक्ति घाइते भए। पछि नागरिक समाजको सहजीकरणबाट दुवै घटना तत्कालका लागि शान्त भयो। तथापि कुनै पनि दोषीले आजसम्म सजाय पाएका छैनन्।

यतिबेला रास्वपाका वरिष्ठ नेता तथा मधेसीमूलका बालेन्द्र शाह मुलुकका प्रधानमन्त्री छन्। सत्ता सम्हालेको चार महिना पुग्दा नपुग्दै मधेसमा हिंसा भड्कियो। आगजनी तथा लुटपाटले आक्रान्त भयो। मुस्लिम समुदाय सन्त्रासमा छन्। सदियौंदेखि मिलिजुली बसेका समुदायबिच घृणा फैलाइएको छ। भ्रामक सूचनाले मानसिक तनाव बढाएको छ। 'सम्मानपूर्वक बाँच्न पाउने' मौलिक हक कुण्ठित छ। तथापि एकता, सहिष्णुता, सद्भावबाट मात्र समाज अघि बढ्ने नागरिक समाजका प्रयासले काम गर्‍यो। प्रधानमन्त्रीको सम्बोधन र गृहमन्त्रीका पीडितसँगको भेटघाटले वातावरण सहज बन्दै छ।

> साउन १० गते सुनसरीको कप्तानगन्जबाट सल्किएको हिंसा विभिन्न जिल्लामा फैलियो। प्रत्यक्षदर्शीअनुसार मुस्लिम र हिन्दुबिच केही विवाद भयो तर मुठभेड भएको थिएन। यस क्षेत्रमा हिन्दु र मुसलमानबिच कहिल्यै दंगा भएको थिएन। प्रहरी र बोलबम पक्षबिच झडप भयो। सुरक्षाकर्मीको असावधानीबाट अवस्था भयावह बन्यो।

विडम्बना, प्रधानमन्त्री बालेन्द्र शाह लोकतन्त्रका पहरेदार देखिएनन्। संसद्प्रति जवाफदेही भएका छैनन्। तराईमा भएका जनधनको क्षति, आगजनी, लुटपाट तथा विध्वंसका घटनाबारे संसद्लाई जानकारी दिएका छैनन्। अध्यक्ष रवि लामिछानेले बोलाएको सर्वदलीय बैठकमा न आफू गए, न त गृहमन्त्रीलाई पठाए। नेपाली कांग्रेसका सभापति गगन थापाले प्रश्न गरे, 'यस्तो बेलामा पनि प्रधानमन्त्रीले भाउ खाने हो ?'

प्रधानमन्त्री शाह 'नियन्त्रित लोकतन्त्र'का शैलीबाट अघि बढेका छन्। न्यायालय र संवैधानिक अंगलाई नियन्त्रणमा राख्ने चेष्टामा छन्। निजी मिडियालाई आर्थिक नाकाबन्दीमा पारेका छन्। अध्यादेशबाट संवैधानिक परिषद् ऐन संशोधन गरी सिफारिसका चौथो व्यक्तिलाई प्रधानन्यायाधीश बनाए। निर्वाचन आयोगमा अनुकूल व्यक्ति पठाए। देखावटी प्रतिस्पर्धामा सरकारी नियुक्ति गरे। संसद् र संसदीय समितिलाई सरकारी छाया बनाए। ओली सरकारलाई मात दिने गरी शासन चलाए तर रास्वपा भने 'मौन' छ।

विष्णु पौडेल विशेष अदालतको आदेशमा छुटेपछि 'बालेन'ले न्यायाधीशलाई थर्काउने अशोभनीय 'स्टेटस' लेखे। यसअघि पनि सरकारविरुद्धका फैसलामा न्यायाधीशमाथि आक्रोश पोखेर यस क्षेत्रमा त्रास फैलाएका छन्। केही हप्ताअघि एम्नेस्टी इन्टरनेसनल, ह्युमन राइट्स वाच र आइसिजे अन्तर्राष्ट्रिय अधिकारवादी संस्थाले अदालतको स्वतन्त्रता र निष्पक्षतामाथि आँच पुर्‍याउने कार्यप्रति विश्वको ध्यानाकर्षण गराए। प्रधानन्यायाधीशको नियुक्तिमा रोलक्रम मिचिएको, तीन न्यायाधीशमाथि राजीनामा र महाभियोगका दबाब विश्वसनीय रिपोर्टबाट प्राप्त भएको एक विज्ञप्ति सार्वजनिक गरेका थिए।

यी संस्था कुनै पनि देशको संसद्प्रति जवाफदेही हुँदैनन् तर न्याय, कानुन तथा मानव अधिकार संसदीय समिति सक्रिय भयो। यस विषयमा सरकारसँग सत्यतथ्य र जवाफ माग्नुपर्नेमा उल्टै सूचना सार्वजनिक गर्ने संस्थाहरूमाथि कारबाहीको मनसायले सम्बन्धित निकायलाई हास्यास्पद र गैरजिम्मेवार निर्देशन दिने निर्णय गर्‍यो। हेक्का रहोस्, न्याय तथा मानव अधिकार घरेलु मामला मात्र हुँदैनन्, अन्तर्राष्ट्रिय चासो र चिन्ताका विषय पनि हुन्।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगका पदाधिकारीलाई सिंहदरबारमा बोलाएर थुन्न र मुद्दा चलाउन दिएका दबाब खुलिसकेको छ। पाँच घण्टा त के, पाँच वर्ष अख्तियारलाई नछोड्ने चितवन महाधिवेशनबाट उद्घोष गरेबाट यसको पुष्टि हुन्छ। यसबाट अन्य संवैधानिक आयोग पनि दबाबमा छन्। लोकतन्त्रका आधारभूत मर्म शक्तिपृथकीकरण ध्वस्त पारिँदै छ। 'एक्सप्रेस वे'मा अन्तर्राष्ट्रिय प्रतिबद्धता, संविधान र कानुन मिचेर अघि बढ्ने संकेत गरेका छन् तर यो सम्भव छैन। सिंगो नागरिक समाजसमेत यसका विरुद्धमा खरो गरी उत्रनेछ।

भ्रष्टाचारीलाई कारबाही गर्न शाह जति दृढ छन्, अपराधीका सजायमा उति नै उदासीन। गौरीबहादुर कार्की प्रतिवेदन र राष्ट्रिय मानव अधिकार आयोगका सिफारिस बेवास्ता यसको प्रमाण हो। थाती रहेको संक्रमणकालीन न्याय प्रक्रियामा द्वन्द्वपीडितलाई 'बाइपास' गरेर अघि बढ्ने ढाँचा 'जुन जोगी आए पनि कानै चिरेको' हुनु हो। यसर्थ दिगो शान्ति र दण्डहीनता अन्त्यका पूर्वसर्त, पीडित केन्द्रित प्रक्रियालाई अघि बढाउनु हो।

सद्भाव तथा भाइचाराका प्रेरणाका स्रोत प्रधानमन्त्री र मन्त्री पनि हुन् तर तिनका 'स्टेटस' तथा अभिव्यक्तिबाट त्यस्तो देखिन्न। विशेषगरी 'देश बनाउने टिम'का अभिव्यक्ति आपत्तिजनक छन्। लामो समयदेखि 'बालेन्द्र'को एकाउन्टबाट आउने स्टेटस प्रायः विगतका नेतृत्व, विपक्षी सांसद, न्यायाधीश तथा कर्मचारीप्रति घृणाका भाव हुन्छन्। यसबाट सर्वसाधारणमा कस्तो प्रभाव पर्ला ? नागरिकबिच विभाजन र द्वेष फैलाउने कारक बन्छ/बन्दैन ? ३५ वर्षे शासनकालमा भएका असल कार्यको प्रशंसा गर्दा आपसी सम्मान र सौहार्द नै बढाउँछ।

'बालेन' यतिबेला प्रधानमन्त्री बालेन्द्र शाह भएका छन्। उनका अनुशासित व्यवहारले राष्ट्रको मान र प्रतिष्ठा बढ्ने हो। 'एक्लो बालेन भर्सेस अल' सोच इतिहास भएको छ।

*cprasai@gamil .com*

# विश्व व्यवस्थाको शिखरमा को ?

**चिनियाँ कम्युनिज्मको सबैभन्दा ठुलो रणनीतिक सफलता माओत्से तुङको सांस्कृतिक क्रान्तिको उथलपुथलपछि देखियो। पार्टीको पूर्ण राजनीतिक नियन्त्रण कायम राख्दै देङ सियाओपिङले राज्य नियन्त्रित अर्थतन्त्रभित्र तीव्र गतिमा विस्तार हुने निजी क्षेत्रलाई विकास गर्ने अनुमति दिए। परिणामस्वरूप चीनका धेरै उद्योगले अमेरिकालाई समेत पछाडि पारे।**



योस्का फिसर

अमेरिकी प्रभुत्वको विश्वव्यवस्थाको ठाँउमा अहिले शक्तिशाली राष्ट्रबिचको प्रतिस्पर्धा र प्रतिद्वन्द्वितामा आधारित विश्व व्यवस्थाले स्थान लिएको छ। अहिले पहिलेजस्तो निश्चित र औपचारिक नियमका संरचना छैनन्। अहिले मुख्य कुरा आर्थिक, प्राविधिक र सैन्य शक्ति बनेको छ र धेरै पर्यवेक्षकले अनुमान गरेभन्दा तीव्र गतिमा यस्ता शक्तिलाई चीनले सञ्चय गरिरहेको छ।

अमेरिकी सैन्य र आर्थिक शक्ति तथा मूल्यहरूको एकाधिकारमा आधारित रहेको विश्व व्यवस्थाको युग अन्ततः समाप्त भएको छ। त्यससँगै युरोपले लामो समयदेखि उपभोग गर्दै आएको स्थायित्वको अवधि पनि अन्त्य भएको छ। विश्व अहिले निकै बढी अस्थिर र अनिश्चित बनेको छ र निकट भविष्यमा अझै बढी उथलपुथल देखिन सक्छ।

विगतमा विश्व व्यवस्थाको स्वरूप औद्योगिक रूपमा विकसित प्रमुख राष्ट्रहरूलाई समेट्ने जी-७/जी-८ संरचनामा स्पष्ट देखिन्थ्यो तर अहिले चीनको नेतृत्वमा रहेको सांघाई सहयोग संगठन (एससिओ), रुसको नेतृत्वमा रहेको युरेसियन इकोनोमिक युनियन तथा ब्रिक्स प्लस (ब्राजिल, रुस, भारत, चीन, दक्षिण अफ्रिका र अन्य सदस्य तथा साझेदार राष्ट्रहरू) जस्ता प्रतिस्पर्धी संरचनाहरू देखिएका छन्। यी सबै संरचनामा मुख्यतः उदाउँदा अर्थतन्त्र भएका राष्ट्रहरू छन्।

अमेरिकी प्रभुत्वको ठाउँ अब धेरै शक्तिकेन्द्रबिचको प्रतिस्पर्धामा आधारित नयाँ व्यवस्थाले लिएको छ। यसमा कुनै निश्चित, लिखित र सर्वमान्य नियमहरू छैनन्। यसको सट्टा आर्थिक, प्राविधिक र सैन्य शक्ति नै निर्णायक बनेको छ। यसले आणविक शक्ति भएका ठुला राष्ट्रबिच द्वन्द्व र युद्धको जोखिमसमेत बढाएको छ।

त्यसो त, यो नयाँ विश्व व्यवस्था कुनै पनि हिसाबले स्थिर छैन। युक्रेन युद्ध, पर्सियन गल्फ क्षेत्रमा जारी तनाव र अन्त्य गर्ने गम्भीर प्रयाससमेत नभएको म्यानमारको गृहयुद्धले यसको प्रमाण हुन्। त्यस्तै चीन-ताइवानबिच युद्धको निरन्तर खतरा र कोरियाली प्रायद्वीपको तनाव पनि हाल विद्यमान छ।

दुई ठुला युद्ध र इरानले होर्मुज जलडमरु अवरुद्ध गर्ने अवस्थाले विश्व अर्थतन्त्रमा ठुलो असर पारेको छ। तेल, ग्यास, मल तथा अन्य अत्यावश्यक वस्तुको मूल्य बढेको छ। दुवै द्वन्द्वमा ठुलो संख्यामा मानिसको मृत्यु भइरहेको छ भने तनाव थप चर्किने जोखिम बढ्दै गएको छ।

युक्रेन र इरानका द्वन्द्वले विश्वको बढी ध्यान आकर्षित गर्नु स्वाभाविक हो तर यी द्वन्द्वहरू अप्रत्यक्ष युद्धको स्वरूप पनि बोकेका छन् किनभने यिनको रणनीतिक प्रभाव बुझ्न वर्तमान विश्व शक्ति अमेरिका र उदाउँदो शक्ति चीनबिचको ऐतिहासिक प्रतिस्पर्धालाई ध्यान दिनुपर्छ।



चीन अहिले आफूलाई कम प्रचार गर्दै अघि बढिरहेको छ र चुपचाप रणनीतिक लाभ हासिल गरिरहेको छ। अर्कातर्फ अमेरिका पर्सियन गल्फ क्षेत्रमा कठिन अवस्थामा देखिएको छ र आफ्ना पुराना मित्र तथा सहयोगी राष्ट्रहरूसँग समेत तनाव बढाइरहेको छ। यो उच्चस्तरीय शक्ति संघर्ष दुई फरक राजनीतिक र आर्थिक प्रणालीबिचको प्रतिस्पर्धा हो, जसले २१औं शताब्दीको दिशा निर्धारण गर्नेछ।

अमेरिका अत्यधिक प्रतिस्पर्धात्मक बजार अर्थतन्त्र भएको र विश्वकै सबैभन्दा पुरानो लोकतन्त्र हो। यद्यपि यो अहिले प्रविधि उद्योगका केही विशाल कम्पनीहरूको प्रभाव र सम्भावित कुलीनतन्त्रको चुनौतीसँग जुधिरहेको छ।

यसको विपरीत चीन एक केन्द्रीकृत राज्य हो, जहाँ शक्तिशाली कम्युनिस्ट पार्टीले अर्थतन्त्र, सेना र समाजमाथि व्यापक नियन्त्रण राख्छ। केवल एक पुस्ताको अवधिमा चीन अत्यन्त गरिब र पिछडिएको देशबाट विश्व व्यवस्थाको शीर्ष स्थानका लागि वास्तविक प्रतिस्पर्धी बन्न सफल भएको छ। यसलाई जुनसुकै दृष्टिकोणबाट हेरे पनि यो असाधारण उपलब्धि हो।

चिनियाँ कम्युनिज्मको सबैभन्दा ठुलो रणनीतिक सफलता माओत्सेतुङको सांस्कृतिक क्रान्तिको उथलपुथलपछि देखियो। पार्टीको पूर्ण राजनीतिक नियन्त्रण कायम राख्दै देङ सियाओपिङले राज्य नियन्त्रित अर्थतन्त्रभित्र तीव्र गतिमा विस्तार हुने निजी क्षेत्रलाई विकास गर्ने अनुमति दिए। त्यसको परिणामस्वरूप चीनका धेरै उद्योगले अमेरिकालाई समेत पछाडि पारे। विशाल घरेलु बजारको बलमा चीनले एक प्रकारको कम्युनिस्ट हाइपर-क्यापिटलिज्म (अत्यधिक पुँजीवादी स्वरूपको कम्युनिस्ट अर्थतन्त्र) निर्माण गरेको छ।

चीनको मोडल सोभियत संघको मोडलभन्दा निकै फरक छ। सोभियत संघ सुरुदेखि नै पुँजीवादविरोधी र मुख्यतः वैचारिक परियोजनामा आधारित थियो तर चीनले आफ्ना राजनीतिक जरा कायम राख्दै इतिहासकै सबैभन्दा सफल पुँजीवादी अर्थतन्त्रको अनुकरण गर्न खोज्यो र त्यसमा ऊ सफल पनि भयो। यो विरोधाभासपूर्ण देखिने रणनीतिले आश्चर्यजनक परिणाम दिएको छ।

चीनको सफलतापछाडि धेरै कारण छन्। विशाल घरेलु बजार, ठुलो मात्राको पूर्वाधार लगानी, निर्माण क्षेत्रको तीव्र विस्तार, सहरीकरण, घरेलु बजारभित्रको कडा प्रतिस्पर्धा र अनुसन्धान तथा विकासमा गरिएको ठुलो राज्य लगानी यसका प्रमुख आधार हुन्।

चिनियाँ राज्य विशेषगरी रणनीतिक लक्ष्यमा केन्द्रित छ- सेनाको आधुनिकीकरण, नवीकरणीय ऊर्जा र कृत्रिम बुद्धिमत्ताजस्ता प्रविधिमा विश्व नेतृत्व हासिल गर्ने प्रयास यसको उदाहरण हो।

चिनियाँ कम्युनिस्ट पार्टीको दीर्घकालीन योजना बनाउने क्षमता र विश्व शक्तिको शीर्ष स्थानमा पुग्ने दृढ इच्छाशक्तिले एउटा अत्यन्त सफल दोहोरो प्रणाली निर्माण गरेको छ भन्ने कुरा अस्वीकार गर्न सकिँदैन। अहिलेको टड्कारो प्रश्न भनेको 'के अमेरिकाले सोभियत संघविरुद्धजस्तै चीनको चुनौतीलाई रोक्न सक्छ ?' भन्ने हो।

यसको उत्तर केही हदसम्म अमेरिकाले आफूले निर्माण गरेको लोकतान्त्रिक पुँजीवादी मोडलबाट कति टाढा जान्छ भन्ने कुरामा निर्भर हुनेछ।

निजी प्रविधि अर्बपतिहरूको प्रभाव, स्वार्थ समूह र पक्षपातपूर्ण सम्बन्धमा आधारित सम्भावित अधिनायकवादी कुलीनतन्त्रतर्फको वर्तमान झुकाव चीनको कम्युनिस्ट पार्टीका लागि फाइदाजनक हुन सक्छ तर यसको उत्तर चीनको नेतृत्वले ताइवानप्रति सैन्य शक्ति प्रयोग गर्ने प्रलोभनलाई नियन्त्रण गर्न सक्छ कि सक्दैन भन्ने कुरामा पनि निर्भर हुनेछ।

चीनले आफ्नो सफल मोडललाई निरन्तरता दिइरह्यो भने उसले आफ्ना धेरै लक्ष्य शान्तिपूर्ण माध्यमबाट हासिल गर्न सक्छ। चिनियाँ कम्युनिस्ट पार्टी इतिहास आफ्नै बुझाइअनुसार मात्र अघि बढ्छ भन्ने भ्रमबाट बच्नुपर्छ तर यो सन्दर्भमा आकस्मिक घटना र गलत निर्णयको सम्भावना सधैं रहन्छ र त्यसको मूल्य निकै ठुलो हुन सक्छ। यसबारे रुसी राष्ट्रपति भ्लादिमिर पुटिन र अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पसँग सोधे पुग्छ।

-फिसर जर्मनीका पूर्वविदेशमन्त्री हुन्।
(प्रोजेक्ट सिन्डिकेटबाट)

# मृत्युदण्ड सुनाइएकी हसिना स्वदेश फर्किने

पृष्ठ १ बाट

'मलाई थाहा छ, उनीहरूले मलाई जेल हाल्न सक्छन् वा मार्न सक्छन्, जे पनि हुन सक्छ तर पनि म फर्किनैपर्छ,' उनले भनिन्। सम्बोधनका क्रममा उनले सन् २०२४ को विद्यार्थी आन्दोलनलाई केही संगठनले 'हिंसात्मक आन्दोलन'मा परिणत गरेको आरोप लगाइन् तर उनले त्यसको समर्थनमा कुनै प्रमाण भने प्रस्तुत गरिनन्।

हसिनाले आफू दोषी ठहर भएको मुद्दालाई सधैं राजनीतिक प्रतिशोधको परिणाम भन्दै अस्वीकार गर्दै आएकी छन् तर संयुक्त राष्ट्रसंघका अनुसन्धानकर्ताहरूले भने हसिना र उनको सरकारले सत्ता जोगाउन योजनाबद्ध र घातक हिंसाको सहारा लिएको प्रमाण फेला पारेको बताएका छन्। 'बिबिसी आई'ले प्रमाणित गरेको एउटा फोन संवादको अडियोमा हसिनाले प्रदर्शनकारीमाथि भएको घातक दमनलाई स्वीकृति दिएको सुनिएको थियो। अभियोजन पक्षले उनलाई दोषी ठहर गर्न उक्त रेकर्डिङलाई महत्त्वपूर्ण प्रमाणका रूपमा प्रयोग गरेको थियो।

संयुक्त राष्ट्रसंघका अनुसार सरकारी जागिरमा आरक्षण प्रणालीविरुद्ध विद्यार्थी नेतृत्वमा सुरु भएको आन्दोलन ठुलो जनविद्रोहमा परिणत हुँदा करिब एक हजार चार सय जनासम्मको मृत्यु भएको अनुमान छ। तीमध्ये अधिकांश सुरक्षा निकायको गोली लागेर मारिएका थिए। ७८ वर्षीया हसिना हजारौं प्रदर्शनकारीले सडकमा उत्रिएर सरकारी भवनहरूसँगै उनको आधिकारिक निवाससमेत कब्जा गर्न थालेपछि ढाका छाडेर भागेकी थिइन्। त्यसपछि १७ करोडभन्दा बढी जनसंख्या भएको बंगलादेश गम्भीर राजनीतिक संकटमा फसेको थियो।

हसिना सत्ताबाट हटेपछि अन्तरिम सरकारले जिम्मेवारी सम्हालेको थियो। यस वर्ष फेब्रुअरीमा भएको निर्वाचनपछि बंगलादेश नेस्नलिस्ट पार्टी (बिएनपी) सत्तामा आएको छ र सो पार्टीका नेता तारिक रहमान अहिले प्रधानमन्त्री छन्। उनको सरकारले यसअघि नै स्थानीय सञ्चारमाध्यमलाई हसिनाका अभिव्यक्ति प्रकाशन वा प्रसारण नगर्न चेतावनी दिएको थियो। हसिनाले सम्बोधन गरेपछि बंगलादेश सरकारले भारतले उनलाई सञ्चारमाध्यमसँग सार्वजनिक कार्यक्रममा सहभागी हुन दिएको भन्दै 'आक्रोशित' भएको जनाइएको छ। बंगलादेशको विदेश मन्त्रालयले जारी गरेको विज्ञप्तिमा भनिएको छ, 'हाम्रा जनताले बंगलादेश फेरि कहिल्यै निरंकुशताको अँध्यारो युगमा नफर्किने र बंगलादेश कहिल्यै कसैको आश्रित राज्य नबन्ने दृढ निर्णय गरिसकेका छन्।'

दिल्लीमा हसिनाको उपस्थितिले बंगलादेशसँग भारतको सम्बन्धमा तनाव बढाएको छ। बंगलादेशले उनलाई सुपुर्दगी गर्न माग गरिरहेको छ भने भारतले उक्त विषय अध्ययन गरिरहेको जनाएको छ। हसिना ढाका फर्किइन् भने त्यसले ठुलो राजनीतिक प्रभाव पार्ने र अशान्ति निम्त्याउन सक्ने विश्लेषण गरिएको छ। ढाकास्थित राजनीतिक विश्लेषक डेभिड बर्गम्यान भन्छन्, 'यो व्यक्तिगत रूपमा उनका लागि ठुलो जोखिम हो। उनी बंगलादेश फर्किन् भने उनलाई तत्काल पक्राउ गरिने छ।' सत्तारूढ बिएनपीका समर्थक, विद्यार्थी आन्दोलनबाट बनेको नेसनल सिटिजन्स पार्टी इस्लामावादी समूहलगायतले उनको सजाय कार्यान्वयनको माग गर्दै प्रदर्शन गर्न सक्ने सम्भावना रहेको विश्लेषकहरू बताउँछन्। तर हसिना नफर्किए अवामी लिगका लागि पनि जोखिम उत्तिकै ठुलो छ।

उनले देश छाडेपछि केही समयमै अवामी लिगका गतिविधिमाथि प्रतिबन्ध लगाइएको थियो र फेब्रुअरीको आमनिर्वाचनमा पनि उसलाई सहभागी हुन दिइएन। अवामी लिगका नेताहरूले आफ्ना सयौं समर्थक भिड हिंसामा मारिएको र सुरक्षाकर्मीको नियन्त्रणमा दर्जनौंको मृत्यु भएको दाबी गरेका छन् तर ढाका सरकारले अवामी लिग समर्थकहरूलाई योजनाबद्ध रूपमा निसाना बनाइएको आरोप अस्वीकार गरेको छ। हसिना सरकारका पूर्वमन्त्री मोहम्मद अली अराफातले बिबिसीसँग भने, 'हसिना फर्किनुभएन भने हिंसा जारी रहने छ र उनीहरूले अवामी लिगलाई समाप्त पार्ने छन्।' यसबिच पार्टीका धेरै शीर्ष नेताहरू देश छाडेर भागेको तर मध्यम तहका नेता र समर्थकहरू आक्रमणको जोखिममा परेको भन्दै अवामी लिगभित्रै असन्तुष्टि बढिरहेको छ। राजनीतिक विश्लेषक डेभिड बर्गम्यानका अनुसार हसिनाले भविष्यमा बंगलादेशको राजनीतिमा कुनै भूमिका राख्ने हो भने उनले बंगलादेश फर्किएर परिस्थितिको सामना गर्नुपर्ने आवश्यकता महसुस गरेको हुन सक्छ। (बिबिसीमा आधारित)

# सौतेनी आमासहित चारजनालाई आत्महत्या दुरुत्साहन कसुरमा मुद्दा दर्ता

**अमर खड्का**

*इटहरी, साउन २१*

दुई दिनअघि इटहरी उपमहानगरपालिका- ९ भद्रटोलमा १७ वर्षीय किशोरको शंकास्पद मृत्यु प्रकरणमा प्रहरीले सौतेनी आमा, बुबा र काकाहरूलाई आत्महत्या दुरुत्साहन कसुरमा बिहीबार मुद्दा दर्ता गरेको छ।

इटहरी- ९ का नन्द बिष्टको घरमा डेरा गरी बस्दै आएका जनता मावि कक्षा ११ मा अध्ययनरत १७ वर्षीय सरोज न्यौपानेको मृत्यु प्रकरणमा पक्राउ परेकालाई प्रहरीले मुद्दा दर्ता गरेको हो। सरोजलाई शारीरिक तथा मानसिक यातना दिई आत्महत्या गर्न बाध्य बनाएको आरोपमा उनकी सौतेनीआमा मुना न्यौपाने, बुबा बुद्धिसागर न्यौपाने, काकाद्वय अशोक न्यौपाने र नमराज न्यौपानेविरुद्ध आत्महत्या दुरुत्साहनसम्बन्धी कसुरमा मुद्दा दर्ता गरिएको जिल्ला प्रहरी कार्यालय सुनसरीका प्रवक्ता डिएसपी चन्द्र खड्काद्वारा जारी सूचनामा उल्लेख छ। मुद्दा दर्तासँगै जिल्ला अदालत सुनसरीले पाँचदिने म्याद थपेको छ।

बुधबार सरोजको शव मावली पक्षलाई जानकारी नै नदिई दाहसंस्कार गर्न पुख्र्यौली घर बुटवल लाने तयारी गरिएको थियो। त्यही बेला साथीहरूले दिउँसो विरोध गरेर रोकेका थिए। बुधबार सरोजका साथीहरू कोठामै गएर निकै सम्झाएर फर्किएका थिए। साथीहरूले सम्झाउँदा त्यस्तो गर्दिनँ भनेका थिए। मृतक सरोजका साथी अविज्ञा पोखरेलका अनुसार साथीहरू फर्केको एक घन्टापछि नै आत्महत्या गरेका थिए।

शंकास्पद मृत्यु प्रकरणमा विद्यार्थीले बिहीबार इटहरीमा प्रदर्शन गरे। विद्यार्थीले इटहरीको मुख्य चोकमा प्रदर्शन गर्दै सरोजलाई न्याय दिन, पक्राउ परेकाहरूलाई कुनै पनि हालतमा उन्मुक्ति नदिन तथा निष्पक्ष अनुसन्धान गर्न माग गरे। उनीहरूले इटहरी उपमहानगरपालिकाका मेयर हेमकर्ण पौडेललाई समेत भेटेर घटनामा दोषीमाथि कडा कानुनी कारबाहीका लागि सहयोग गर्न आग्रह गरेका थिए। बुधबार अपरान्ह पनि विद्यार्थीले सरोज बस्दै आएको घर घेराउ गर्दै घटनाको सूक्ष्म अनुसन्धान गर्न, दोषीमाथि कडा कानुनी कारबाही गर्न तथा सत्यतथ्य सार्वजनिक गर्न माग गरेका थिए।

# ग्रिनेड पड्केर दुई सैनिक घाइते

धनगढी, असार २१ (नागरिक)- कैलालीमा तालिम अभ्यासका क्रममा ग्रिनेड पड्काउँदा एक सैनिकले ज्यान गुमाउनुपरेको ४२ दिन नबित्दै त्यही प्रकृतिको घटना दोहोरिएर दुई सैनिक घाइते भएका छन्। कैलालीको गोदावरी नगरपालिका- ४ स्थित वनदेवी फायरिङ रेन्जमा नेपाली सेनाको नियमित सैन्य तालिम अभ्यासका क्रममा बिहीबार बिहान ह्यान्ड ग्रिनेड विस्फोट हुँदा दुईजना सैनिक घाइते भएका हुन्।

बिहीबार बिहान ८ बजेतिर देवदल गणको सैन्य तालिम अभ्यास गर्ने क्रममा ह्यान्ड ग्रिनेड विस्फोट भएको नेपाली सेनाले जनाएको छ। तालिम अभ्यासका क्रममा ह्यान्ड ग्रिनेड विस्फोट हुँदा दुई सैनिक घाइते भएको कैलाली जिल्ला प्रहरी कार्यालयका प्रहरी निरिक्षक कैलाश बिष्टले बताए।

विस्फोटबाट ३० वर्षीय सहायक सेनानी विक्रम कार्की र २० वर्षीय सैनिक रञ्जित थारू घाइते भएका छन्। सहायक सेनानी कार्कीको दाहिने हात र अनुहारमा तथा सैनिक रञ्जित थारूको दाहिने हातमा चोट लागेको छ। विस्फोटमा परेर घाइते भएपछि दुवै सैनिकलाई बोराडाँडीस्थित नेपाली सेनाको अस्पताल पुऱ्याइएको थियो।

# विदेशी उपाधिको समकक्षता सेवा अब युजिसीमार्फत

काठमाडौं, साउन २१ (नागरिक)- विदेशी विश्वविद्यालय तथा उच्च शैक्षिक संस्थाबाट प्राप्त शैक्षिक उपाधिको समकक्षता प्रदान गर्ने सेवा अब विश्वविद्यालय अनुदान आयोग (युजिसी) मार्फत सञ्चालनमा आएको छ। यसअघि त्रिभुवन विश्वविद्यालयले प्रदान गर्दै आएको यो सेवा २०८३ साउन १ देखि कानुनी व्यवस्थाअनुसार आयोगमा हस्तान्तरण भएको शिक्षा तथा खेलकुद मन्त्रालयले जनाएको छ।

आयोगले समकक्षता सेवाका लागि आवश्यक नियमावली तयार गरी स्वीकृतिका लागि शिक्षा तथा खेलकुद मन्त्रालयमा पठाइसकेको छ। हाल नियमावली अर्थ मन्त्रालयबाट राय-परामर्श लिने प्रक्रियामा रहेको र स्वीकृतिको अन्तिम चरणमा पुगेको छ।

नियमावली स्वीकृत नभइसके पनि सेवा अवरुद्ध हुन नदिन आयोगले आवश्यक पूर्वाधार तयार गरी साउन ६ देखि अनलाइन आवेदन दर्ता प्रणाली सञ्चालनमा ल्याएको छ। आयोगको संस्थागत संरचना पूर्णरूपमा तयार नहुँदासम्म भने साउन १५ को मन्त्रीस्तरीय निर्णयअनुसार त्रिभुवन विश्वविद्यालयले अवलम्बन गर्दै आएको कार्यप्रक्रिया, आधार र मापदण्डका आधारमा त्रिभुवन विश्वविद्यालयको सहकार्यमा सेवा सञ्चालन भइरहेको मन्त्रालयले जनाएको छ।

आयोगका अनुसार समकक्षताका लागि प्राप्त आवेदनहरूको आन्तरिक प्रमाणीकरण (भेरिफिकेसन) प्रक्रिया सुरु भइसकेको छ। विद्यार्थीले साउन २० देखि समकक्षता शुल्क भुक्तानी गर्न सुरु गरेका छन् भने प्रमाणीकरण प्रक्रिया पूरा भएपछि समकक्षता प्रमाणपत्र उपलब्ध गराइनेछ। नयाँ प्रणालीमा हालसम्म तीन हजार एक सय ६२ जना प्रयोगकर्ता दर्ता भइसकेका छन् भने करिब एक हजार आवेदन प्रक्रिया अघि बढाइएको आयोगले जनाएको छ। विद्यार्थीले आयोगको आधिकारिक अनलाइन पोर्टलमार्फत जुनसुकै स्थानबाट समकक्षताका लागि आवेदन दिन, शुल्क भुक्तानी गर्न तथा डिजिटल प्रमाणपत्र प्राप्त गर्न सक्ने व्यवस्था गरिएको छ।

# अम्बा खान आएको भन्दै बालिकाको हत्या

मोरङ, साउन २१ (नागरिक)- साउन ८ गते राति हत्या गरी घरनजिकै रहेको घन्सीबारीमा फ्यालिएको अवस्थामा भेटिएकी चार वर्षीया नाबालिकाको हत्या आरोपमा छिमेकी ५९ वर्षीय पुरुषलाई प्रहरीले पक्राउ गरेको छ। मोरङको सुनवर्षी- ९ डाइनियामा छिमेकीबाटै नाबालिकाको हत्या भएको पत्ता लागेको हो।

नाबालिकाको हत्या भएको १३औं दिनमा प्रहरीले हत्यामा संलग्न भएको आरोपमा सुनवर्षी नगरपालिका- ९ डाइनियाका जफारुल मियाँकी चार वर्षीया छोरी कायानत खातुनको साउन ८ गते साँझ हत्या भएको थियो। हत्यामा संलग्न भएको आरोपमा छिमेकी ५९ वर्षीय जान मोहमद मन्सुरीलाई बुधबार घरबाटै पक्राउ गरेको मोरङ प्रहरी प्रवक्ता डिएसपी मकेन्द्रकुमार मिश्रले जानकारी दिए।

साउन ८ गते शुक्रबार अपरान्ह ४ बजेदेखि नाबालिका हराएपछि खोजी गर्ने क्रममा हत्या गरी फालेको अवस्थामा घन्सीबारीमा राति साढे ७ बजेतिर शव फेला परेपछि प्रहरीलाई खबर गरेका थिए। घरदेखि करिब दुई मिटर टाढा घन्सीबारीमा मृत अवस्थामा नाबालिका भेटिएकी थिइन्।

धितोपत्र सम्बन्धी ऐन, २०६३ र सामूहिक लगानी कोष नियमावली, २०६७ (संशोधन सहित) बमोजिम नेपाल धितोपत्र बोर्डमा दर्ता भएको

कोष प्रवर्द्धक: कुमारी बैंक लिमिटेड KUMARI BANK LIMITED सबैका लागि, सधैंका लागि

योजना व्यवस्थापक तथा तथा डिपोजिटरी: कुमारी क्यापिटल लिमिटेड KUMARI CAPITAL LIMITED Invest for your future

**कुमारी सामूहिक लगानी कोष अन्तर्गत सञ्चालित**

**कुमारी सुनौलो लगानी योजना (Kumari Sunaulo Lagani Yojana)**

**(खुलामुखी योजना) को**

**आर्थिक वर्ष २०८२/८३ को प्रतिफल वितरण, इकाईधनी दर्ता किताब बन्द तथा प्रतिफल पुनः लगानी योजना (DRIP) सम्बन्धी सूचना**

कुमारी बैंक लिमिटेडद्धारा कोष प्रवर्द्धन गरिएको तथा कुमारी क्यापिटल लिमिटेड योजना व्यवस्थापक तथा डिपोजिटरी रहेको कुमारी सामूहिक लगानी कोष अन्तर्गत सञ्चालित खुलामुखी योजना "**कुमारी सुनौलो लगानी योजना**" को आर्थिक वर्ष २०८२/८३ को लेखापरीक्षणको कार्य सम्पन्न भई योजना व्यवस्थापकको मिति २०८३/०४/२१ गते दिउँसो ०४:०० बजे बसेको संचालक समितिको ८५ औं बैठकले आर्थिक वर्ष २०८२/८३ का लागि उक्त योजनाको इकाईधनीहरुलाई कर सहित ४.७० प्रतिशत प्रतिफल (नगद लाभांश) वितरण गर्ने निर्णय गरेको व्यहोरा सम्बन्धित सबैमा जानकारी गराउँदछौं। उक्त प्रतिफल वितरण प्रयोजनका लागि मिति २०८३/०४/२१ गते इकाईधनी दर्ता किताब बन्द (Book Close) गर्ने निर्णय भएको हुँदा मिति २०८३/०४/२० गतेसम्म कायम रहेका इकाईधनीहरुले मात्र माथि उल्लेखित प्रतिफलको लागि योग्य हुने व्यहोरा समेत यसै सूचना मार्फत सम्बन्धित सबैमा जानकारी गराउँदछौ।

"**कुमारी सुनौलो लगानी योजना**" खुलामुखी योजना रहेको र उक्त योजनाका इकाईधनीहरुले प्राप्त गर्ने (कर तथा निर्धारित डिपि शुल्क कट्टी पछिको प्रतिफल रकम बराबरले हुन आउने रकम समायोजित **खुद सम्पत्ति मूल्यमा पुनः लगानी गर्न सकिने (Dividend Re-investment Plan) योजना संचालनमा रहेको हुँदा उक्त योजनामा सहभागी हुन चाहनु हुने योग्य इकाईधनीहरुले निम्न प्रकृया अनुसार मिति २०८३/०५/०४ गतेसम्म आफ्नो नाम दर्ता गर्नु हुन यसै सूचना मार्फत आव्हान गर्दछौं**। साथै यस अघि नै सो योजनामा सहभागि भई आफ्नो नाम दर्ता गराई सक्नु भएका इकाईधनीहरुले पुनः आफ्नो नाम दर्ता गराउनु पर्ने छैन्।

**लाभांश पुनः लगानी योजनामा दर्ता गर्ने प्रकृयाहरु:**

१. कुमारी क्यापिटल लिमिटेडको कार्यालयमा गई आवेदन फाराम भरी उक्त योजनामा सहभागी हुन सकिने छ।
२. कुमारी क्यापिटल लिमिटेडको वेवसाइट www.kumaricapital.com मा गई वा सोझै mutualfund.kumaricapital.com खोली अनलाइन मार्फत रितपूर्वक विवरण भरी उक्त योजनामा सहभागी हुन सकिने छ।

यस अगाडी नै लाभांश पुनः लगानी योजनामा दर्ता भईसकेका इकाईधनी तथा मिति २०८३/०५/०४ गतेसम्म दर्ता गर्ने इकाईधनीहरुको प्राप्त प्रतिफल बराबरको इकाई सम्बन्धित इकाईधनीहरुको हितग्राही खातामा सोझै पठाईने व्यवस्था मिलाइने छ। साथै, उक्त योजनामा सहभागि नहुने इकाईधनीहरुको हकमा मिति २०८३/०५/०४ गते पश्चात् प्रतिफल रकम सम्बन्धित इकाईधनीहरुको हितग्राही खातामा उल्लेखित बैंक खातामा सोझै जम्मा गरिदिने व्यहोरा समेत जानकारी गराउंदछौं।

**योजना व्यवस्थापक तथा डिपोजिटरी:**

कुमारी क्यापिटल लिमिटेड KUMARI CAPITAL LIMITED Invest for your future

दुर्गा भवन, नागपोखरी-१, नक्साल, काठमाडौं
फोनः ०१-५९७००८२
Email: info@kumaricapital.com
Website: www.kumaricapital.com

**ज्वालामूखी गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
साँधभञ्ज्याङ, धादिङ
वागमती प्रदेश, नेपाल

**आ.व. ०८३/८४ को लागि आन्तरिक आय तर्फको बोलपत्र आव्हान सम्बन्धी सूचना**

(प्रथम पटक प्रकाशित मिति २०८३/०४/२२)

स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ११ को उपदफा २ को घ (६) र दफा ६२ को उपदफा ३ बमोजिम राजश्व परामर्श समितिको मिति २०८३/०४/२० को निर्णय अनुसार यस गाउँपालिकाको क्षेत्रभित्र देहाय बमोजिम आ.व. २०८३/८४ को लागि आन्तरिक आय सम्बन्धी ठेक्का बन्दोबस्ती गर्नुपर्ने भएकोले गाउँपालिकाबाट तोकिएको दररेटमा स्वीकृत प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन (IEE) मा उल्लेखित नदीनाला तथा अन्य क्षेत्रहरुबाट स्वीकृत परिमाण भन्दा बढी उत्खनन नहुने गरी बिक्री शुल्क संकलनको ठेक्का लिन ईच्छुक (स्थायी लेखा दर्ता प्रमाणपत्र, कम्पनि दर्ता प्रमाणपत्र, फर्म नवीकरण, आ.व. ०८१/८२ को आयकर चुक्ता प्रमाणपत्र भएको) फर्म वा कम्पनीबाट तोकिएको न्युनतम अंकमा नघट्ने गरी बोलपत्र आव्हान गरी सोही प्रक्रियाबाट संकलन गर्नुपर्ने भएकोले योग्य र ईच्छुक फर्म, कम्पनी वा बोलपत्रदाताले यस कार्यालयबाट निर्धारित बोलपत्र फारम खरिद गरी यसै साथ संलग्न शर्तहरुको अधिनमा रही तोकिएको मिति र समयमा बोलपत्र खरिद गरी पेश गर्न यो सूचना सम्बन्धित सबैको जानकारीको लागि प्रकाशित गरिएको छ।

**आन्तरिक ठेक्का विवरण**

| ठेक्का नं. | आयको विवरण | आ.व. २०८३/८४ का लागि कायम न्यूनतम अंक (मु.अ.कर सहित) | बिक्री तथा निकासी दर प्रति घन फिट | बोलपत्र फाराम दस्तुर | धरौटी जमानत रकम |
|---|---|---|---|---|---|
| ०१/०८३/०८४ राजश्व | ज्वालामूखी गाउँपालिकाको क्षेत्राधिकार भित्र वडा नं. ५ र ७ मा पर्ने सिम्ले, बौसेरह, पहरे र बुङ्कोटघाट बाट ढुङ्गा, गिट्टी र बालुवा, निकासी कर तथा विक्री शुल्क संकलन कार्य। | २३,३६,०००/- (तेइस लाख छत्तिस हजार मात्र) | निकासी कर बिक्री शुल्क प्रति घन फिट ७ (सात रुपैया) भ्याट बाहेक | ३,०००/- | कबोल अंकको ५ (पाँच) प्रतिशत |
| ०२/०८३/०८४ राजश्व | ज्वालामूखी गाउँपालिकाको क्षेत्राधिकार भित्र वडा नं.१मा पर्ने मजुवा खोलाको ढुङ्गा, गिट्टी र बालुवा, निकासी कर तथा विक्री शुल्क संकलन कार्य। | १६,१३,०००/- (सोह्र लाख तेह्र हजार मात्र) | निकासी कर बिक्री शुल्क प्रति घन फिट ७ (सात रुपैया) भ्याट बाहेक | ३,०००/- | कबोल अंकको ५ (पाँच) प्रतिशत |
| ०३/०८३/०८४ राजश्व | ज्वालामूखी गाउँपालिकाको क्षेत्राधिकार भित्र वडा नं.१मा पर्ने जोगेटार खोलाको ढुङ्गा, गिट्टी र बालुवा, निकासी कर तथा विक्री शुल्क संकलन कार्य। | ८,२६,०००/- (आठ लाख छब्बिस हजार मात्र) | निकासी कर बिक्री शुल्क प्रति घन फिट ७ (सात रुपैया) भ्याट बाहेक | ३,०००/- | कबोल अंकको ५ (पाँच) प्रतिशत |
| ०४/०८३/०८४ राजश्व | ज्वालामूखी गाउँपालिकाको क्षेत्राधिकार भित्र वडा नं.१मा पर्ने माझीटार खोलाको ढुङ्गा, गिट्टी र बालुवा, निकासी कर तथा विक्री शुल्क संकलन कार्य। | १८,१३,०००/- (अठार लाख तेह्र हजार मात्र) | निकासी कर बिक्री शुल्क प्रति घन फिट ७ (सात रुपैया) भ्याट बाहेक | ३,०००/- | कबोल अंकको ५ (पाँच) प्रतिशत |

**ठेक्का सम्बन्धी शर्तहरुः**

१. माथि उल्लेखित ठेक्काको लागि बोलपत्र फारम खरिद गरी खामबन्दी पेश गर्नुपर्नेछ।
२. ठेक्का अवधि आ.व. २०८३/०८४ जेठ मसान्तसम्म रहनेछ। तर, ठेक्कामा मालसामानको परिमाण यकिन भएको र परिमाण अनुसारकै ठेक्का अंक कायम गरिएकोले आवश्यक प्रक्रिया पुरा गरी उक्त परिमाण सो भन्दा कम अवधिमा पनि विक्री निकासी गर्न सकिनेछ। साथै परिमाणका आधारमा ठेक्का सम्झौता हुने भएकोले बन्द हड्ताल आदिका कारण काम सुचारु नभएको अवस्थामा कुनै पनि किसिमको क्षतिपूर्ति दावी गर्न पाईनेछैन। प्रतिवेदनले निषेध गरेको अवधि तथा नदि क्षेत्रबाट सामग्री उत्खनन् गर्न पाईनेछैन तर, विभिन्न स्थानमा थुपारेर राखेको मौज्दात सामग्री विक्री तथा निकासी गर्न सकिनेछ।
३. धरौटी बापत कबोल गरेको अंकको ५ प्रतिशत रकम यस कार्यालयको ज्वालामूखी गाउँपालिका स्थित नेपाल इन्भेष्टमेन्ट मेगा बैंकमा रहेको राजश्व खाता नं. १६६०१४०००००० ९३ (गा.पा. को राजश्व शाखामा सम्पर्क गर्ने) मा नगद दाखिला गरेको सक्कल भौचर वा बोलपत्र खरिद गर्ने अन्तिम मितिबाट १२० दिनसम्म म्याद भएको बैंक जमानत (विड बण्डको सक्कल प्रति) बोलपत्र साथ संलग्न गरी पेश गर्नुपर्नेछ। धरौटी बापत जम्मा गरेको रकमलाई किस्तामा समावेश गर्न पाईनेछैन र उक्त बैंक जमानत तथा नगद धरौटी नियमानुसार कागजात पेश गरिसकेपछि प्रचलित ऐन वमोजिम फिर्ता गरिनेछ।
४. कारण जनाई वा नजनाई बोलपत्र स्वीकृत गर्ने वा नगर्ने अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ।
५. बोलपत्र दिँदा कुनै किसिमको शर्त मान्य हुनेछैन, साथै रित नपुगी आएको बोलपत्र उपर कुनै कारवाहि हुनेछैन।
६. ठेक्कामा कुनै विवाद भएमा ज्वालामूखी गाउँपालिकाको निर्णय नै अन्तिम हुनेछ।
७. उपरोक्त ठेक्काको लागि सूचना प्रकाशित भएको मितिले २१ औ दिनसम्म कार्यालय समयभित्र बोलपत्र खरिद गरी २२ औं दिनको १२:०० बजेभित्र यस कार्यालयमा बोलपत्र बुझाउनुपर्नेछ। प्राप्त बोलपत्रहरु सोही दिनको २:०० बजे ज्वालामूखी गाउँपालिकाको कार्यालयमा खोलिनेछ।
८. बोलपत्र फारमहरु खरिद गर्ने, दाखिला गर्ने, खोल्ने दिन सार्वजनिक विदा परेमा क्रमशः सो को भोलिपल्ट सोही समयमा दर्ता तथा खोलिने कार्य गरिनेछ।
९. यस सूचनामा उल्लेख भएका शर्तहरुका अतिरिक्त बोलपत्र साथ संलग्न गरिएका आय ठेक्का सम्बन्धी अन्य शर्तहरुका प्रत्येक बुँदाहरु यसै सूचनाका शर्त सरह लागु हुनेछ।
१०. यस सूचना तथा बोलपत्र साथ संलग्न अन्य शर्तहरु पुरा नभएका बोलपत्रहरू मूल्याँकनमा समावेश गरिनेछैन।
११. अन्य कुराहरु नेपाल सरकारको प्रचलित ऐन कानून बमोजिम हुने छ।
१२. थप जानकारीको लागि यस गाउँपालिकाको website: www.jwalamukhimun.gov.np मा हेर्न सकिनेछ।

**प्रमुख प्रशासकीय अधिकृत**

**Invitation for Bids**

**Proposal for Procurement of Data Loss Prevention Solution**

**Published date: August 7, 2026**
**Deadline for Submission: - August 21, 2026**

Citizens Bank International Limited invites sealed bids for Procurement of Data Loss Prevention (DLP) Solution License as per the terms and conditions outlined below: -

1. Tender Documents can be procured during office hours from General Service Department of the Bank at Head Office, Narayanhiti Path, Durbar Marg, Kathmandu upon payment of NPR 5,000.00 (Nepalese Rupees Five Thousand only), at A/c no. 999-01290040101 nonrefundable, latest by 11:00 hours on August 21, 2026.
2. Sealed Tenders should be submitted to Head Office of the Bank latest by 17:00 hours on August 21 2026. Sealed tenders will be opened on 11:00 hours on August 24, 2026 at Head Office of the Bank at Narayanhiti Path, Durbar Marg, Kathmandu in presence of respective bidders(s) or in presence of its authorized representative. However, non-presence of the bidder(s) or its representative will not affect or change the pre-scheduled bid opening date for opening of the Bids. Qualification document (Eligibility proposal) will be evaluated first and date, time and place for opening of another sealed Bids (Technical Proposal then Financial Proposal) of qualified bidder will be notified and will be opened in the presence of qualified bidders/authorized representatives who choose to attend. The bid documents of financial offer of the unqualified bidder shall be returned to the respective bidders in sealed (unopened) condition.
3. If the last date of purchasing, submission and opening falls on a public holiday, immediate next working day shall be considered the last day for respective jobs.
4. Documents received after the deadline of the submission will not be considered for further evaluation.
5. The bidders meeting the following conditions will only qualify to participate in the bid: -
   i) The bidder should have minimum of 3 years working experience in ICT business in Nepal and should submit the self-certified copies of Company registration, Memorandum of Association, Article of Association and VAT/TAX registration. All Original Equipment Manufacturer (OEM) should have a local partner and must apply for Bid through local partner.
   ii) The bidder should have sufficient capacity to execute the work by local support, OEM or any other implementation partner with respect to personnel and technical competence. In case of implementation to be done by anyone other than OEM, then bidder must submit the certification, experience and agreement with bidder for the implementation task.
   iii) The bidder must be a financially sound and profit making company and should be in profit for last one year. The bidder must submit audited financial statement of last one year.
   iv) The bidder must have tax clearance certificate of last fiscal year issued by tax office of concerned nation.
   v) The bidder shall be an authorized partner & service provider of the offered solution and have authorization to resell and implement the quoted product in Nepal. Further, the bidder should submit the manufacturer authorization letter (MAF) of quoted solution.
   vi) The purposed product should not have EOL (End of Life) for at least five years from the date of purchase. Letter from OEM shall be required.
   vii) The bidder should have implemented the similar solution at least one enterprise organization. Appreciation/Reference letter issued by Commercial Bank(s)/ renowned corporate houses to back the claim of experience. Priority will be given to the bidder having the maximum number of work experiences and certified employee.
6. Bids must be accompanied by bid security of 5% of the bid amount either in the form of earnest money (refundable) deposited in cash at the Head Office of the Bank or in the form of bank guarantee (Bid Bond) issued in favor of the Bank having validity of 90 days from the last date of bid submission.
7. All other information are mentioned in the bid documents.
8. The Bank, at its sole discretion; reserves all the rights to accept or reject the "Bids" received from the bidders, wholly or partly; any or all the bids without assigning reason whatsoever.

Citizens Bank

**General Service Department (GSD)**
P.O.Box 19681
Narayanhiti path, Kathmandu, Nepal
Telephone : +977-01-4527842,+977-01-4527843
Fax 977-01-4527044, Email: gsd@ctznbank.com

THE BANKER BANK OF THE YEAR 2024 NEPAL
THE BANKER BANK OF THE YEAR 2025 NEPAL

www.ctznbank.com

**बजार**

सुन तोला - २९६,०००
चाँदी तोला - ४५७०

| विदेशी मुद्रा | | खरिद | बिक्री |
|---|---|---|---|
| अमेरिकी डलर | - | १५२.०६ | १५२.६६ |
| युरो | - | १७५.४५ | १७६.१४ |
| पाउन्ड स्टर्लिङ | - | २०४.६२ | २०५.४३ |

# 'ग्यास सप्लाई चेन बिग्रियो'

## महिना दिनमा बिक्री हुने ग्यास तीन सातामा वितरण भइसक्यो तर अभाव घटेन

**सन्तोष पोखरेल**

*पोखरा, साउन २१*

पोखरामा शक्ति र गृहलक्ष्मी गरी दुईवटा ग्यास उद्योग छन्। अहिले ती उद्योगलाई सबैभन्दा बढी दबाब छ। किनभने बजारमा जति सुकै ग्यास सिलिन्डर पठाएको भए पनि उपभोक्ताले सहज ग्यास पाएका छैनन्। दिनहुँजसो बजारमा ग्यास पठाए पनि अपुग भएको गुनासो उपभोक्ताले उद्योगसम्मै गर्ने गरेका छन्।

शक्ति ग्यास उद्योगले यो साउनको २१ दिनमा कास्कीमा मात्रै ३१ हजार ६७० सिलिन्डर ग्यास बिक्री गरिसकेको छ। शक्तिले साउनमा बजार पठाएको ग्यास सिलिन्डरको यो संख्याले उद्योगको झन्डै ५६ प्रतिशत हिस्सा ओगट्छ। कास्कीबाहेक आसपासका जिल्लामा पनि शक्तिले ग्यास बिक्री गर्छ। साउनको तीन सातामा शक्तिले सबै गरी ५६ हजार ८३१ सिलिन्डर ग्यास बजारमा पठाइसकेको छ।



पोखरामा ग्यासका लागि पालो पर्खिरहेका उपभोक्ता। *तस्बिरः नागरिक*

त्यसैगरी पोखराकै अर्को उद्योग गृहलक्ष्मी कम्पनीले पनि साउनको २१ दिनमा कास्कीमा मात्र ३७ हजार ३४८ सिलिन्डर ग्यास बिक्री गरिसकेको छ। सामान्य अवस्थामा गृहलक्ष्मीले कास्कीमा मासिक ३० हजार हाराहारी ग्यास सिलिन्डर बिक्री गर्दथ्यो तर यस पटक तीन सातामा ३७ हजारभन्दा बढी सिलिन्डर ग्यास बिक्री गरिसक्दा पनि अभाव कम हुन सकेको छैन। सामान्यभन्दा बढी संख्यामा ग्यास सिलिन्डर बजारमा पठाउँदा पनि अभाव कम हुन नसकेको भन्दै उद्योगी नै अचम्मित छन्।

'सामान्य अवस्थामा हामीले कास्कीमा प्रतिमहिना ३० हजार हाराहारी सिलिन्डर पठाउँछौं। यस पटक तीनसातामा त्यो संख्या ३१ हजार नाघिसकेको छ। हामीले महिना दिनमा गर्दै आएको व्यापार तीन सातामै नाघिसकेको छ। तरपनि उपभोक्ताको भीड डिलरमा उत्तिकै छ। ग्यास चाहियो, खाना पकाउन पाइएन भनेर गुनासो गर्ने उपभोक्ता उद्योगसम्मै आइपुग्छन्', शक्ति ग्यास उद्योगका महाप्रबन्धक मेघराज पौडेल भन्छन्, 'हामीले पठाएको ग्यास कहाँ गयो भनेर अचम्मित छौं। उपभोक्ताको गुनासो सुन्दा हामी नै छक्क पर्ने अवस्था छ।'

डिलर कहाँ ग्यास ढुवानी गरेको भए पनि उपभोक्ताको भिड कम हुन नसकेको उनले बताए। पौडेलको बुझाइमा ग्यास बिक्रीको पुरानो 'चेन' नै अहिले ब्रेक भएको छ। उद्योगले सबैभन्दा पहिले ग्यासका सिलिन्डर डिलर कहाँ पठाउने, डिलरले सब-डिलरकहाँ पठाउने र सब डिलरमार्फत उपभोक्ताको घरमा ग्यास पुग्नुपर्नेमा अहिले डिलरमै ग्यास लिनेको भिड बढेपछि सब डिलर कहाँ ग्यास पठाउनै नसकेको उनले बताए। उपभोक्ताले नियमित रूपमा खरिद गरिरहेको ठाउँबाट अहिले ग्यास पाउन नसकेको उनले बताए।

'ग्यासका सिलिन्डर लिएर उपभोक्ता डिलरमै लाइन बस्न आएपछि सब डिलर कहाँ पठाउनै सकिएन। सब डिलर हुँदै उपभोक्ता कहाँ ग्यास पुग्नै सकेन', पौडेलले भने, 'सप्लाई चेन ब्रेक भएपछि समस्या परेको छ। डिलरमै लाइन बस्न आउनुपर्ने अवस्था सिर्जना भएकाले अप्ठेरो परेको हो।' उद्योगले नियमितभन्दा बढी संख्यामा ग्यास बजारमा पठाउँदा पनि माग कम हुन नसकेको उनले बताए।

उनका अनुसार पोखरामा विभिन्न १७ वटा कम्पनीले ग्यास बिक्री गर्छन् तर शक्ति र गृहलक्ष्मी उद्योगले मात्रै जिल्लाभित्र नियमितभन्दा बढी नै आपूर्ति गरिसकेका छन्। उपभोक्ताको त्यो माग दिनदिनै पेचिलो बन्दै गएको छ। 'जब भरी सिलिन्डर ग्यास आउन थाल्यो, त्यसपछि कृत्रिम अभाव सिर्जना गरियो। बजारमा ग्यास पाइँदैन भन्ने हल्ला फिजाँइयो। पहुँच भएका उपभोक्ताले लाइन बसेरै भए पनि ग्यासका सिलिन्डर घरभित्र राखेकाले यो अवस्था सिर्जना भएको हो', उनले भने।

अर्को उद्योग गृहलक्ष्मीका महाप्रबन्धक भीमराज लामिछाने पनि पहुँच भएका व्यक्तिले जर्बजस्ती ग्यास थुपारेर बजारमा अभाव सिर्जना गरेको बताउँछन्। 'हामीले महिनाभरमा गर्ने भन्दा बढीको व्यापार तीन सातामा गरिसक्यौं तर अभाव अझै कम भएको छैन। बजारमा ग्यास पाउन नसकेको भनेर उपभोक्ताले गुनासो गरिरहेका छन्। काखे बालक च्यापेर ग्यास लिन लाइनमा बस्ने अवस्था घट्न सकेको छैन।'

शक्तिका महाप्रबन्धक पौडेलको बुझाइमा पोखरामा १७ वटा कम्पनीले ग्यास बिक्री गरेको भए पनि सबै कम्पनीले अरु समयमा जस्तो माग अनुसार पोखरामा ग्यास पठाएका छैनन्। त्यसले गर्दा उपभोक्ताको दबाब स्थानीय दुईवटा उद्योगमाथि थपिएको छ। '१७ वटै कम्पनीले केही समयका लागि पोखरामा पर्याप्त ग्यास आपूर्ति गरिदिने हो भने अहिलेको अभाव टर्छ तर अरु कम्पनीले फाट्टफुट्ट मात्र ग्यास दिए। मागेको बेला ती कम्पनीको ग्यास नपाएपछि हामीमाथि दबाब थपिएको हो', उनले भने, 'सहज हुँदा अरु कम्पनीले पनि बिक्री गरे तर असहज अवस्थामा ती कम्पनीले भनेजति ग्यास दिएनन्। त्यो अभावलाई हामीले पूरा गर्नुपर्दा दबाब थपियो।' अभावको त्रास अनुभव गर्दा यो अवस्था सिर्जना भएको पौडेलको भनाइ छ।

स्थानीय प्रशासनले पनि ग्यास बिक्रीमा कडाइ गर्दै अनुगमन तीव्र पारेको बताएको छ। कास्कीका सहायक प्रमुख जिल्ला अधिकारी चित्रांगत बरालले रातको समयमा ग्यास बिक्री गर्न नपाउने गरी समय निर्धारण गरेको समेत बताए। रातको समयमा ग्यास बिक्री गर्दा पहुँचवालाले मात्र पाएको भन्ने गुनासो आएपछि बिहान ७देखि बेलुकी ७ बजेसम्म मात्र ग्यास बिक्री गर्न पाइनेगरी समय निर्धारण गरिएको उनले बताए। बजार अनुगमनलाई तीव्र बनाउँदै ग्यास लुकाउने कतिपय डिलरलाई कारबाही गरिनेसमेत उनले बताए।

'पोखरा क्षेत्रमा ग्यास बिक्री गर्ने सबै कम्पनीलाई केही समयका लागि आपूर्ति बढाउन अनुरोध गरेका छौं। सबै कम्पनीले केही समयका लागि ग्यास ल्याइदिने हो भने यो समस्या हटिहाल्छ,' उनले भने, 'हामीले सबैजसो कम्पनीलाई यो सम्बन्धमा सचेत गराएका छौं। अनुगमनलाई कडाइ गरेका छौं।'

पोखरा क्षेत्रमा गृहलक्ष्मी र शक्ति कम्पनीले लेखनाथ क्षेत्रमा आफ्नै प्लान्टमार्फत पोखरामा ग्यास भरेर बजारमा पठाउँछन्। यीबाहेक अरु कम्पनीले पनि पोखरामा ग्यास बिक्री गर्छन्। पोखरामा जाडोको बेला मासिक डेढलाख र गर्मीको बेला मासिक एक लाख ४० हजार हाराहारी ग्यास सिलिन्डर खपत हुन्छ। पर्यटकीय क्षेत्र लेकसाइडमा सबैभन्दा बढी संख्यामा ग्यासको खपत हुन्छ।

# एनआइएमबीका सञ्चालकको खाता रोक्का

काठमाडौं, साउन २१ (नागरिक)- नेपाल इन्भेस्टमेन्ट मेगा बैंक (**एनआइएमबी**) को अध्यक्षसहित ६ जना सञ्चालकको व्यक्तिगत बैंक खाता रोक्का भएको छ। स्मार्टसेलको ३५ अर्ब रुपैयाँ घोटाला प्रकरणमा नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरो (सिआइबी) को पत्रसँगै नेपाल राष्ट्र बैंकले सो बैंकका अध्यक्ष पृथ्वीबहादुर पाँडे, सञ्चालकहरू प्रणय राजभण्डारी, दीपांकर शाक्य, कविकुमार तिब्रेवाला, शालिकराम बेलवासे र शोभा श्रेष्ठको व्यक्तिगत बैंक खाता रोक्का गरेको हो।

बैंकको उच्च व्यवस्थापन समूह नै यस्तो प्रकरणमा जोडिएर कानुनी दायरामा परेपछि लाखौं निक्षेपकर्ताको सुरक्षालाई लिएर राष्ट्र बैंक चिन्तित भएको छ। प्रहरीले अध्यक्ष पाँडेसहित विभिन्न ६ सञ्चालकका नाममा अदालतबाट पक्राउ पुर्जीसमेत लिएको छ।

स्मार्टसेलको घोटाला प्रकरण र कानुनविपरीत सरकारी सम्पत्ति लिलाम गरेको आरोपमा उनीहरूविरुद्ध अदालतबाट पक्राउ पुर्जी जारी भएको हो। यसबारे राष्ट्र बैंक स्रोतले बैंक अध्यक्ष पाँडेसहितका ६ जना सञ्चालकका नाममा अदालतबाट पक्राउ पुर्जीसमेत लिइएको जनाएको छ।

# निगमको कार्यकारी निर्देशकमा साह

काठमाडौं, साउन २१ (नागरिक)- सरकारले नेपाल आयल निगम लिमिटेडको कार्यकारी निर्देशकमा चार्टर्ड एकाउन्टेन्ट नागेन्द्र साहलाई नियुक्त गरेको छ। धनुषाको नगराइन नगरपालिका-३ निवासी साह निगमको निमित्त कार्यकारी निर्देशकबाट सेवा निवृत्त भएका पेट्रोलियम क्षेत्रमा अनुभवी व्यक्ति हुन्।

उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयले खुला प्रतिस्पर्धामार्फत कार्यकारी निर्देशक छनोट गरेको हो। प्रतिस्पर्धामा साह उत्कृष्ट तीन उम्मेदवारभित्र परेपछि बुधबारको मन्त्रिपरिषद् बैठकले साहलाई नियुक्त गरेको हो। अन्तिम प्रतिस्पर्धामा साहसँगै कौशल केसी र सञ्जीवकुमार देव सिफारिस भएका थिए। निगममा लामो समयदेखि विभिन्न जिम्मेवारी सम्हालेको अनुभव, व्यवस्थापकीय क्षमता र पेट्रोलियम क्षेत्रको ज्ञानका आधारमा मन्त्रिपरिषद्ले साहलाई कार्यकारी निर्देशकको जिम्मेवारी दिएको प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले जनाएको छ। साहले बिहीबार पदभार ग्रहण गरेका छन्। निगमभित्रकै अनुभवी साहलाई कार्यकारी निर्देशकको जिम्मेवारी दिएर संस्थागत सुधार, पूर्वाधार विस्तार र आपूर्ति व्यवस्थापन थप प्रभावकारी हुने अपेक्षा गरिएको छ।

अहिले बजारमा ग्यासको अभाव छ। बजारमा सहज आपूर्ति गर्नुपर्ने चुनौती छ। सरकारले पेट्रोलियम पदार्थको कम्तीमा ९० दिनको माग धान्न सक्ने रणनीतिक भण्डारण क्षमता विकास गर्ने लक्ष्य अघि सारेको छ। त्यसका लागि पेट्रोल, डिजेल, हवाई इन्धन र खाना पकाउने एलपिजी ग्यासका भण्डारण गृह निर्माणलाई प्राथमिकता दिएको छ। इन्धनको सहज आपूर्ति र भण्डारण स्थल निर्माण राखिएको छ।

# 'प्रश्न उठ्ने अवस्था चुनौतीपूर्ण'

काठमाडौं, साउन २१ (नागरिक)- महालेखापरीक्षक तोयम रायले दक्ष लेखापालले तयार पारेको वित्तीय विवरण आन्तरिक तथा बाह्य लेखापरीक्षकले प्रमाणित गरेपछि पनि सरकारी निकायमा पुगेपछि पुनः प्रश्न उठ्ने अवस्था लेखापरीक्षण क्षेत्रका लागि चुनौतीपूर्ण रहेको बताएका छन्।

लेखापरीक्षकहरूको छाता संस्था नेपाल अडिटर्स एसोसिएसन (अडान) को २१औं स्थापना दिवस कार्यक्रममा महालेखापरीक्षक रायले यस्तो बताएका हुन्।

उनले लेखापरीक्षण गर्नुपर्ने संस्था तथा निकायको संख्या निरन्तर बढ्दै गएकाले मध्यम तह (मिड-लेभल) का लेखापरीक्षकको आवश्यकता देखिएको उल्लेख गरे। उनले यसका लागि नेपाल चार्टर्ड एकाउन्टेन्ट्स ऐन संशोधन गर्नुपर्ने अवस्था रहेको बताए। अडानका अध्यक्ष बद्रीप्रसाद भट्टराईले लेखा व्यवसाय र लेखापरीक्षण क्षेत्रमा तीव्र परिवर्तन भइरहेको जनाउँदै सदस्यहरूलाई समयअनुकूल दक्ष बनाउन अडानले नियमित रूपमा तालिम तथा क्षमता अभिवृद्धिका कार्यक्रम सञ्चालन गर्दै आएको बताए।

कार्यक्रममा प्रतिनिधिसभा सदस्य नरेन्द्रकुमार केरुङ, आइक्यानका अध्यक्ष आनन्दराज शर्मा वाग्ले, नेपाल उद्योग वाणिज्य महासंघका अध्यक्ष नरेशलाल श्रेष्ठ, नेपाल चेम्बर अफ कमर्सका अध्यक्ष कमलेशकुमार अग्रवाल र नेपाल उद्योग परिसंघका अध्यक्ष वीरेन्द्रराज पाण्डेलगायतले लेखा तथा लेखापरीक्षण पेशाको गुणस्तर, विश्वसनीयता र क्षमता अभिवृद्धिमा अडानको भूमिकाको प्रशंसा गरेका थिए।

स्थापना दिवसलाई 'अडान डे'का रूपमा विभिन्न व्यावसायिक तथा सामाजिक कार्यक्रमसहित सम्पन्न गरिएको छ। अडानमा दर्तावाला लेखापरीक्षक र अडिटिङ टेक्निसियन गरी करिब सात हजार सदस्य आबद्ध छन्। स्थापना दिवसका अवसरमा साउन १३ देखि २० सम्म तालिम, गोष्ठी, सेमिनार, रक्तदान, सामाजिक सेवा तथा खेलकुदलगायतका कार्यक्रम आयोजना गरिएको अडानले जनाएको छ। कार्यक्रमअन्तर्गत लेखापरीक्षणमा कृत्रिम बुद्धिमत्ता (एआई)को प्रयोग, सामाजिक सुरक्षा कोष, आयकर तथा कर प्रणालीलगायत समसामयिक विषयमा तालिम सञ्चालन गरिएको थियो।

# सौर्य विद्युत् उत्पादक संघको वार्षिकोत्सव

काठमाडौं, साउन २१ (नागरिक)- नेपाल सौर्य विद्युत् उत्पादक संघले २६औं वार्षिकोत्सव मनाएको छ।

राजधानीमा सम्पन्न भएको सो कार्यक्रममा वैकल्पिक ऊर्जा प्रवर्धन केन्द्रका कार्यकारी निर्देशक नवराज ढकालले सौर्य विद्युत् क्षेत्रको विकासमा संघले खेल्दै आएको भूमिकाको प्रशंसा गरे। उनले संघका गतिविधिलाई थप प्रभावकारी बनाउन सरकारी निकायबाट गर्नुपर्ने पहलका लागि आफूले आवश्यक भूमिका निर्वाह गर्ने प्रतिबद्धता व्यक्त गरे।

वार्षिकोत्सवका अवसरमा संघमा आबद्ध सदस्यहरूलाई नयाँ खरिद ऐनका विषयमा प्रशिक्षणसमेत दिइएको थियो। कार्यक्रममा संघका अध्यक्ष भरतकुमार मल्लले संस्थाका गतिविधि, आगामी योजना र कार्यक्रमबारे जानकारी गराए।

वरिष्ठ उपाध्यक्ष दीपक गौतमले यस संघले गर्दै आएका विभिन्न कामहरूबारे जानकारी गराए। कार्यक्रममा वैकल्पिक ऊर्जा प्रवर्धन केन्द्रका तर्फबाट शुभलक्ष्मी श्रेष्ठले वार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गरेकी थिइन्। उनले नवीकरणीय ऊर्जा क्षेत्रको विकास तथा प्रवर्धनका लागि संस्थागत सहकार्य र आगामी कार्यदिशाबारे जानकारी दिइन्।

वार्षिकोत्सव कार्यक्रममा संस्थापक परिषद्का संयोजक लवमणि राजभण्डारी, पूर्वअध्यक्ष इन्द्र खनाल, नवीकरणीय ऊर्जा परिसंघका अध्यक्ष कुशल गुरुङ र नेपाल सौर्य विद्युत् उत्पादक संघका संरक्षक रामबहादुर भण्डारीलगायतले आ-आफ्ना धारणा राखेका थिए। नेपालमा सौर्य तथा नवीकरणीय ऊर्जा क्षेत्रको सम्भावना उच्च रहेको भन्दै उनीहरूले यसको विकासका लागि निजी क्षेत्र र सरकारी निकायबीच थप सहकार्य आवश्यक रहेकोमा जोड दिएका थिए।


**वैदेशिक रोजगार विभाग, काठमाण्डौको**

**दावी विरोध सम्बन्धी सूचना**

प्रकाशित मितिः २०८३।०४।२२

नेपाल सरकारबाट बैदेशिक रोजगार व्यवसाय संचालन गर्न इजाजत प्राप्त संस्था Beta Manpower Resources Pvt. Ltd. (ई.प.नं. १५२७/०७४/७५) ले यस विभाग समक्ष तपसिल बमोजिमको शाखा कार्यालयहरु बन्द गरी धरौटी रकम फिर्ता गरी पाउँ भनि निवेदन पेश गरेकोले सो सम्बन्धमा शाखा कार्यालय बन्दको सहमति दिँदा कोही कसैको हक स्वामित्व तथा लेनदेनमा असर पर्ने भए वा कसैलाई मर्का पर्ने भएमा यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र सबुद प्रमाण सहित बैदेशिक रोजगार विभागको संस्था दर्ता तथा समन्वय शाखामा सम्पर्क गर्न आउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यस विभागको मिति २०८३/०४/२० को निर्णयानुसार यो सूचना प्रकाशित गरिएको छ। अन्यथा माग बमोजिम शाखा कार्यालयको अनुमति पत्र रद्द गरी धरौटी रकम फिर्ता भई जाने व्यहोरा समेत यसै सूचनाबाट जानकारी गराईन्छ।

**तपसिल**

| क्र.सं. | शाखा कार्यालय रहेको ठेगाना | शाखा प्रमुखको नाम |
|---|---|---|
| १. | बागमती प्रदेश चितवन जिल्ला भरतपुर म.न.पा. वडा नं. ०३ | चितवन जिल्ला भरतपुर म.न.पा. वडा नं. १२ बस्ने अमन गुरुङ |
| १. | गण्डकी प्रदेश कास्की जिल्ला पोखरा म.न.पा. वडा नं. ०८ | स्याङ्जा जिल्ला पुतलीबजार न.पा. वडा नं. ०५ बस्ने सरिता तिमिल्सीना रेग्मी |
| १. | लुम्बिनी प्रदेश रुपन्देही जिल्ला बुटवल उ.म.न.पा. वडा नं. ०४ | रुपन्देही जिल्ला बुटवल उ.म.न.पा. वडा नं. ०७ बस्ने दिपेन्जल आचार्य क्षेत्री |



**हार्दिक समवेदना**



जन्म मितिः वि.सं. १९८४ पुष ८ गते

दिवंगत मितिः वि.सं. २०८३ श्रावण १० गते

**स्व. लक्ष्मीदेवी श्रेष्ठ**

नेपाल क्षयरोग निवारण संस्थाका महासचिव श्री श्यामकुमार श्रेष्ठज्यूकी ममतामयी माता श्री लक्ष्मीदेवी श्रेष्ठज्यूको असामयिक निधन भएको १३औं दिनको पुण्यतिथिमा दिवङ्गत आत्माको चिर शान्तिको कामना गर्दै भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछौं। साथै शोक सन्तप्त परिवारजन प्रति धैर्यधारण गर्ने शक्ति मिलोस भनि ईश्वरसँग प्रार्थना गर्दै समवेदना प्रकट गर्दछौं।

**देवेन्द्र बहादुर प्रधान, अध्यक्ष**

**तथा**

**नेपाल क्षयरोग निवारण संस्था परिवार**



**वर्गीकृत विज्ञापन/डिस्प्ले**

**काठ/दाउरा बोलपत्रद्वारा लिलाम बिक्रीको सूचना**

प्रथम पटक प्रकाशन मिति २०८३/०४/२२

यस मैनहिया सामुदायिक वन उपभोक्ता समूह गुलरिया न.पा. १२ को सामुदायिक वन क्षेत्रबाट आ.व. २०८२/०८३ मा उत्पादन भई घाटगद्दीमा मौज्दात रहेको सिसौ गोलिया थान ५५ को ३०१।५० घ.फि., जे जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने गरी लिलाम बिक्री गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ। काठ/दाउरामा आधारित उद्योग संचालन गर्न अनुमति प्राप्त गरी संचालनमा रहेको उद्योगहरुले यो सूचना प्रकाशन भएको मितिले २१ दिन भित्र बोलपत्र खरिद गरी २२ औं दिनको १२:०० बजे भित्र शिलबन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ। यस सम्बन्धी विस्तृत जानकारीको लागि यस समुहमा सम्पर्क राख्नु हुन जानकारी गराइन्छ। पूर्ण व्यहोराको सूचना यस समूहको सूचना पाटीमा टाँस गरिएको छ।

**श्री मैनहिया सामुदायिक वन उपभोक्ता समुह,**
गुलरिया न.पा. १२ सुजिगौडी, बर्दिया।
मो.नं. ९८२६५१८९०१

**काठ/दाउरा बोलपत्रद्वारा लिलाम बिक्रीको सूचना**

पहिलो पटक प्रकाशन मिति २०८३/०४/२२

यस मनिकापुर सामुदायिक वन उपभोक्ता समूह बारबर्दिया न. पा. ०६, मनिकापुर, बर्दियाको सामुदायिक वन क्षेत्रबाट आ.व. २०८२/०८३ मा उत्पादन भई घाटगद्दीमा मौज्दात रहेको विभिन्न जात र ग्रेडको गोलिया थान ७९ को ८३४।३० घ.फि काठ र दाउरा १०।५० चट्टाजे जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने गरी लिलाम बिक्री गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ। काठ/दाउरामा आधारित उद्योग संचालन गर्न अनुमतिप्राप्त गरि संचालनमा रहेको उद्योगहरुले यो सुचना प्रकाशन भएको मितिले २१ दिन भित्र बोलपत्र खरिद गरी २२ औं दिनको १२:०० बजे भित्र शिलबन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ। यस सम्बन्धी विस्तृत जानकारीको लागि यस समूहमा सम्पर्क राख्नु हुन जानकारी गराइन्छ। पूर्ण व्यहोराको सूचना यस समूहको सूचना पाटीमा टाँस गरिएको छ।

**श्री बुक्कि हरियाली सामुदायिक वन उपभोक्ता समुह,**
बारबर्दिया न.पा. १० शोभानगर, बर्दिया।
मो.नं. ९७६८२७८४३३

**Embassy of India Kathmandu**

**NOTICE FOR INVITING BIDS**

1. Embassy of India, Defence Wing, Welfare Branch, Kathmandu invites sealed and separate tenders under '**Two Bid System**' (Technical and Financial Bid in two separate closed envelopes) from established/reputed/registered firms/vendors for procurement of 05 x Motorcycles for Welfare Branch, Thamel.
2. Interested parties meeting the above requirements are requested to contact Welfare Branch, Defence Wing, Embassy of India, Kathmandu during office hours (10 AM to 5 PM) from **07 Aug 2026** onwards for obtaining scope of works/ evaluation criteria and collection of RFP / tender from. Further information available on website www.indianembassy.org.np or through contact numbers 014518064, 014513785.
3. The last date for receipt of sealed bids will be on 27 Aug 2026 (1700h). The Embassy of India, Kathmandu reserves the right to reject / cancel any or all bids without assigning any reasons.

**Asst Military Attaché (Welfare)**
**Embassy of India**
**Kathmandu, Nepal**

**बीमालेख हराएको सूचना**

यस **एशियन लाइफ इन्स्योरेन्स लिमिटेड**बाट जारी गरिएको बीमालेख नं. ७१२००००२८९७ को **श्री सौरभ श्रेष्ठ**को नाममा रहेको बीमालेख बीमितले **बाटो**बाट हराएको हुँदा पाउनु हुने महानुभावले नजिकको प्रहरी कार्यालय वा यस कम्पनीको नजिकैको शाखा कार्यालयमा बुझाउनु हुन अनुरोध गरिन्छ। यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र नभेटिएमा वा दावी नआएमा नियमानुसार प्रतिलिपि बीमालेख जारी गरिने व्यहोरा समेत सुचित गरिन्छ।

**सम्पर्क:** ९८६५००२२७५

**वर्गीकृत डिस्प्ले**

**कलर प्रति बक्स**
१X ५ = रू.१८००/-* मात्र
१X १० = रू.४०००/-* मात्र

**श्याम/श्वेत प्रति बक्स**
१X ५ = रू.१२५०/-* मात्र
१X १० = रू.२८००/-* मात्र

*मू.अ.क. बाहेक

मार्केटिङ विभागः ४२६५१०० एक्सटेन्सन ३१२
email: classified@nagariknews.com



**कर्जा भुक्तानी गर्ने सम्बन्धि ३५ दिने सार्वजनिक सूचना**

प्रकाशित मिति २०८३/०४/२२ गते नागरिक राष्ट्रिय दैनिक

यस ज्योति विकास बैंक लिमिटेडको शाखा कार्यालय पेप्सीकोला, काठमाण्डौंबाट निम्न बमोजिम कर्जा लिने ऋणीहरुले लिनु भएको ऋण कर्जाको समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, थप ब्याज, आदि तिर्न बुझाउनको लागि पटक पटक फोन मार्फत, मौखिक एवं लिखित रुपमा अनुरोध गरी तरताकेता गर्दा समेत बैंकको अनुरोधलाई बेवास्ता गरी कर्जा भुक्तानी नगर्नु भएकोले कर्जा भुक्तानी गर्ने सम्बन्धी ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ।

यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र बैंकमा सम्पर्क राखी कर्जा सम्झौता बमोजिम बैंकलाई तिर्न बुझाउन पर्ने सम्पूर्ण बक्यौता रकम चुक्ता भुक्तान गर्नुहोला। अन्यथा प्रचलित ऐन, कानून एवं यस बैंकसँग गरेको लिखत बमोजिम धितोमा रहेको चल अचल सम्पत्ति लिलाम विक्री वा अन्य व्यवस्था गरी बैंकको लेना रकम असुल गरिनुका साथै ऋणी, संचालक, प्रोप्राइटर, जमानीकर्ता समेत लाई कर्जा सूचना केन्द्रको कालोसूचिमा नाम सूचिकृत गर्न समेत लेखि पठाइने व्यहोरा यसै सूचनाद्वारा जानकारी गराईन्छ। साथै धितोबाट समेत बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८, प्रचलित ऐन कानून अनुसार ऋणी तथा जमानीकर्ताको अन्य चल अचल जायजेथा श्रीसम्पत्तिबाट समेत बाँकी लेना रकम असुल उपर गरिने हुँदा यथाशिघ्र सम्बन्धीत कर्जा चुक्ता गर्न गराउन हुन ऋणी, जमानीकर्ता तथा सम्बन्धित सवैलाई यसै सूचनाद्वारा अनुरोध गरिन्छ।

**तपसिल**

| क्र.स | ऋणीको नाम, ठेगाना | |
|---|---|---|
| १. | **न्यू फ्रेस मिट सप**<br>दर्ता नं. ७४९८८/०६२/६३ वाणिज्य विभाग, जारी मिति २०६३/०१/१९<br>स्थायी लेखा नम्बर ३०२२८७८०० जारी मिति २०६३/०१/१७, रजिष्टर्ड ठेगाना : काठमाण्डौं जिल्ला, का.म.न.पा. वडा नं. ३५,<br>हाल : काठमाण्डौं जिल्ला, का.म.न.पा. वडा नं. ३२,<br>**प्रो. भिम बहादुर सुनार** | |
| | **ब्यक्तिगत जमानीकर्ताहरू** | |
| | **१. भिम बहादुर सुनार**<br>ना.प्र.प.न. २६८०९/०६१/६२,जारी मिति २०६२/०१/३० सुनसरी<br>बाबुको नाम : नइन्द्र बहादुर सुनार<br>बाजेको नाम : भैरव बहादुर सुनार<br>ठेगाना : सुनसरी जिल्ला, धरान. वडा नं. १५,<br>हाल : काठमाण्डौं जिल्ला, काठमाण्डौं वडा नं. ३२, | **२. उर्मिला परियार**<br>ना.प्र.प.न. १०२२० जारी मिति २०६३/०६/२९, धादिङ<br>पतिको नाम : भिम बहादुर सुनार<br>ससुराको नाम: नइन्द्र बहादुर सुनार<br>ठेगाना :धादिङ जिल्ला, मैदी वडा नं. ८,<br>हाल : काठमाण्डौं जिल्ला, काठमाण्डौं वडा नं. ३२, |
| | **धितोमा रहेको सम्पत्तिको विवरण** | |
| | भिम बहादुर सुनारको नाममा मालपोत कार्यालय धरान सुनसरीमा दर्ता कायम रहेको सुनसरी जिल्ला, धरान वडा नं. ७ स्थित कित्ता नं. क्रमस ५१ र १६७ को क्षेत्रफल क्रमस २१५.८८ ब.मी र ७१.९६ ब.मी. भएको जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत। | |

**ज्योति विकास बैंक लि.**
**JYOTI BIKASH BANK LTD.**
*More than a Bank*
(नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्रप्राप्त वित्तीय संस्था)

केन्द्रीय कार्यालय :
का.म.न.पा. वडा नं ०१, कमलपोखरी, काठमाडौं, नेपाल
फोन नं. ०१-५९७०३०६/०७/०८/०९/१०
शाखा कार्यालय: पेप्सीकोला, काठमाण्डौं फोन नं. ०१-४९९१८३६
website: www.jbbl.com.np, Email:info@jbbl.com.np

## पल्सरको 'माई पल्सर स्टोरी' अभियान सुरु




काठमाडौं, साउन २१ (नागरिक)- बजाज ग्लोबलले पल्सर मोटरसाइकलको २५ वर्षे यात्रा पूरा भएको अवसरमा 'माइ पल्सर स्टोरी नामक विश्वव्यापी अभियान सुरु गरेको छ। अभियानमार्फत नेपालसहित विभिन्न देशका पल्सर राइडर, कन्टेन्ट क्रिएटर, राइडिङ क्लब तथा दीर्घकालीन प्रयोगकर्तालाई पल्सरसँग जोडिएका आफ्ना वास्तविक अनुभव र सिर्जनात्मक सामग्री साझा गर्न आह्वान गरिएको छ।

कम्पनीका अनुसार पल्सर नेपाल पनि अभियानमा सहभागी भएकाले नेपाली राइडरहरूले आफ्ना कथा अन्तर्राष्ट्रिय मञ्चमा प्रस्तुत गर्ने अवसर पाउनेछन्। भिडियो, फोटो, संगीत, एआई (एआई) आधारित सामग्री वा अन्य सिर्जनात्मक माध्यममार्फत जुनसुकै भाषामा अनुभव प्रस्तुत गर्न सकिने जनाइएको छ।

अभियानअन्तर्गत छनोट भएका सामग्री पल्सरका विश्वव्यापी सामाजिक सञ्जालमार्फत सार्वजनिक गरिनेछ। प्रत्येक हप्ता उत्कृष्ट सहभागीलाई ५०० अमेरिकी डलर बराबरको पुरस्कार प्रदान गरिनेछ। यसका साथै सहभागी प्रत्येक देशबाट एक जना भाग्यशाली राइडरले 'पल्सर एनएस ४०० जेडु मोटरसाइकल जित्ने अवसर प्राप्त गर्नेछन्। कम्पनीका अनुसार यो अभियान आगामी सेप्टेम्बर ४, २०२६ सम्म सञ्चालन हुनेछ।

## नाडाको स्वर्ण वर्षमा अटो सो




काठमाडौं, साउन २१ (नागरिक)- नेपाल अटोमोबाइल्स एसोसिएसन अफ नेपाल (नाडा) ले स्थापनाको स्वर्ण वर्षको अवसरमा आगामी भदौ ९ देखि १४ गतेसम्म काठमाडौंको भृकुटीमण्डपमा 'एचपी लुब्रिकेन्ट्स प्रिजेन्ट्स १८औं नाडा अटो सो २०२६' आयोजना गर्ने भएको छ। प्रदर्शनीलाई थप आकर्षक बनाउन आयोजकले डिजिटल माध्यमबाट अग्रिम टिकट खरिद गर्ने दर्शकका लागि ५० प्रतिशत 'अर्ली बर्ड' छुट दिने घोषणा गरेको छ। नाडाका अनुसार खल्ती एप वा आधिकारिक क्युआर कोडमार्फत टिकट खरिद गर्ने दर्शकले साधारण तथा विद्यार्थी दुवै प्रकारका टिकटमा ५० प्रतिशत छुट पाउनेछन्। यो सुविधा सीमित अवधिसम्म मात्र उपलब्ध हुने भएकाले समयमै टिकट सुरक्षित गर्न आयोजकले आग्रह गरेको छ।

यस वर्षको अटो सोमा विद्युतीय (ईभी) र इन्धनबाट चल्ने दुईपांग्रे तथा चारपांग्रे सवारी, अत्याधुनिक अटो प्रविधि, पार्टपुर्जा, लुब्रिकेन्ट, वित्तीय सेवा तथा बिमा कम्पनीहरूको सहभागिता रहने जनाइएको छ। नेपालको अटोमोबाइल उद्योगको सबैभन्दा ठूलो व्यावसायिक प्रदर्शनी मानिने 'नाडा अटो सो'ले नयाँ प्रविधि, सवारी बजारको प्रवृत्ति र वित्तीय सेवाको विस्तारलाई एउटै मञ्चमा प्रस्तुत गर्दै अटोमोबाइल व्यवसाय तथा उपभोक्ताबिचको व्यावसायिक गतिविधि थप चलायमान बनाउने अपेक्षा गरिएको छ।

## दराजको '८.८ ग्रेट एट सेल' आजदेखि




काठमाडौं, साउन २१ (नागरिक)- अग्रणी अनलाइन बजार दराज नेपालले '८.८ ग्रेट एट सेल' अभियान सार्वजनिक गर्दै उपभोक्तालाई ७० प्रतिशतसम्म छुट, निःशुल्क डेलिभरी, ५० लाख रुपैयाँ बराबरका भौचर र दैनिक उपहार जित्ने अवसर उपलब्ध गराउने भएको छ। कम्पनीका अनुसार अभियान साउन २२ गते राति ८ बजेदेखि साउन २७ गतेसम्मसञ्चालन हुनेछ।

अभियानअन्तर्गत राष्ट्रिय तथा अन्तर्राष्ट्रिय ब्रान्डका उत्पादनमा विशेष छुट उपलब्ध हुनेछ। प्लाटिनम ब्रान्ड पार्टनर होनासा र बेयर एनाटमीका उत्पादनमा १० प्रतिशतसम्म, गोल्ड पार्टनर ब्रान्डहाउसका उत्पादनमा ६० प्रतिशतसम्म तथा सिल्भर पार्टनर न्युलाइट, युग्रिन, जिएनसी र बियर्डोका चयनित उत्पादनमा ७० प्रतिशतसम्म छुट दिइने कम्पनीले जनाएको छ। उपभोक्तालाई लक्षित गर्दै 'ब्रान्ड रस आवर' पनि सञ्चालन गरिनेछ। पहिलो चरण अगस्ट ७ गते राति ८ बजेदेखि अगस्ट ८ तारिख बिहान २ बजेसम्म र अगस्ट ९ देखि १२ सम्म हरेक दिन बेलुका ८ देखि १० बजेसम्म सञ्चालन हुनेछ। यस अवधिमा ७५ भन्दा बढी ब्रान्डका उत्पादनमा विशेष अफर उपलब्ध हुने जनाइएको छ।

## वाइ–फाइ नेपालको सह–ब्रान्ड एम्बेसडरमा श्री पाण्डे




काठमाडौं, साउन २१ (नागरिक)- इन्टरनेट सेवा प्रदायक वाइ-फाइ नेपालले सञ्चारकर्मी तथा पत्रकार श्री पाण्डेलाई सह-ब्रान्ड एम्बेसडर नियुक्त गरेको छ। कम्पनीले बिहीबार काठमाडौंमा आयोजित कार्यक्रममा उनलाई औपचारिक रूपमा सार्वजनिक गर्दै ब्रान्ड प्रवर्धन र डिजिटल पहुँच विस्तार अभियानमा सहकार्य गर्ने जनाएको हो।

कम्पनीका अनुसार पाण्डेको पत्रकारितामा रहेको अनुभव, विश्वसनीयता र सार्वजनिक छविले गुणस्तरीय तथा भरपर्दो इन्टरनेट सेवाप्रतिको कम्पनीको प्रतिबद्धतालाई थप प्रभावकारी रूपमा स्थापित गर्न सहयोग पुग्ने अपेक्षा गरिएको छ। पछिल्ला वर्षहरूमा वाइ-फाइ नेपालले घरायसी, व्यावसायिक तथा संस्थागत ग्राहकलाई लक्षित गर्दै विभिन्न जिल्लामा आफ्नो सेवा विस्तार गरिरहेको जनाएको छ।

कार्यक्रममा कम्पनीका प्रमुख कार्यकारी अधिकृत शत्रुहन पञ्जियारले डिजिटल पूर्वाधार विस्तारसँगै ब्रान्डको विश्वसनीयता सुदृढ बनाउन अनुभवी सञ्चारकर्मीसँग सहकार्य गरिएको बताए। आधुनिक प्रविधि र ग्राहककेन्द्रित सेवामार्फत डिजिटल नेपालको अभियानमा कम्पनी सक्रिय रहने उनको भनाइ थियो ।नियुक्तिपछि पाण्डेले गुणस्तरीय इन्टरनेट सेवामार्फत देशभरका नागरिकलाई जोड्ने अभियानमा सहभागी हुन पाएकोमा खुसी व्यक्त गर्दै डिजिटल पहुँच विस्तारका प्रयासमा आफ्नो भूमिका रहने बताए।

## याडियाद्वारा तीन नयाँ विद्युतीय स्कुटर सार्वजनिक




काठमाडौं, साउन २१ (नागरिक)- कुजु नेपाल प्रालिले नेपाली बजारमा नयाँ पुस्ताका याडिया जीएस ७०, जिटी ७० र जिटी८० विद्युतीय स्कुटर सार्वजनिक गरेको छ। कम्पनीले नयाँ मोडेलहरू स्मार्ट प्रविधि, उच्च कार्यक्षमता र लामो दूरीको यात्रालाई लक्षित गर्दै बजारमा ल्याएको जनाएको छ।

कम्पनीका अनुसार विश्वकै अग्रणी विद्युतीय दुईपांग्रे ब्रान्ड याडियाले नेपाली उपभोक्ताको बदलिँदो आवागमन आवश्यकतालाई ध्यानमा राखेर नयाँ स्कुटरहरू विकास गरेको हो। यी मोडेलले सहरी दैनिक यात्रादेखि लामो दूरी र प्रिमियम प्रदर्शन चाहने ग्राहकसम्मलाई लक्षित गरेका छन्।

दैनिक प्रयोगका लागि तयार गरिएको जिएस ७० मा २.१ किलोवाट-घण्टा क्षमताको एलएफपी ब्याट्री र २.८ किलोवाट पीक मोटर जडान गरिएको छ। कम्पनीले यसले एक पटक पूर्ण चार्ज गरेपछि १०५ किलोमिटरसम्म यात्रा गर्न सकिने दाबी गरेको छ। त्यसैगरी लामो दूरीका प्रयोगकर्तालाई लक्षित जिटी ७० मा ५.७ किलोवाट-घण्टा क्षमताको डुअल एलएफपी ब्याट्री प्रणाली र ३.७ किलोवाट पिक मोटर उपलब्ध गराइएको छ। कम्पनीका अनुसार यो मोडेलले एक पटकको चार्जमा २२० किलोमिटरसम्म यात्रा गर्न सक्छ।

---

**NIMB**
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.

**नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लिमिटेड**
दरबारमार्ग, काठमाडौं, नेपाल, पोष्ट बक्स नं. ३४१२
फोन नं. ९७७-१-५३२८२२९, ५३४२५३०
इमेल : info@nimb.com.np
वेबसाइट : www.nimb.com.np

## नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लिमिटेडको बैंकमा धितो राखेको चल/अचल सम्पत्तिहरु लिलाम बिक्री गर्ने सम्बन्धी १५ दिने अत्यन्त जरुरी सूचना

**(प्रकाशित मिति : २०८३/०४/२२)**

यस बैंकको तपसिलमा उल्लेखित ऋणीहरुले यस बैंकबाट उपभोग गर्नुभएको कर्जा रकम बैंकसँग गर्नुभएको कर्जा सम्झौता बमोजिम तिर्न बुझाउनको लागि यस बैंकबाट पटक पटक मौखिक, लिखित ताकेता गर्दा तथा देहाय बमोजिम विभिन्न मितिमा ऋण, कर्जा चुक्ता गर्न सार्वजनिक सूचना प्रकाशित गर्दा समेत सम्बन्धित ऋणी तथा जमानीकर्ताहरुले सो को पूर्ण वेवास्ता गरि कर्जा चुक्ता गर्नेतर्फ कुनै पहल नगरेको हुनाले यो लिलाम सूचना प्रकाशित गरिएको छ। **अत : यो सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र** उक्त कर्जाको सम्पूर्ण साँवा, व्याज तथा हर्जाना लगायतका अन्य दैदस्तुर समेत तिरी बुझाई कर्जा चुक्ता भुक्तान गर्न गराउनको लागि सम्बन्धित ऋणीलाई यो सूचनाद्वारा जानकारी गराईन्छ। उक्त म्यादभित्र समेत सो कर्जा चुक्ता नभएमा ऋणी सबैलाई अन्य कुनै सूचना नदिई नेपाल राष्ट्र बैंकद्वारा इजाजतपत्र प्राप्त बैंक तथा वित्तीय संस्थाहरुलाई जारी एकिकृत निर्देशन, बमोजिम **कर्जा सूचना केन्द्रको कालोसूचीमा समावेश गरिने व्यहोरा जानकारी गराउँदै** कर्जाको सुरक्षणको रुपमा बैंकलाई धितोबन्धक लेखिदिएका तपसिलमा उल्लेखित सम्पत्ति जे जस्तो अवस्थामा छ सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८, बैंकको नियम तथा अन्य प्रचलित कानूनले दिएको अधिकार प्रयोग गरी उल्लेखित बमोजिमको मिति, समय र स्थानमा **गोप्य शिलबन्दी बोलपत्रको माध्यमबाट** लिलाम बिक्री गरिने भएकाले सो सम्पत्ति खरिद गरि लिन ईच्छुक महानुभावहरुको जानकारीको लागि समेत यो सूचना प्रकाशित गरिएको छ। उक्त दिन उपस्थित हुन सम्बन्धित ऋणी, सुरक्षण धनी, ईच्छुक खरिदकर्ता तथा सम्बद्ध सबैमा अनुरोध छ। कुनै कारणवश तपसिलमा उल्लेखित सम्पत्ति लिलाम बिक्री नभएमा सो सम्पत्ति अन्य व्यवस्था गरी बेचबिखन गर्नसक्ने वा प्रचलित कानून बमोजिम बैंकले सकार गरी लिनसक्ने र उक्त सम्पत्तिबाट बैंकको सम्पूर्ण बक्यौता रकम असुल उपर नभएमा प्रचलित कानून बमोजिम असुल उपर गर्न आवश्यक कारवाही अघि बढाईने व्यहोरा समेत जानकारी गराईन्छ।

**बोलपत्र पेश गर्ने अन्तिम मिति**
**२०८३/०५/०५**

**बोलपत्र खोलिने मिति**
**२०८३/०५/०८ दिउँसो ३ बजे**

तपसिल

| क्र. सं. | ऋणी/प्रोप्राईटर/शेयरधनि/संचालक/साझेदार/ व्यक्तिगत जमानीकर्ताको नाम ठेगाना/विवरण | धितो सुरक्षणमा रहेको चल/अचल सम्पत्तिहरुको विवरण |
|---|---|---|
| १. | **ऋणी : भेन्चर वेस्ट टु इनर्जी प्रा.लि. (विविध कर्जा)**, दर्ता नं. १६०२८२/०७३/०७४, ठेगाना : कार्यविनायक १, सैंबु ललितपुर<br>**ऋण प्रवाह गर्ने शाखा : केन्द्रिय कार्यालय कर्पोरेट**<br>**शेयरधनी/व्यक्तिगत जमानीकर्ताहरु :**<br>**१. भेन्चर इन्भेष्टमेन्टस् प्रा.लि.-शेयरधनी,** दर्ता नं. १४५८२९/०७२/०७३ ठेगाना : कार्यविनायक १, सैंबु ललितपुर<br>**२. जेनेस श्रेष्ठ-शेयरधनी/जमानीकर्ता** (ना.प्र.नं. ०६३९९०/६४८१, मिति २०४४/०६/११ मा जि.प्र.का. सुनसरीबाट जारी भएको)<br>बाबु : रमेश कुमार श्रेष्ठ, बाजे : काजी राम श्रेष्ठ<br>**३. बिपुल राज पाण्ड-शेयरधनी/जमानीकर्ता** (ना.प्र.नं. १५९९०(५५९१५, मिति २०४५/०३/०६ मा जि.प्र.का. काठमाडौंबाट जारी भएको)<br>बाबु : बिनय राज पाण्डे, बाजे : बिधी राज पाण्डे | १. भेन्चर वेस्ट टु इनर्जी प्रा.लि. को नाममा सुनसरी जिल्ला मालपोत कार्यालय धरान, सुनसरीमा दर्ता कायम रहेको सुनसरी जिल्ला, बाझगरा गा.वि.स./न.पा. वडा नं. ३ (क) स्थित कि.नं. २६०१ (०-०-१२.५-० विगाहा) र कि.नं. २८२२ (०-०-६-० विगाहा) क्षेत्रफल भएका जग्गाहरु तथा उक्त जग्गाहरुले चर्चेको सम्पूर्ण लिगलिगापात समेत।<br>२. भेन्चर वेस्ट टु इनर्जी प्रा.लि. को नाममा सुनसरी जिल्ला मालपोत कार्यालय धरान, सुनसरीमा दर्ता कायम रहेको सुनसरी जिल्ला, बाझगरा गा.वि.स./न.पा. वडा नं. ३ (ग) स्थित कि.नं. १४०८ (१-०-१३-० विगाहा) क्षेत्रफल भएको जग्गा तथा उक्त घर/जग्गाले चर्चेको सम्पूर्ण लिगलिगापात समेत।<br>३. ऋणीले बैंकको नाममा हाइपोथिकेशन पारित गरिदिएको ऋणीको मालसामान, स्टक मौज्दात (कच्चा पदार्थ, मल, मिथेन ग्यास) तथा विविध फोहोरबाट उर्जा उत्पादन/प्रशोधन गर्ने मेसिन/उपकरणहरु ।<br>**नोट :** बोलपत्र खोलिने स्थान : शाखा कार्यालय धरान, सुनसरी/सम्बन्धित मालपोत नजिकको शाखा |

**धितो लेखिदिने तथा व्यक्तिगत जमानी दिनेलाई सूचना :**
उपरोक्त व्यहोरा अवगतार्थ अनुरोध गर्दै प्रकाशित सूचनाको म्यादभित्र शिघ्र कर्जा भुक्तानी गरी/गराई आफ्नो सम्पत्तिको उचित संरक्षण गर्नुहुन समेत यसै सूचनाबाट अनुरोध गरिएको छ। तोकिएको दिन धितो लिलाम बिक्रीको कार्य हुने भएकोले लिलाम हुँदाका दिन लिलामबाट कायम हुने धितो मूल्य घटी वा बढी हुने प्रक्रियामा समेत धितो धनीहरुलाई उपस्थित हुन सूचित गरिएको छ। धितो लेखिदिएको सम्पत्ति लिलाम बिक्री गरि वा बैंक आफैले सकार गर्दा समेत साविकमा बैंकबाट भएको मूल्याङ्कन भन्दा कम मूल्यमा लिलाम बिक्री भएमा वा बैंक आफैले सकार गरिलिएमा पछि मेरो/हाम्रो सम्पत्तिको उचित मूल्य प्राप्त नभई कम मूल्यमा लिलाम बिक्री भयो वा बैंक आफैले सकार गरिलियो भनी कहि कतै उजुर बाजुर गर्न पाउनुहुनेछैन। साथै धितो लिलाम बिक्री सम्बन्धि अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख भए बमोजिम हुनेछन्।

**नोट :**
क) बोलपत्र फारम यस बैंकको कर्जा असुली विभाग राइजिङ्ग मल कमलादी काठमाडौं वा बैंकको सम्बन्धित शाखाबाट दस्तुर रु. १०००/- तिरी लिन सकिनेछ।
ख) बोलपत्रदाताको बोलपत्र स्वीकृत भएमा सो को जानकारी सम्बन्धित बोलपत्रदातालाई बोलपत्रमा उल्लेखित ठेगानामा लिखित रुपमा पठाईनेछ। सो सूचना प्राप्त भए पश्चात स्वीकृत बोलपत्रदाताले बैंकले तोकेको दिन भित्र कवोल गरेको सम्पूर्ण रकम (धरौटी वापत जम्मा गरेको रकम घटाई बाँकी) तोकिएको खातामा जम्मा गर्नुपर्नेछ। साथै उक्त समय भित्र कवुल गरेको रकममध्ये धरौटी राखेको रकम घटाई बाँकी रकम दाखिला नगरेमा/गर्न नसकेमा धरौटी वापत राखिएको रकम बैंकले जफत गर्न सक्नेछ।
ग) उल्लेखित सम्पत्तिहरुमध्ये अचल सम्पत्तिको हकमा सम्बन्धित निकायमा हालसम्मको तिर्न बाँकी अचल सम्पत्ति (घर-जग्गा) कर, राजस्व, मालपोत, अचल सम्पत्ति नामसारी वापत तिर्नुपर्ने रजिष्ट्रेशन दस्तुर तथा पूँजीगत लाभकर लगायतका सम्पूर्ण राजस्व, कर एवं खर्च तथा सवारी साधनको हकमा सम्बन्धित निकायमा हालसम्म तिर्न बाँकी सवारी साधन कर, प्रदुषण कर, राजस्व, सवारी साधन नामसारी वापत तिर्नु पर्ने नामसारी दस्तुर लगायतका सम्पूर्ण राजस्व एवं सरकारी कार्यालयमा लाग्ने सम्पूर्ण खर्च/दस्तुर बोलपत्रदाता स्वयंले व्यहोर्नु पर्नेछ ।
घ) कुनै अड्डा, अदालत वा संवैधानिक निकायबाट लिलाम सम्बन्धी कार्य रोक्का वा वदर गर्ने आदेश भएमा लिलाम रोक्का वा वदर हुनेछ। त्यस्तो अवस्थामा बोलपत्रदाताले धरौटी वापत जम्मा गरेको रकम फिर्ता दिईनेछ, तर सो मा कुनै व्याज प्रदान गरिने छैन।
ङ) बोलपत्र फाराममा उल्लेखित शर्तहरु समेत लिलामी कार्यको लागि निः शर्त लागु हुनेछ।

---

**PRiME COMMERCIAL BANK LTD.**
प्राइम कमर्सियल बैंक लिमिटेड

केन्द्रीय कार्यालय : कमलपोखरी, काठमाण्डौ
फोन नं.: ०१- ४५२३४३२/३२/३४/३६

शाखा कार्यालय: नेपालगञ्ज, बाँके
फोन नं. ०८१-५३३१९३/२७६/०२४

को

## शाखा कार्यालय नेपालगंज, बाँकेको तपसिलमा उल्लेखित ऋणीहरुको धितोमा रहेको सम्पतिको लिलाम बिक्री हुने सम्बन्धी १५ (पन्ध्र) दिने अत्यन्त जरुरी सूचना

(प्रकाशित मिति २०८३/०४/२२ गते)

तपसिलमा उल्लेखित ऋणीहरुले यस बैंकको शाखा कार्यालय नेपालगंज, बाँकेबाट लिनु भएको ऋण कर्जाको बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, साँवाको किस्ता, ब्याज र हर्जाना ब्याज रकम नतिरी नबुझाई बैंकसँग गरेको कर्जा सम्बन्धी शर्त कबुलियत उल्लंघन गर्नु भएको, बैंकले तपसिलका ऋणीहरु र व्यक्तिगत जमानतकर्ताहरु समेतलाई पटक-पटक मौखिक एवम् लिखित सूचनाहरु पठाई तरताकेता गर्दा समेत कर्जाको साँवा तथा सोमा लागेको ब्याज, किस्ता र हर्जाना ब्याज रकम बुझाउने तर्फ कुनै पहल नगरी बेवास्ता गरी बसेको र यस अघि सम्पूर्ण कर्जा चुक्ता गर्न यस बैंकबाट ३५ दिने सार्वजनिक सूचना विभिन्न मितिमा राष्ट्रिय दैनिक पत्रिकाहरुमा प्रकाशित गरि तरताकेता गर्दा समेत कर्जा नतिरी नबुझाई बेवास्ता गरी बसेको हुनाले कर्जा असुलीका लागि तपसिलमा उल्लेखित धितो जहाँ जे, जस्तो अवस्थामा छ सोही अवस्थामा गोप्य शिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरी बैंकको सम्पूर्ण लेना रकम असूल उपर गरि लिने भएकाले धितोमा रहेको सम्पतिको लिलाम बिक्री हुने सम्बन्धी यो १५ (पन्ध्र) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ। साथै, धितो सुरक्षणमा रहेको सम्पतिहरुको लिलाम बिक्री हुन नसकी बैंकले धितो सकार गर्नु परेमा वा लिलाम बिक्रीबाट बैंकको सम्पूर्ण बक्यौता असुल उपर नभएमा असुल उपर हुन नसकेको रकमको हदसम्म कानून बमोजिम ऋणीहरु र व्यक्तिगत जमानतकर्ताहरुको घरघरानाबाट असुल उपर गर्न असुली प्रकृया अगाडि बढाईने तथा सम्बन्धीत सबैलाई कर्जा सूचना केन्द्रको कालो सूचीमा नाम समावेश गर्न पठाईने ब्यहोरासमेत यसै सूचनाद्वारा सूचित गरिन्छ।

तपसिल

**१. ऋणीको विवरण**

नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, कम्पनि रजिष्ट्रारको कार्यालयमा कम्पनि ऐन, २०६३ बमोजिम मिति २०७६/०८/२० मा दर्ता नं. २२९८१७/०७६/०७७ कायम भई दर्ता भएको बर्दिया जिल्ला, गुलरिया न.पा. वडा नं. ९ स्थित गणेश बाबा कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि.

**व्यक्तिगत जमानतकर्ताहरुको विवरण**

१. यज्ञ प्रसाद पराजुलीको नाति, राम प्रसाद पराजुलीको छोरा, बर्दिया जिल्ला, गुलरिया गा.वि.स./उ.म.न.पा. वडा नं. ९ स्थित स्थायी ठेगाना भएको रबि पराजुली (ना.प्र.प.नं. ६५१००१/१५८७, बर्दिया)
२. यज्ञ प्रसाद पराजुलीको बुहारी, राम प्रसाद पराजुलीको पत्नी, बर्दिया जिल्ला, गुलरिया गा.वि.स./न.पा. वडा नं. २ स्थित स्थायी ठेगाना भएको श्रीमती रमा पराजुली (ना.प्र.प.नं. २/६२९, बर्दिया)
३. राम प्रसाद पराजुलीको बुहारी, रबि पराजुलीको पत्नी, बर्दिया जिल्ला, गुलरिया न.पा. वडा नं. ७ स्थित स्थायी ठेगाना भएको नन्नकला थापा (ना.प्र.प.नं. ६५-०१-८१-०६०७१, बर्दिया)
४. यज्ञ प्रसाद पराजुलीको नाति, राम प्रसाद पराजुलीको छोरा, बर्दिया जिल्ला, गुलरिया गा.वि.स./उ.म.न.पा. वडा नं. ९ स्थित स्थायी ठेगाना भएको रोशन पराजुली (ना.प्र.प.नं. ६५१००१/३८९०, बर्दिया)

**धितोमा रहेको सम्पतिको विवरण**

१. रवि पराजुलीको नाममा मालपोत कार्यालय गुलरिया, बर्दियाको लगतमा दर्ता श्रेस्ता कायम रहेको बर्दिया जिल्ला, गुलरिया गा.वि.स./न.पा. वडा नं २ स्थित कित्ता नं. २०५० को क्षेत्रफल ७६१.९१ (व.मी.) को घर/जग्गा तथा सो घर/जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत।
२. श्रीमती रमा पराजुलीको नाममा मालपोत कार्यालय गुलरिया, बर्दियाको लगतमा दर्ता श्रेस्ता कायम रहेको बर्दिया जिल्ला, गुलरिया गा.वि.स./न.पा. वडा नं २ स्थित कित्ता नं. २०५१ को क्षेत्रफल ५७५.६५ (व.मी.) को घर/जग्गा तथा सो घर/जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत।
३. गणेश बाबा कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि. को नाममा भूमिसुधार तथा मालपोत कार्यालय नेपालगंज, बाँकेको लगतमा दर्ता श्रेस्ता कायम रहेको बाँके जिल्ला, नेपालगञ्ज न.पा. वडा नं ७ स्थित कित्ता नं. २८१, २८५, १५१, २८०, २८२, २८४, २८६, १५२, ६६, ११०, १०, ६७ र ६५ को क्रमश: क्षेत्रफल २२०.९४, १८१.१९, १६८.०५, २२६.८१, ३७८.९०, २८८.७२, २४३.५८, १२५.९०, २२१.५०, १२.१४, ५३.२०, २१२.४३ र २१८.७१ (व.मी.) को घर/जग्गा तथा सो घर/जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत।
४. यस बैंकको हितमा गरिएको मौज्दात (Stock) को हाइपोथिकेशन तथा चल/अचल सम्पति र अमुर्त सम्पति माथीको हक समेत।

**२. ऋणीको विवरण**

नेपाल सरकार, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य आपुर्ति तथा उपभोक्ता संरक्षण कार्यालय, नेपालगञ्ज, बाँकेमा प्राईभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ बमोजिम मिति २०७६/१०/१३ मा दर्ता नं. ३१८४३/०७६/०७७ कायम भई दर्ता भएको बाँके जिल्ला, नेपालगञ्ज उ.म.न.पा. वडा नं. ११ स्थित रमजान फ्रुट सप्लायर्स
प्रोप्राईटर : रमजान अली कवडीया

**व्यक्तिगत जमानतकर्ताहरुको विवरण**

१. मुस्तकीन कवडीयाको नाति, रमजान अली कवडियाको छोरा, बाँके जिल्ला, नेपालगञ्ज गा.वि.स./उ.म.न.पा. वडा नं. १४ स्थित स्थायी ठेगाना भएको इमरान अहमद राई (कवडिया) (ना.प्र.प.नं.: ६६१०१९/४२३५, बाँके)
२. मुस्तकीन कवडीयाको बुहारी, रमजान अली कवडीयाको पत्नी, बाँके जिल्ला, नेपालगञ्ज न.पा. वडा नं. १४, स्थित स्थायी ठेगाना भएको रहिदा बानो (ना.प्र.प.नं.: २४६, बाँके)
३. मुस्तकीन कवडीयाको नाति, रमजान अली कवडियाको छोरा, बाँके जिल्ला, नेपालगञ्ज न.पा. वडा नं. १४, स्थित स्थायी ठेगाना भएको सलमान कवडिया (ना.प्र.प.नं.:६६-०१-७१-०७७७४, बाँके)
४. मुस्तकीन कवडियाको नाति, रमजान अली कवडियाको छोरा, बाँके जिल्ला, नेपालगञ्ज न.पा. वडा नं. १४, स्थित स्थायी ठेगाना भएको शाबान अली कवडिया (ना.प्र.प.नं.: ६६-०१-७२-०४९७३, बाँके)
५. अलिबकस कबडीयाको नाति, मुस्तकीन कवडीयाको छोरा, बाँके जिल्ला, नेपालगञ्ज न.पा. वडा नं. १४, स्थित स्थायी ठेगाना भएको रमजान अली कवडीया (ना.प्र.प.नं.: ०३८, बाँके)

**धितोमा रहेको सम्पतिको विवरण**

१. रमजान अलि कबडीयाको नाममा मालपोत कार्यालय नेपालगंज, बाँकेको लगतमा दर्ता श्रेस्ता कायम रहेको बाँके जिल्ला, नेपालगंज न.पा. वडा नं. १४ स्थित कित्ता नं. ५० को क्षेत्रफल ७०.१० (व.मी.) को घर/जग्गा तथा सो घर/जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत।
२. यस बैंकको हितमा गरिएको मौज्दात (Stock) को हाइपोथिकेशन तथा चल/अचल सम्पति र अमुर्त सम्पति माथीको हक समेत।

**धितो लिलामी बिक्रीका शर्तहरू :**

१. बोलपत्र आवेदन फारम २०८३/०४/२२ गते शुक्रबारदेखि यस बैंकको केन्द्रीय कार्यालय कमलपोखरी, काठमाण्डौ स्थित कर्जा असुली विभाग तथा शाखा कार्यालय नेपालगंज, बाँकेबाट प्राप्त गर्न सकिनेछ।
२. छुट्टाछुट्टै धितोको लागि छुट्टाछुट्टै आवेदन पनि दिन सकिनेछ।
३. बोलपत्रदाताले बोलपत्र आवेदनपत्रसाथ धरौटी स्वरुप आफूले खरिद गर्न चाहेको सम्पूर्ण रकमको कम्तीमा १० (दश) प्रतिशतले हुने रकम यस बैंकको Inter Department A/C LRD (००१-९९३१०२००००) मा नगद दाखिला गरेको सक्कल भौचर वा यस बैंकको नाममा खिचिएको बैंक, वित्तीय संस्थाको A/C Payee Cheque संलग्न गर्नुपर्नेछ।
४. बोलपत्रदाता नेपाली नागरिक वा नेपालमा दर्ता भएको संगठित संस्था, फर्म कम्पनी हुनुपर्नेछ। साथै बोलपत्रदाता प्राकृतिक व्यक्ति भएमा पासपोर्ट साईजको फोटो, नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, संगठित संस्था/कम्पनी/फर्म भएमा अख्तियारनामा, सञ्चालक समितिको निर्णय, दर्ता प्रमाणपत्रको प्रतिलिपि, स्थायी लेखा नम्बर (PAN) प्रमाणपत्रको प्रतिलिपि आवेदनसाथ पेश गर्नु पर्नेछ।
५. शिलबन्दी बोलपत्र मिति २०८३/०५/०५ गते शुक्रबार कार्यालय समय भित्र यस बैंकको सम्बन्धित शाखा कार्यालयमा दर्ता भईसक्नु पर्नेछ। म्याद नाघि आएका वा रीत नपुगेका वा शर्त राखि दिएका आवेदनहरू उपर कारवाही गरिने छैन।
६. शिलबन्दी बोलपत्र मिति २०८३/०५/०६ गते शनिबार र मिति २०८३/०५/०७ गते आइतबार सार्वजनिक बिदा परेकोले मिति २०८३/०५/०८ गते सोमबार दिउँसो ४:०० बजे यस बैंकको सम्बन्धित शाखा कार्यालयमा बोलपत्रदाता वा निजले लिखितरुपमा नियुक्त गरेको प्रतिनिधिहरू तथा अन्य पदाधिकारीहरूको रोहवरमा खोलिनेछ। बोलपत्रदाता वा निजको प्रतिनिधिहरूको अनुपस्थितिले बोलपत्र खोल्न बाधा पर्ने छैन। साथै बोलपत्र खोलिने दिन आकस्मिक सार्वजनिक बिदा परेमा बिदापछि लगतै कार्यालय खुलेको दिनमा बोलपत्र खोलिनेछ।
७. बोलपत्र प्रस्ताव स्वीकृत भएमा बाँकी रकम प्रस्ताव स्वीकृत भएको जानकारी दिएको मितिले ७ (सात) दिन भित्र यस बैंकमा नगद दाखिला गरी धितोमा रहेको सम्पत्ति आफ्नो नाममा नामसारी दाखिल खारेज गराई लिनु पर्नेछ। सम्पत्ति नामसारी गर्न लाग्ने सम्पूर्ण शुल्क एवं नामसारी दाखिल खारेज गर्न लाग्ने सम्पूर्ण राजश्व तथा अन्य खर्च सकार गरिलिने स्वयंले ब्यहोर्नु पर्नेछ।
८. तोकिएको समय भित्र बाँकी रकम दाखिला नभए वा गर्न नसकेमा धरौटी रकम स्वत: जफत हुनेछ। बोलपत्र स्वीकृत नभएमा प्रस्तावकहरूलाई बोलपत्र सम्बन्धी निर्णय भए पश्चात मात्र यस बैंकको सम्बन्धित शाखा कार्यालयबाट भुक्तानी गरिनेछ। साथै सो रकममा कुनै ब्याज प्रदान गरिने छैन।
९. धितो सम्पत्ति बिक्री गर्ने वा नगर्ने वा बोलपत्रको अंकमा सम्पत्ति बिक्री गर्ने वा नगर्ने वा छुट्टाछुट्टै बिक्री गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार यस बैंकमा निहित रहनेछ। बोलपत्र फारममा उल्लेखित अन्य शर्तहरू लागू हुनेछन्।
१०. यस सम्बन्धमा अन्य केही कुरा बुझ्नु पर्ने भएमा यस बैंकको केन्द्रीय कार्यालय कमलपोखरी, काठमाण्डौ स्थित कर्जा असुली विभाग तथा शाखा कार्यालय नेपालगंज, बाँके मा सम्पर्क राखी बुझ्न सकिनेछ।

# विश्वकपले बदलेको भविष्य

लन्डन, साउन २१ (एजेन्सी)- विश्व खेलकुदमा फिफा विश्वकप फुटबलको सबैभन्दा ठूलो मञ्च हो। किनकि यहाँ गोल, रोमाञ्च, नाटकीय क्षण र अविस्मरणीय कथा जन्मिन्छन्। साथै विश्वभरका खेलप्रेमीको नजरमा पनि विश्वकप फुटबल पर्ने गर्छ। तर विश्वकप केवल उपाधिका लागि मात्र होइन, खेलाडीको करिअर बदल्ने सबैभन्दा ठूलो अवसर पनि बन्न सक्छ।

**हालै केप भर्डेका अनुभवी गोलरक्षक भोजिन्हाले विश्वकपमा उत्कृष्ट प्रदर्शन गरेपछि चिलीको प्रतिष्ठित क्लब कोलो-कोलोमा स्थान बनाए। यो स्थानान्तरणले फेरि एकपटक विश्वकपले खेलाडीको भविष्य नै परिवर्तन गर्न सक्ने शक्ति राख्छ भन्ने प्रमाणित गरेको छ।**

हालै केप भर्डेका अनुभवी गोलरक्षक भोजिन्हाले विश्वकपमा उत्कृष्ट प्रदर्शन गरेपछि चिलीको प्रतिष्ठित क्लब कोलो-कोलोमा स्थान बनाए। यो स्थानान्तरणले फेरि एकपटक विश्वकपले खेलाडीको भविष्य नै परिवर्तन गर्न सक्ने शक्ति राख्छ भन्ने प्रमाणित गरेको छ।

४० वर्षको उमेरमा पोर्चुगलको दोस्रो डिभिजनबाट चिलीको सबैभन्दा सफल क्लबसम्मको भोजिन्हाको यात्रा असाधारण छ। तर विश्वकपको प्रदर्शनका आधारमा ठूलो क्लबमा पुगेका उनी पहिलो खेलाडी भने होइनन्। विगतमा पनि धेरै खेलाडीले विश्वकपमा चम्किएपछि आफ्नो करिअरलाई नयाँ उचाइ दिएका छन्।

क्यामरुनका मिडफिल्डर मार्क भिभियन फो १९९४ को विश्वकपअघि खासै परिचित नाम थिएनन्। अमेरिकामा भएको त्यो विश्वकपमा क्यामरुनले १९९० जस्तो ऐतिहासिक सफलता दोहोऱ्याउन नसके पनि फो टोलीका उत्कृष्ट खेलाडीमध्ये एक बने। विशेष गरी ब्राजिलविरुद्धको उनको प्रभावशाली प्रदर्शनले युरोपेली क्लबहरूको ध्यान तान्यो। त्यसपछि उनी क्यामरुनको क्यानोन याउन्डेबाट फ्रान्सेली क्लब लेन्समा निःशुल्क अनुबन्धित भए।

लेन्समा चार वर्ष बिताएका फोले १९९७-९८ सिजनमा क्लबलाई इतिहासकै पहिलो लिग उपाधि दिलाउन महत्त्वपूर्ण भूमिका खेले। त्यसपछि उनले इङ्ल्यान्डका वेस्ट ह्याम युनाइटेड र म्यानचेस्टर सिटी तथा फ्रान्सेली क्लब लियोनबाट पनि खेले। लियोनबाट उनले फ्रेन्च लिग कप र क्लबको पहिलो लिग-१ उपाधि जिते।

तर सन् २००३ मा कोलम्बियाविरुद्धको कन्फेडेरेसन कप सेमिफाइनलका क्रममा मैदानमै ढलेपछि उनको दुःखद निधन भयो।

सन् २००२ मा दक्षिण कोरिया र जापानमा भएको विश्वकप ब्राजिलका गिल्बर्टो सिल्भाको पहिलो विश्वकप थियो। त्यति बेला २५ वर्षीय सिल्भा एट्लेटिको मिनेइरोबाट ब्राजिलको शीर्ष डिभिजन खेलिरहेका थिए।

ब्राजिलका कप्तान इमर्सन चोटका कारण प्रतियोगिताबाट बाहिरिएपछि मात्र सिल्भाले पहिलो रोजाइमा अवसर पाए। उनले त्यस अवसरलाई पूर्ण रूपमा सदुपयोग गर्दै लुइज फेलिप स्कोलारीको टोलीका लागि प्रतियोगिताका सबै खेलको प्रत्येक मिनेट खेले र विश्वकप विजेता बने।

त्यसपछि उनको उत्कृष्ट प्रदर्शनले प्रिमियर लिग च्याम्पियन आर्सनलको ध्यान तान्यो। करिब ४.५ मिलियन पाउन्डमा उनी आर्सनल पुगे।

'द इन्भिजिबल वाल' उपनामले परिचित रक्षात्मक मिडफिल्डर सिल्भाले उत्तर लन्डनमा छ वर्ष बिताए। त्यस क्रममा उनले दुई एफए कप जिते र २००३-०४ सिजनमा कुनै खेल नहारी प्रिमियर लिग जित्ने आर्सनलको ऐतिहासिक 'इनभिन्सिबल्स' टोलीका प्रमुख सदस्य बने।

सन् २००६ को विश्वकपमा अर्जेन्टिनाका २२ वर्षीय हाभियर मास्चेरानोले पनि आफूलाई विश्व फुटबलमा स्थापित गरे। उनले अर्जेन्टिनालाई क्वार्टरफाइनलसम्म पुऱ्याउन महत्त्वपूर्ण भूमिका खेले।



भोजिन्हा



जेम्स रोड्रिगेज

ब्राजिलको कोरिन्थियन्सबाट खेलिरहेका मास्चेरानो विश्वकपपछि पनि क्लबमै रहेर रेलिगेसनको लडाइँमा सहयोग गर्न चाहन्थे। तर अन्ततः उनी राष्ट्रिय टोलीका सहकर्मी कार्लोस टेभेजसँगै वेस्ट ह्याम युनाइटेड पुगे।

वेस्ट ह्याममा छोटो समय बिताएपछि उनी २००७ मा लिभरपुलमा आबद्ध भए। त्यहाँ उनले २००७ को च्याम्पियन्स लिगको फाइनल खेले।

पछि २०१० मा बार्सिलोनामा पुगेका मास्चेरानोले दुई पटक च्याम्पियन्स लिग र पाँच पटक ला लिगाको उपाधि जित्दै विश्वकै सफल डिफेन्सिभ मिडफिल्डरमध्ये एकको रूपमा आफूलाई स्थापित गरे।

सन् २०१० को विश्वकपमा जर्मनीका केवल २१ वर्षीय मेसुट ओजिल विश्व फुटबलका सबैभन्दा रोमाञ्चक युवा प्रतिभामध्ये एकका रूपमा उदाए। उनले जर्मनीलाई तेस्रो स्थान दिलाउन चार गोल र चार असिस्ट गर्दै सात खेलमा उत्कृष्ट प्रदर्शन गरे।

विश्वकपपछि युरोपका ठूला क्लबहरू उनको पछि लागे। अन्ततः अगस्ट २०१० मा उनले करिब १५ मिलियन युरोमा वेर्डर ब्रेमेन छाडेर रियाल मड्रिडको यात्रा तय गरे। मड्रिडमा उनले ला लिगा, कोपा डेल रे र स्पेनिस सुपर कप जिते। त्यसपछि २०१३ मा ४२.४ मिलियन पाउन्डमा आर्सनल पुगेका उनी त्यति बेला क्लब इतिहासकै सबैभन्दा महँगा खेलाडी बने।

सन् २०१४ को विश्वकपमा कोलम्बियाका जेम्स रोड्रिगेज विश्व फुटबलका सबैभन्दा चर्चित खेलाडीमध्ये एक बने। उनले प्रतियोगितामा छ गोल गर्दै गोल्डेन बुट जिते र कोलम्बियालाई क्वार्टरफाइनलसम्म पुऱ्याए।

उरुग्वेविरुद्ध गरेको उनको अद्भुत भली गोल विश्वकपकै उत्कृष्ट गोलका रूपमा फिफाको वेबसाइटमा ४० लाखभन्दा बढी मत पाएर चयन भयो। सोही गोलका लागि उनले वर्षको उत्कृष्ट गोल दिइने फिफा पुस्कास अवार्ड पनि जिते।

विश्वकपपछि रियाल मड्रिडले करिब ७५ मिलियन युरोमा मोनाकोबाट उनलाई अनुबन्धित गऱ्यो। त्यसपछि उनले रियालबाट दुई च्याम्पियन्स लिगसहित थुप्रै उपाधि जिते।

अन्त्यमा फेरि भोजिन्हाकै चर्चा।

स्पेनसँग समूह चरणमा बराबरी खेल्दै केप भर्डेलाई इतिहासकै पहिलो विश्वकप अंक दिलाएपछि उनी समर्थकमाझ 'कल्ट हिरो' बने। विश्वकपका क्रममा उनको इन्स्टाग्राम फलोअर संख्या ५० हजारबाट झन्डै तीन करोड पुगेको छ।

केप भर्डेलाई नकआउट चरणसम्म पुऱ्याउन उनले निर्णायक भूमिका खेले। अन्ततः उपविजेता अर्जेन्टिनालाई पनि अन्तिम ३२ मा अतिरिक्त समयसम्म संघर्ष गर्न बाध्य बनाए।

उत्कृष्ट प्रदर्शनकै कारण उनी फिफाको 'टोली अफ द टुर्नामेन्ट' मा परे। यति मात्र होइन, वैज्ञानिकहरूले हालै पत्ता लगाएको समुद्री स्लगको नयाँ प्रजातिलाई समेत उनको नाम दिइएको छ।

भोजिन्हाले आफ्नो करिअरमा स्लोभाकिया, अंगोला, मोल्डोभा, साइप्रस र पोर्चुगलको दोस्रो डिभिजन क्लब चाभेसबाट खेले। तर उनी सधैं आफूलाई 'ठूलो क्लबका लागि बनेको खेलाडी' मान्थे। अब चिलीको शीर्ष डिभिजनमा सर्वाधिक ३४ लिग उपाधि र १४ कोपा चिले जितेको कोलो कोलोमा पुगेपछि उनले यसलाई आफ्नो करिअरकै सबैभन्दा ठूलो उपलब्धि अर्थात् 'हाइलाइट' बताएका छन्।

## अन्तरविद्यालय फुटसल सुरु

काठमाडौं साउन २१ (नागरिक)- काष्ठमण्डप विद्यालयको आयोजनामा दोस्रो क्युकेएस अन्तरविद्यालय फुटसल प्रतियोगिता बिहीबारदेखि सुरु भएको छ।

मण्डिखाटारस्थित आयोजक काष्ठमण्डपमा भइरहेको प्रतियोगिताको काष्ठमण्डपकी निर्देशक एवं प्रिन्सिपल डा. शिवा थापा र क्युकेएसका अध्यक्षसमेत रहेका कान्जिरोवाका प्रिन्सिपल रञ्जित थापाले संयुक्त रूपमा उद्घाटन गरे। पहिलो दिन समूह चरणका १० खेल सम्पन्न भए। सिनियर ब्वाइजमा भक्तपुर निस्टले रोजबर्डलाई २-० तथा काष्ठमण्डप 'ए' ले रोजबर्डलाई २-१ गोलले पराजित गरे। सोही स्पर्धामा काष्ठमण्डप 'ए' र भक्तपुर निस्टले गोलरहित बराबरी खेले। जुनियर ब्वाइजमा काष्ठमण्डप 'ए' ले त्रियोगलाई २-१ र भक्तपुर निस्टलाई ६-० तथा त्रियोगले भक्तपुर निस्टलाई १-० गोलले हराए।

रोजबर्ड र अक्षराबिचको खेल १-१ को बराबरीमा टुंगियो। क्वालिटी काठमाडौं स्कुल (क्युकेएस) को कार्यक्रमअनुसार सञ्चालित प्रतियोगिताको सिनियर गर्ल्समा त्रियोगले भक्तपुर निस्टलाई ४-० तथा काष्ठमण्डप 'ए' ले भक्तपुर निस्टलाई २-० गोलले पाखा लगाए। काष्ठमण्डप 'ए' र त्रियोगबिचको खेल गोलरहित बराबरीमा सकियो।

## संस्कृति, ह्वाइट हेभेन इडिफाईलाई उपाधि

काठमाडौं साउन २१ (नागरिक)- आयोजक संस्कृति शिक्षा सदन, ह्वाइट हेभेन एकेडेमी र इडिफाइ इन्टरनेसनल एकेडेमीले १०औं टोप्स अन्तरविद्यालय फुटसल प्रतियोगिताको उपाधि बिहीबार जितेका छन्।

संस्कृति सिनियर गर्ल्स, ह्वाइट हेभेन सिनियर ब्वाइज र इडिफाइ जुनियर ब्वाइजमा च्याम्पियन बने। सिनियर गर्ल्सको उपाधि भिडन्तमा संस्कृतिले तेजस्वी एकेडेमीलाई १-० गोलले पराजित गऱ्यो। संस्कृतिकी सुहाना खड्काले निर्णायक गोल गरिन्। ल्यान्डमार्क एकेडेमी तेस्रो भयो। सिनियर ब्वाइजको फाइनलमा ह्वाइट हेभेनले निम्बल एकेडेमीलाई २-१ गोलले हरायो। विजयी टिमका लागि विवेश बर्देवाले दुवै गोल गरे। श्वेता सदन स्कुल तेस्रो बन्यो। टिम अफ प्रोग्रेसिभ स्कुल (टोप्स) को वार्षिक कार्यक्रमअनुसार तारकेर्ण्श्वर नगरपालिकाको लोलाङस्थित आयोजक संस्कृतिमै भएको प्रतियोगिताको जुनियर ब्वाइजको फाइननलमा इडिफाइले ह्वाइट हेभेनलाई टाइब्रेकरमा २-१ ले पाखा लगायो। निर्धारित समयको खेल गोलरहित बराबरीमा सकिएको थियो। ल्यान्डमार्कले तेस्रो स्थानमा चित्त बुझायो।







नेपाल रिपब्लिक मिडियाद्वारा प्रकाशित तथा मुद्रित, जेडिए कम्प्लेक्स, बागदरबार, काठमाडौं, रजिस्टर्ड नं. १६३/०५४/०५५, फोन : ५३६५१००, फ्याक्स : ५३५२२६२, इमेल : nagarik@nagariknews.com, सम्पादक : बालकृष्ण अधिकारी